# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५

# Disaster Preparedness and Response Plan 2018/2019

## दाङ




जिल्ला बिपद् ब्यवस्थापन समिति, दाङ

**District Disaster Management Committee (DDMC), Dang**

## नयाँ बिपद् ब्यवस्थापन तथा बिपद जोखिम न्यूनीकरण ऐन २०७४ अनुसार

## संरचनागत ब्यवस्था :




## जिल्ला बिपद ब्यवस्थापन समितिको गठन प्रकृया :

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| जिल्ला समन्वय समितिको प्रतिनिधि | सदस्य |
| जिल्ला भित्रका स्थानिय तहका अध्यक्ष तथा प्रमुख | सदस्य |
| स्वास्थ्य सम्वन्धि बिषय हेर्ने जिल्ला स्थित कार्यालयको प्रमुख | सदस्य |
| जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु | सदस्य |
| जिल्ला स्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्वन्धित कार्यालयका प्रमुखहरु | सदस्य |
| राष्ट्रिय मान्यता प्राप्त दलका जिल्ला स्थित प्रमुख वा प्रतिनिधिकरु | सदस्य |
| नेपाल रेडक्रस सोसाइटीको जिल्ला स्थित प्रमुख | सदस्य |
| गैरसरकारी संस्था महासंघको जिल्ला स्थित प्रमुख | सदस्य |
| नेपाल पत्रकार महासंघको जिल्ला स्थित प्रमुख | सदस्य |
| उधोग बाणिज्य महासंघको जिल्ला स्थित प्रमुख | सदस्य |
| प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | सदस्य सचिव |

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५, दाङ

# Disaster Preparedness and Response Plan 2018/2019, Dang


दस्तावेज : जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८, दाङ

चौथो अध्यावधिक कार्य २०७५ बैशाख (२०७५/७६ को लागि)

प्रकाशक : जिल्ला बिपद् ब्यवस्थापन समिति, दाङ

प्रकाशन मिति : २०७५ बैशाख

व्यवस्थापन : जिल्ला बिपद् ब्यवस्थापन समिति, दाङ


## विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ को पुन:अद्यावधिक गर्न बनेको कार्यदल

संयोजक : अम्मरराज शर्मा, प्रशासकीय अधिकृत जिल्ला प्रशासन कार्यालय, दाङ

सदस्य : खिलानाथ दाहाल, नेरेसो सूचना ब्यवस्थापन अधिकृत,

कार्यरत जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, दाङ

सदस्य : थम्मन चौधरी, नेरेसो बिपद ब्यवस्थापन समिति सदस्य, जगत तामाङ, कार्यक्रम अधिकृत, नेरेसो दाङ

प्राविधिक सहयोग : जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्, दाङ ।


आर्थिक सहयोग : नेपाल रेडक्रस सोसाइटी समुदायमा उत्थानशीलतामा अभिबृद्धि कार्यक्रम **(ENCORE)**, बिपद् पूर्वतयारी, बिपद् जोखिम न्यूनीकरण कार्यक्रम **(DP DRR)**, दाङ

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
घोराही, दाङ

कार्यालय : ०८२-५६०१३३
☎: ०८२-५६००२८
फ्याक्स : ०८२-५६०४६६
आवास : ०८२-५६००२१


प.सं.: २०७४/७५ मिति: २०७५/०२/२१
च.नं.

## प्रमुख जिल्ला अधिकारी ज्यूको मन्तव्य

नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शितलहर, चट्याङ जस्ता विपद्‌बाट प्रत्येक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । अझ खास गरी यस प्रकारको विपद्‌हरुले संकटासन्न अवस्थामा रहेका महिला तथा बालबालिकाहरु, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिकहरुलाई बढि मात्रामा असर पुगेको देखिन्छ । मानविय क्रियाकलाप तथा अन्य कारणहरु एवं जलवायु परिवर्तनको प्रभावले विपद्‌का झनै खतरनाक र ठूला लक्षणहरु देखा पर्न सक्ने र जसको समयमा नै सावधानी तथा पूर्व तयारी गर्न सकिएन भने हामी माझ अत्यन्त ठूला विपद्‌हरु आउन सक्ने संभावना रहेको छ ।

यसै क्रममा नेपाल सरकारले **बिपद जोखिम न्यूनीकरण तथा बिपद् व्यवस्थापन ऐन २०७४** अनुसार प्रत्येक जिल्लामा जिल्ला बिपद् व्यवस्थापन समितीको गठन गरि बिपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अध्याबधिक गर्ने कार्यको थालनी गरेको छ । नेपाल सरकार गृह मन्त्रालयले विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (Guidance Note-2011) तथा जिल्ला बिपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९ को अवधारणागत ढाँचा तयार गरेको छ । त्यसै मार्गदर्शनमा आधारित रहेर दाङ जिल्लामा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ निर्माण गरिएको थियो । समयक्रमसंगै सो योजनालाई अध्यावधिक गर्नुपर्ने आवश्यकता महसुस गरी जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ को अध्याबधिक २०७४ लाई परिमार्जन तथा अध्याबधिक गरी २०७५ को रुप दिईएको छ । यस कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति दाङले अगुवा निकायको भुमिका निर्वाह गर्ने अवसर पाएकोमा अत्यन्त खुसि लागेको छ । साथै दाङ जिल्लाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण प्रकृयामा महत्वपुर्ण सहयोगी भुमिका निर्वाह गर्ने नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखा, कार्यदलको संयोजकमा रहेर कार्य गर्नुहुने जिल्ला प्रशासन कार्यालय दाङका प्रशासकिय अधिकृत तथा जिल्ला बिपद व्यवस्थापन समितिका सदस्य सचिव अमरराज शर्मा, जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्रमा रहि कार्य गर्ने सुचना व्यवस्थापन अधिकृत खिलानाथ दाहाल, बिभिन्न विषयगत कार्यालयहरु, स्थानिय तहहरु,सुरक्षा निकायहरु, संघसस्थाहरु लगायत जिल्ला बिपद् व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस योजना अनुसार स्थानिय तहहरुले समेत स्थानिय तहको बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयनमा पुर्ण सफलता प्राप्त गर्न शुभकामना व्यक्त गर्दछु ।

२०७५/२/२१

गजेन्द्र बहादुर श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी
एवं
अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति, दाङ

प्रमुख : ०८२-५६०५०५
उप-प्रमुख : ०८२-५६००३८

# जिल्ला समन्वय समिति

घोराही, दाङ

५ नम्बर प्रदेश, नेपाल

पत्रसंख्या : २०७४/०७५

मिति : २०७५।०२।१३

## जिल्ला समन्वय समिति प्रमुखज्यूको मन्तव्य

नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शितलहर जस्ता विपद्बाट प्रत्येक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । अझ खास गरी यसै प्रकारको विपद्ले संकटासन्न अवस्थामा रहेका महिला, बालबालिकाहरु, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिकहरुलाई बढि मात्रामा असर पुगेको देखिन्छ । मानवीय क्रियाकलाप तथा अन्य कारणहरु एवं जलवायु परिवर्तनको प्रभावले विपद्का झनै खतरनाक र ठूला लक्षणहरु देखा पर्न सक्ने र जसको समयमा नै सावधानी तथा पूर्व तयारी गर्न सकिएन भने हामी माझ अत्यन्त ठूला विपद्हरु आउन सक्ने संभावना रहेको छ ।

यसै क्रममा नेपाल सरकारले विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापन ऐन २०७४ अनुसार प्रत्येक जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको गठन गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गर्ने कार्यको थालनी गरेको छ । नेपाल सरकार गृह मन्त्रालयले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (Guidance Note-2011) तथा जिल्ला विपद् व्यवस्थापन योजना निर्देशिका २०६९ को अवधारणगत ढाँचा तयार गरेको छ । त्यसै मार्गदर्शनमा आधारित रहेर दाङ जिल्लामा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ निर्माण गरिएको थियो । समयक्रमसँगै सो योजनालाई अद्यावधिक गर्नुपर्ने आवश्यकतालाई महशुस गरी जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ को अद्यावधिक २०७४ लाई परिमार्जन तथा अद्यावधिक गरी २०७५ को रुप दिईएको छ । यस कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति दाङले स्थानीय तहहरुलाई समेत उपयोगी हुने गरी यो योजना निर्माण गरेकोमा अत्यन्त खुशी लागेको छ । सबै स्थानीय तहहरुमा यस योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन जिल्ला समन्वय समितिले समन्वयकारी भूमिका निर्वाह गर्नेछ साथै दाङ जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण प्रकृयामा महत्वपूर्ण सहयोगी भुमिका निर्वाह गर्ने नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखा, कार्यदलमा रहेर काम गर्नुहुने जिल्ला प्रशासन कार्यालय दाङका प्रशासकीय अधिकृत अमरराज शर्मा, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रमा रही कार्य गर्ने सुचना व्यवस्थापन अधिकृत खिलानाथ दाहाल, विभिन्न विषयगत कार्यालयहरु, स्थानीय तहहरु, सुरक्षा निकायका प्रमुखहरु, संघसंस्थाहरु लगायत जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरु सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु । यसै क्रममा जिल्ला विपद् व्यवस्थापन समिति ९स्मक्ष०, दाङले जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने कार्यमा अगुवाइ गरेकोमा समिति प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । अन्त्यमा यस योजना अनुसार स्थानीय तहहरुले समेत योजना अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयनका लागि पूर्ण सफलता मिलोस् भन्ने कामना समेत व्यक्त गर्दछु ।

जितेन्द्रमान नेपाली

प्रमुख

जिल्ला समन्वय समिति, दाङ

जि.स.स. दाङ

**शब्द संक्षेप :**

| | |
|---|---|
| जि.बि.व्य.स | जिल्ला बिपद् व्यवस्थापन समिति |
| जिसस | जिल्ला समन्वय समिति |
| उमनपा | उपमहानगरपालिका |
| नपा | नगरपालिका |
| जिसअ | जिल्ला समन्वय अधिकारी |
| गापा | गाँउपालिका |
| साबिक गाविस | साबिक गाउँ विकास समिति |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जि.प्रा.का. | जिल्ला प्राविधिक कार्यालय |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| जि.ज.स्वा.का. | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| ने. से. | नेपाली सेना |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| प्रउ | प्रहरी उपरीक्षक |
| सप्रउ | सशस्त्र प्रहरी उपरीक्षक |
| सप्रनाउ | सशस्त्र प्रहरी नायब उपरीक्षक |
| प्रनाउ | प्रहरी नायब उपरीक्षक |
| प्रनि | प्रहरी निरीक्षक |
| मविअ | महिला विकास अधिकृत |
| मबाका | महिला तथा बालबालिका कार्यालय |
| सप्रब | शसस्त्र प्रहरी बल |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| जि.व.का. | जिल्ला वन कार्यालय |
| जि.भु.सं का. | जिल्ला भु संरक्षण कार्यालय |
| ज.उ.प्र.नि.वि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| रा/अगैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| DLSA | District Lead Support Agency |
| DEOC | District Emergency Operation Center |
| NEOC | National Emergency Operation Center |
| REOC | Regional Emergency Operational Center |
| UNFPA | United Nation Population Fund<br>(United Nations Fund for Population Activities) |
| UNICEF | United Nations International Children's Emergency Fund |
| SCI | Save the Children International |
| DDRC | District Disaster Relief Committee |
| fnjdang | Federation of National Journalist Dang Branch |
| D-WASH CC | District Water Sanitation and Hygiene Coordination Committee |
| V-WASH CC | Village Water Sanitation and Hygiene Coordination Committee |
| DPHO | District Public Health Office |
| NRCS | Nepal Red Cross Society |

# बिषय सूची


| | |
|---|---|
| १ पृष्ठभूमि | १-६ |
| २ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा | ७ |
| ३. विपत सम्बन्धी कार्य गर्ने निकायहरु | ७ |
| ३.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची | ८-९ |
| ३.२. सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा | १० |
| ३.३. विभिन्न वैठकका निर्णयहरु | ११ |
| ३.४. बिपद् जोखिम विश्लेषण | ११-१८ |
| ३.५. जिल्लाको निकायगत श्रोत साधनको आँकलन | १८-२३ |
| ३.६. आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान | २३ |
| ४. विपद्को प्रकृतिमा आधारित विषयगत प्रतिकार्य योजना | २४ |
| ४.१. विषयगत क्षेत्रको परिचय | २४ |
| ४.२. जिल्लास्तरमा सक्रीय रहने क्षेत्रगत नेतृत्व | २५ |
| ४.२.१ बिषय क्षेत्र : खोज तथा उद्धार, समन्वय | २६-३१ |
| ४.२.२ बिषय क्षेत्र : खाद्य तथा कृषि | ३१-३५ |
| ४.२.३ बिषय क्षेत्र : आपत्कालीन आश्रय तथा गैह्रखाद्य सामाग्री | ३५-३७ |
| ४.२.४ बिषय क्षेत्र : आपत्कालीन संरक्षण | ३७-४३ |
| ४.२.५ बिषय क्षेत्र : आपत्कालीन शिक्षा | ४३-४७ |
| ४.२.६ बिषय क्षेत्र : खानेपानी, स्वच्छता तथा सरसफाई | ४७-४९ |
| ४.२.७ बिषय क्षेत्र : स्वास्थ्य तथँ पोषण | ४९-५४ |
| ४.२.८ बिषय क्षेत्र : राहत तथा पूनःनिर्माण | ५४-५६ |

**विपद् सम्बन्धी परिस्थिति**

बिषयगत नेतृत्व र सह(नेतृत्व प्रदान गर्ने निकाय तथा सदस्यहरुको पहिचान (पूर्वतयारीका लागि पहिचान)

आपतकालीन परिस्थितिको पूर्वतयारीका लागि बिषयगत गतिबिधिहरु (पूर्वतयारी गतिबिधिहरु)

बिपद्को प्रकृतिमा आधारित प्रतिकार्यका लागि बिषयगत कार्य योजना (बिपद्को समयमा कार्यान्वयन गर्ने)

| | |
|---|---|
| ५. कार्यान्वयन तथा पुनरावलोकन रणनीति | ५७ |
| ६. प्रतिवेदन तथा अभिलेखन | ५७-५८ |
| ७. अनुसूचीहरु | ५८-७० |
| ८. सन्दर्भ सामग्रीहरु | ७० |

# दाङ जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७५

**(Disaster Preparedness and Response Plan 2018/2019**

**(DPRP)**

## परिच्छेद १

## परिचय (Introduction)

### १.१. पृष्ठभुमी (Background)

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरुमध्ये एक हो । विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढिको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौ जोखिमपूर्ण देशको रुपमा रहेको छ । प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढि परिवारहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिबर्ष बिभिन्न विपद्हरुबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये बार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तीको नोक्सानी हुने गरेको छ ।

विपद्को कारण नेपालले हरेक बर्ष औसतमा १ अर्ब २१ करोडको बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ । त्यसै गरेर नेपालको विकास दर ३ देखि ४ प्रतिशतले रहेको छ भने विपद्ले विनाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ । कमजोर भु-बनोट, जटिल भुगर्भीय संरचनाका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते आएका भुकम्प यसैका उदाहरण हुन् । अझै पनि यस्तै प्रकृतिका भुकम्पहरु आउने अनुमान गरिदै छ । यस्तै हरेक बर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन् ।

विपद् व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्यूनीकरण सम्बन्धी दोश्रो विश्व सम्मेलन भएको थियो । यस विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनद्वारा जारी गरिएको घोषणा पत्रलाई ह्योगो घोषणापत्र (Hyogo Declaration) तथा कार्य योजनालाई ह्योगो कार्य योजनाको (Hyogo Framework and Action Plan) नामले चिनिन्छ । त्यस अवसरमा नेपालले विपद् न्यूनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी त्यसको अध्यावधिक गर्ने, विकसित मुलुकका उच्च प्रबिधि र अनुभवहरुलाई अनुशरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्वकोषको स्थापना गर्ने जस्तो कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । साथै २५ असोज २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पुनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गर्नेसमेत उल्लेख गरिएको छ । साथै नेपालले तय गरेको अवधारणाहरु सन् २००५ मा १६८ राष्ट्रहरुले तयार गरेको Hyogo Framework तथा सन् २०१५ मार्च १८ मा जापानको Sendai मा सम्पन्न संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले तय गरेको The Sendai Framework for Disaster Risk Reduction 2015-2030 बाट निर्दिष्ट छन् ।

विपद्को सवाल भनेको राहत र उद्धारसंग मात्र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, साँस्कृतिक लगायतका हरेक बिषयहरुसंग यसको प्रत्यक्ष सम्बन्ध छ ।

यस्तै संवेदनशील सवालहरुलाई हृदयङ्गम गरी विपद् व्यवस्थापनका गतिबिधिहरुलाई विकासका हरेक पक्षसंग समाहित गर्दै दिगो विकासको अवधारणाभित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ । यसका लागि आवश्यक पर्ने अल्पकालीन एवं दीर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिबिधिहरुलाई बिभिन्न सरकारी तथा गैरसरकारी

संघसंस्थाहरु र सरोकारवाला निकायहरुबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।

यिनै कुराहरुलाई मनन गरी खतरा तथा संङकटासन्नता, विपद् प्रभावित गाउँपालिका तथा नगरपालिकाहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको क्षमता र सहभागिता सुनिश्चित गर्दै जिल्लास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई बलियो बनाउने र विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म प्रभावकारी बनाउने प्रयासस्वरुप कम्तीमा जिल्ला तहमा निर्माण गरिएको जिल्ला विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०६८ लाई अद्यावधिक गरी २०७४ प्रकाशन गर्नुको प्रमुख लक्ष्य हो । यस जिल्लामा बिपद् पुर्वतयारी तथा प्रतिकार्य योजनालाई सहजीकरण गर्नको लागि नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखाले जिल्ला अगुवा सहयोगी संस्था (District Lead Support Asgency-DLSA) को भूमिका निर्वाह गरिरहेको छ ।

## १.२ दाङ जिल्लाको सामान्य जानकारी (Brief Introduction of Dang District)

### १.२.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक र प्रशासनिक विभाजन

दाङ जिल्ला नेपाल राज्यको पाँच नम्वर प्रदेशमा अवस्थित छ । यस जिल्लाको जिल्ला सदरमुकाम घोराही हो । नेपाल सरकारको स्थानीय पुर्नसंरचना नीति अनुरुप यस जिल्लामा हाल १० वटा स्थानीय तह रहेका छन्, जसमा २ वटा उमनपा, १ वटा नपा र ७ वटा गाउँपालिका रहेका छन् । यस जिल्लाका पहाडी भूभाग अन्तर्गत चुरे पर्वतीय क्षेत्रमा केही स्थानीय तहका वार्डहरु रहेका छन् भने अधिकांश क्षेत्र समथर रहेकोछ । विश्व मानचित्रमा २७°३६' देखि २८°२९' अक्षांश र ८२°२' देखि ८२°५' देशान्तरको बीचमा यो जिल्ला रहेको छ ।

यस जिल्लाको सरदर लम्बाई पूर्व पश्चिम ९० कि.मी. र उत्तर-दक्षिणको चौडाई करिब ७२ कि.मी. रहेको छ । यस जिल्लाको उत्तरमा सल्यान, रोल्पा र प्युठान जिल्ला, दक्षिणमा भारत, पुर्वमा कपिलवस्तु र अर्घाखाँची जिल्ला साथै पश्चिममा सुर्खेत र बाँके जिल्ला पर्दछन् । यस जिल्लालाई राजनीतिक, प्रशासनिक तथा विकासको दृष्किोणबाट १० वटा स्थानीय तहमा विभाजन गरिएको छ ।

### १.२.२. भू-क्षेत्र र जमिनको बर्गीकरण

यो जिल्ला समुद्री सतहबाट २१३ मिटरदेखि २०५८ मिटर उचाईसम्मको भू-भागमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल २,९५,५०० हेक्टर अर्थात २,९५५ वर्ग किलोमिटर छ । कुल भू-क्षेत्रमध्ये चरिचरन १२,९५० हेक्टर, अनुत्पादित २०,४४५ हेक्टर, कृषि ६९९५० हेक्टर र वन १,९२,९५५ हेक्टर रहेको छ । समुन्द्री सतहबाट २१३ मिटर देखि २०५८ मिटरसम्मको उचाइमा रहेको छ ।

### १.२.३.दाङ लिल्लाका प्रमुख नदी प्रणाली तथा सहायक नदीनालाहरू

| क्र.स. | नदी/ खोला | उद्‍गम स्थल | सहायक खोलाहरु |
|---|---|---|---|
| १ | राप्ती नदी | ऐरावती | रनसिह, बनघुस्री, बौरा, पत्रिङ्गा, महदेबा, सुपैला, पर्नाहा, भालुदोब्रे, मानपुर, गुरुङ, माररी, रसरी, कालिपुरुवा, मंग्रेठा, महतनी, कक्रहवा, करडा, गंगदी, बनकट्टी, भित्री सिक्टा, सुनपथ्री/गोठुवा, गनाहा, बगाहसोती, भालु, फेहरी, कटेसनाला, करम्दी, दोलै, सिङ्नै, कौडिया, अर्नवा अर्जुन, उचानिम्बु, भत्तरकुण्डा, रिहार, च्याउ, अमिलिया र शिबखोला |
| २ | बबई नदी | रामपुर | बालिम, सिस्ने, कटुवा, सेवार, गुर्जे, हापुर, पत्रे), सक्राम, चौवा, ग्वार, काला, पातु, गहते, भमके, बागर, बौलाहा, चिसापानी, च्यान्टी, उपल्लो/तल्लो ट्वाङ, सुसाउने, तुई, कलम, घट्टे, (शिर र पधेरा), मलै |
| ३ | भारततर्फ बग्ने खोला | कोईलाबास, बेला, राजपुर | कोईलाबास, गुरुङ, पटौली, खंग्रा, डगमारा, सुनपथ्री, भैसाही र भौवा |

**दाङ जिल्लामा राप्ती नदीमा आउने बाढीका कारण हरेक बर्ष जसो देउखुरी क्षेत्रका राजपुर, गढवा र राप्ती गाँउपालिका ( लालमटिया, सिसहनियाँ, सतबरिया, गोबरडिहा, गंगापरस्पुर, गढवा, बेला र राजपुर) तथा हालको लमही नपाका धेरै स्थानमा नदी**

**कटान तथा मानवीय क्षतिसमेत हुँदै आएको छ भने २०७१ र २०७४ सालमा बवई नदीमा आएको बाढीका कारण मानवीय तथा भौतिक क्षति हुन पुगेको छ ।**

### १.२.४. माटोको बनावट र उर्वराशक्ति र संभाबित भु-क्षयको क्षेत्र

दाङ जिल्लाको कुल क्षेत्रफलमध्ये ६९ हजार ९ सय ५० हेक्टर अर्थात २३.७ प्रतिशत जमिन खेतियोग्य रहेको छ । जसमध्ये  हाल ५७,८२७ हेक्टर भूमिमा मात्र सिंचाई सुविधा पुगेको र बाँकी कृषि भूमिले आकासे वर्षामा नै निर्भर रहनुपर्ने अबस्था छ । राप्ती नदीहरूका साथै चुरे पहाडबाट उत्तर र दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी यस जिल्लाको धेरै उव्जाउ भूमि कटान गरिरहेका छन् । साथै केही गाविसहरूमा वालुवाकरण हुँदै मरुभूमिकरण हुने र भू-स्खलन हुने कारणले पनि यस जिल्लाको माटोको बनावटमा दिन प्रतिदिन परिवर्तन आइ उर्वरभूमि घट्दै गएको छ ।

यस जिल्लाको उत्तरतर्फको भूभाग भावर र चुरे पर्वत श्रृङ्खलामा पर्ने भएको कारणले भिरालो किसिमको छ । भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छन् भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको बालुवा, गेग्ग्रानहरू समथर क्षेत्रको भूमिमा ल्याई थुपारी दिने गर्दछन् । जसले गर्दा उव्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुँदै भएका छन् ।

राप्ती नदी तथा चुरे पहाडबाट उत्तर दक्षिणतिर बग्ने वर्षे खोलाहरूबाट बाढी प्रकोप पर्ने गरेको छ । बाढीको मारमा देउखुरी क्षेत्रका लालमटिया, सिसहनियाँ, लमही नगरपालिका, राजपुर, गढवा र राप्ती गाउँपालिकामा अवस्थित ( सतवरिया, गोबरडिहा, गंगापरस्पुर, गढवा, बेला र राजपुर) समुदायमा हरेक वर्ष भू-क्षय, कटान तथा बाढीको चपेटामा पर्ने गरेका छन् । २०७१ साउनको अन्तिम साता बबई नदी र यस प्रणाली अन्तर्गतका नदीहरुमा आएको बाढी बवई तटीय क्षेत्रका साबिकका गाबिसहरुमा भएको मानवीय तथा भौतिक क्षति तथा २०७३ श्रावण १० र ११ गते आएको राप्ती नदीको बाढीले देउखुरी क्षेत्रमा अवस्थित साबिकका गाबिसहरु डुवानमा पारेको र १ जनाको मृत्यु भएको थियो । प्रत्येक बर्ष देउखुरी क्षेत्रका बस्तीहरु बाढीको उच्च जोखिममा रहेका छन् भने साविक धर्ना, त्रिपुर नपाको बबई क्षेत्र, डुरुवा, फुलबारी, गोल्टाकुरी, तुलसीपुर नपाको बबई तट क्षेत्र श्रीगाउँ, धनौरी, पञ्चकुले र पुरान्धारा गाविस बवई नदीको बाढीको उच्च जोखिममा रहेका छन् ।

### १.२.५. हावापानी, जलवायु बनस्पति तथा बन्यजन्तु

दाङ जिल्लाको जलवायु समशितोष्ण मनसुनी किसिमको भएकोले गर्मीयाममा दिउँसो मरुभूमिबाट बहने लू (रांके) चलेर यहाँको अधिकांश क्षेत्रका जनजीवनलाई निकै असहज तुल्याउँछ भने जिल्लाको उत्तरी क्षेत्रको चुरे पहाडको केही भागमा मात्र गर्मी कम हुन्छ । हिउँदमा पनि यस जिल्लामा राम्रोसँग घाम नलाग्ने र शीतलहर चल्ने कारण अति जाडो हुने भएकोले यहाँको बसोबास प्रायः वर्षैभरी कष्टदायक हुन्छ । यहाँको तापक्रम अधिकतम ४०.० डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने जाडो याममा न्यूनतम ० डिग्री सेल्सियससम्म झर्ने गरेको पाइन्छ । सापेक्षिक आद्रता २७ प्रतिशतदेखि ९४ प्रतिशतसम्म र औषत वर्षा बार्षिक १७ मिलिमिटरसम्म हुने गरेको छ । यस दाङ जिल्लामा पाईने वनस्पतिमा साल, साज, बाँझ, सिसौ, खयर, घनेरो, सिमल र सल्लो तथा वन्यजन्तुमा चितुवा, स्याल, हरिण, ब्वाँसो, खरायो चराहरु, मयुर, कालीज, लुइँचे आदि रहेका छन् ।

*श्रोतः जल तथा मौसम विज्ञान बिभाग*

### १.२.६. जनसंख्याको आकार, बृद्धिदर, घनत्व तथा देश बाहिर रहेको जनसंख्या

२०५८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ४ लाख ६२ हजार ३ सय ८० जना रहेको थियो भने २०६८ सालमा यस जिल्लाको कुल जनसंख्या ५ लाख ५२ हजार ५ सय ८३ पुगेको छ । यी दुई जनगणना बर्षको बृद्धिदरलाई आधार मान्दा २०७२ असारमा यस जिल्लाको जनसंख्या ५ लाख ९२ हजार पुगेको छ । यस जिल्लाको जनघनत्व २०६८ को जनसंख्याको आधारमा जनघनत्व प्रतिबर्ग किमी १ सय ८७ जना रहेको छ भने यस जिल्लाका ४३ हजार १ सय ६० युबा जनसंख्या जनगणनाको अवधीमा देश बाहिर रहेको अवस्था छ । हालै थपिएका दुई नगरपालिकाका कारण दाङ जिल्लाको शहरी जनसंख्या ४० प्रतिशतको हाराहारीमा पुगेको छ ।

उल्लेखित विषयवस्तुहरूबाट जनसंख्या सम्बन्धी केही अवस्थाको आकलन भए पनि प्रकोपको अवस्था थाहा पाउनका लागि यो जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई प्रकोप व्यवस्थापनमा सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

**१.२.६.१ नयाँ संरचना अनुसारका उमनपा, नपा, गाउँपालिकाको जनसंख्या विवरण:**

| सि.नं. | विवरण | जनसंख्या | | | | क्षेत्रफल (बर्ग किमि) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | परिवार संख्या | पुरुष | महिला | जम्मा | | |
| १. | तुलसीपुर उमनपा | ३१२६२ | ६७८०४ | ७५०६५ | १४२८६९ | ३७१.९० | |
| २. | घोराही उमनपा | ३५४५२ | ७४६५३ | ८३९७५ | १५८६२८ | ५०४.७० | |
| ३. | लमही नगरपालिका | ९४३८ | २३१४० | २४८७२ | ४८०१२ | ३१५.४० | |
| ४. | राजपुर गाउँपालिका | ४४७६ | १२२७५ | १२७८६ | २५०६१ | ५५६.८० | |
| ५. | गढवा गाउँपालिका | ७२७१ | १८५६० | २०१०३ | ३८६६३ | ३४५.६० | |
| ६. | राप्ती गाउँपालिका | ८०५८ | १९६४१ | २१३०८ | ४०९४९ | १५५.४२ | |
| ७. | बंगलाचुली गाउँपालिका | ४७३० | १०८७९ | १३३६६ | २४२४५ | २३६.७८ | |
| ८. | बबई गाउँपालिका | ५९४५ | १२५२९ | १४९४० | २७४६९ | २४९.१० | |
| ९. | शान्तिनगर गाउँपालिका | ५३२८ | ११५९५ | १३६०८ | २५२०३ | ११२.३० | |
| १०. | दंगीशरण गाउँपालिका | ४४५५ | ९९८३ | ११५०१ | २१४८४ | १०७.०० | |
| | **जम्मा** | **११६४१५** | **२६१०५९** | **२९१५२४** | **५५२५८३** | **२९५५.००** | |

*श्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला समन्वय समिति दाङ स्थानीय तहको विभाजन विवरण २०७३*

**१.२.६.२. बितगका २ जनगणनालाई आधारमानी तयार गरिएका केही आँकडाहरु**

| सि.नं. | विवरण | २०५८ को अवस्था | २०६८ को अवस्था |
|---|---|---|---|
| १. | महिलाको जनसंख्या | २,३३,४२२ | २९१५२४ |
| २. | पुरुषको जनसंख्या | २,२८,९५८ | २६१०५९ |
| ३. | जम्मा जनसंख्या | ४,६२,३८० | ५५२५८३ |
| ४. | लैंगिक अनुपात | ९८.०९ | ८९.५४ |
| ५. | परिवार संख्या | ८२,४९५ | ११६४१५ |
| ६. | औषत परिवार संख्या | ५.६० | ४.७५ |
| ७ | वार्षिक जनसंख्या वृद्धि | २.६६ | १. ७८ प्रतिशत |
| ८. | जनसंख्या दोब्बर हुन लाग्ने अवधि | २६ | ३९ बर्ष |
| ९. | जनघनत्व | १५६ | १८७ प्रति बर्ग कि.मी. |
| १०. | शहरी जनसंख्या | १६.६५ | ४०.५३ प्रतिशत |
| ११. | ग्रामीण जनसंख्या | ८३.३५ | ५९.४७ प्रतिशत |
| १२ | ०-४ अर्थात ५ वर्ष मुनीको जनसंख्या | ६७६०३ | ५३४७४ अर्थात ९.६८ प्रतिशत |
| १३ | ०-१४ (१५ बर्ष मुनीको जनसंख्या) | १९३३६८(४१.८२) | १९९४१२ अर्थात ३६.०९ प्रतिशत |
| १४ | १५-५९ उमेरको जनसंख्या | २४८१२९ (५३.६६) | ३१६१७३ अर्थात ५७.२२ प्रतिशत |

| | | | |
|---|---|---|---|
| १५. | ६० वर्ष वा माथिको जनसंख्या | २०८८३ ( ४.५२) | ३६९९८ अर्थात ६.७० प्रतिशत |
| १६ | विदेशी मुलुकमा जाने जनसंख्या | १६,२२४ | ४३१६० |
| १७ | अपाङ्गको जनसंख्या | २,४५६ | १२८८१ अर्थात २.३३ प्रतिशत |

*श्रोतः- राष्ट्रिय जनगणना, २०५८ तथा २०६८ को नतिजा*

### १.२.७ जिल्लामा विद्यमान स्वास्थ्य सेवाको अवस्था

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही १ (१०० शैया) । राप्ती अञ्चल अस्पताल, तुलसीपुर १ (५० सैया), लमही अस्पताल १५ शैया, प्राथमिक स्वास्थ्य केन्द्र २ वटा । स्वास्थ्य चौकी ३६ वटा । राप्ती आँखा अस्पताल तुलसीपुरमा १ र लमहीमा १ गरी २ वटा । आयुर्वेदिक चिकित्सालय १, आयुर्वेद अञ्चल अस्पताल १ र आयुर्वेद औषधालय २ वटा तथा निजि अस्पताल ६ वटा रहेका छन् ।

जिल्लामा स्वास्थ्य सेवाको अवस्था हेर्दा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २२, राप्ती अञ्चल अस्पतालमा ७, जिल्ला जनस्वास्थ्य अन्तर्गत ३, आयुर्वेद चिकित्सालय तथा अञ्चल अस्पतालमा ३, राप्ती आँखा अस्पतालमा १, परिवार नियोजन संघमा १, गरी ३७ डाक्टर उपलब्ध छन् । यसलाई २०७१/०७२ को प्रक्षेपित जनसंख्या ५८७९२४ लाई भाग लगाउँदा प्रति चिकित्सिकले १५ हजार ९ सय जना व्यक्तिलाई सेवा दिनुपर्ने अवस्था छ । यद्यपी यो समानुपातिक छैन बढी शहर केन्द्रित छ । जिल्लाको परिवार नियोजन साधन प्रयोग दर ५४ प्रतिशतभन्दा माथि रहेको छ । ५२ प्रतिशत प्रसुति दक्ष स्वास्थ्यकर्मीबाट हुने गरेको छ, यस्तै प्रतिबर्ष ५ आमाको प्रसुतिजन्य जटिलताले मृत्यु भइरहेको छ ।

### १.२.८. जिल्लाको सडक सञ्जालको अवस्था :

जिल्लाको २ उमनपा, १ नपा र ७ वटा गाउँपालिकहरु सडक सञ्जालले छोएका छन् । मध्यपश्चिम सडक डिभिजन कार्यालयका अनुसार दाङ जिल्लाको सडक डिभिजन अन्तर्गतको ७ सय ९२ किमीमध्ये २५१ कि.मी. सडक पिच भएको छ । यस्तै ३ सय ५५ किमी ग्राभेल र १ सय ८६ किमी सडक कच्ची रहेको छ । यसबाहेक जिल्ला अन्तर्गतका केही सडक पनि पिच भएका छन् । जिल्ला सडकको क्षेत्रसमेतलाई जोड्दा र स्थानीयस्तरका सडकहरुसमेत जोड्दा यो क्षेत्रफल धेरै रहेको छ । यस जिल्लामा मध्यपश्चिम सडक डिभिजन अन्तर्गत २० वटा सडक रहेका छन् । जिल्ला प्राविधिक कार्यालयले जिल्लाका ९ वटा सडकलाई राष्ट्रिय तथा फिडर सडक भनि छुट्टाएको छ भने जिल्लाका २४ वटा सडकलाई ए, २२ वटा सडकलाई बी र स्थानीय तहका २४ सडक भनि वर्गिकरण गरेको छ ।

### १.२.९. खानेपानी तथा सरसफाइ :

**यस दाङ जिल्लाको कुल जनसंख्याको ७६.५० प्रतिशत जनसंख्या अर्थात शुद्ध खानेपानी सुबिधा पाएको जनसंख्या ४ लाख २२ हजार ९ सय जना रहेका छन् । सरसफाई सुबिधा भने जिल्लाका सबै घरधुरीमा पुगेको छ ।**

### १.२.१० बिद्युतीकरण तथा सञ्चारको अवस्था :

यस जिल्लाको सबै स्थानीय तहमा विद्युतिकरण सेवा पुगेको छ । साबिक सैघा गाविसको केही स्थानमा बिस्तारको कार्य भइरहेको छ भने दुर्गम क्षेत्रमा सोलार लगायत अन्य बैकल्पिक सेवाबाट उज्यालो सेवा लिइरहेको अवस्था छ । वि.सं. २०७५ सालभित्रमा सबै क्षेत्रमा बिद्युतको पहुँच पुऱ्याउने लक्ष्य सहित विद्युतीकरणलाई विकासको एक सूचकको रुपमा लिइनुका साथै यसले अन्य सबै क्षेत्रको विकासलाई समेत बढावा दिनमा मद्दत पुऱ्याउँदछ ।

दाङ जिल्लाका सबै गापा/नपाहरुमा टेलिफोन सुविधा पुगेको छ । यस जिल्लामा आ.व.२०७३/७४ सम्ममा नेपाल टेलिकमबाट ल्याण्डलाइन फोन, मोबाइल, स्काइ फोन तथा सी.डी.एम.ए लगायत ६ लाख ५८ हजार ४ सय ५६ लाइनभन्दा बढी फोन लाइन वितरण गरिएको छ । हेलो र एनसेलले वितरण गरेको संख्या जोड्दा यो संख्या अलि धेरै हुन आउँछ । तथापी यी फोन अन्य जिल्लामा पनि उपयोग हुने तथा एकै व्यक्तिले धेरै उपयोग गर्ने गरेको समेत पाइएको छ । जिल्लामा ६ राष्ट्रिय दैनिक, ७ वटा साप्ताहिक, स्थानीय टेलिभिजन ७ वटा र १५ वटा एफएम रेडियो सञ्चालनमा छन् भने रेडियो नेपालको प्रादेशिक संरचना स्थापना भएको छ ।

### १.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्नुको उद्देश्य :

विपद्को समयमा मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै विभिन्न निकायहरुसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन यस योजनालाई अद्यावधिक गर्नुको मूल उद्देश्य हो ।

१) प्रकोपका कुनै पनि घटनाबाट हुनसक्ने विपद् र त्यसबाट श्रृजित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्वयोजना तर्जुमा गर्ने ।

२) विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमबद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।

३) विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तर्राष्ट्रिय गैससहरुसँग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्नसक्ने क्षमताको पहिचान गर्न ।

४) विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनाबद्ध तरिकाबाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।

५) बिपद् प्रतिकार्यका लागि प्रतिकार्यलाई प्रणालीलाई सहज तरिकाले प्रतिकार्य गर्नका लागि नेरेसोले निर्माण गरेको बाढी तथा भुकम्प प्रतिकार्य योजनालाई समेत यसै योजनामा समाहित गरी आकस्मिक प्रतिकार्य योजनाको रुपमा प्रयोग गर्ने ।

### १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता :

विपद्को समयमा गरिने विपद् व्यवस्थापनमा सहयोग गर्न बनेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समय अनुकुल बनाउन तथा समय अनुसार श्रोत साधनमा हुने फेरबदल अनुसारको प्रतिकार्य योजना बनाउन यस अघि बनेको प्रतिकार्य योजनालाई अद्यावधिक गर्नुपर्ने हुन्छ ।

- प्रतिकार्य योजना अद्यावधिक गर्दा समयक्रम अनुसार हुने विपद्को पहिचान, त्यसको पूर्व तयारी र र त्यसका लागि गर्नुपर्ने योजनाहरुसमेत अद्यावधिक हुने हुनाले विपद्को व्यवस्थापनमा निकै सहजता आउँछ ।
- विपद्को जोखिम कम गर्न, मिलेर काम गर्न, विपद्मा आउने श्रोतलाई बिकेन्द्रित गरी क्षेत्रगत रुपले परिचालन गर्न विपद् प्रतिकार्य योजनाले मद्दत गर्छ ।
- प्रभावित समुदायलाई प्रकोपको पूर्व सूचना दिनेदेखि सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत मार्गदर्शनसमेत दिन्छ ।
- विपद् प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गर्दा उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।
- साथै २०७१ र २०७४ को श्रावण महिनामा दाङ जिल्लामा आएको बाढी र २०७२ को गोरखाको भूकम्पबाट सिकिएका पाठका आधारमा भुकम्प तथा बाढी आकस्मिक प्रतिकार्य योजना निर्माण गरी पूर्वतयारीका कार्यलाई प्रभावकारी बनाउन मद्दत गर्दछ ।
- नेपाल रेडक्रस सोसाईटी दाङ जिल्ला शाखाले तयार गरेको बाढी तथा भुकम्प सम्बन्धी बिपद् आकस्मिक योजना (Contingency plan) ले समेत जिल्लाको समग्र प्रतिकार्य प्रणालीलाई प्रभावकारी बनाउन मद्दत गर्दछ ।

### १.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिकको क्षेत्र र सीमा :

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरिनुका सिमा र यस योजनाका क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

- जिल्लास्तरीय विपद् पूर्वतयारी योजनालाई बार्षिक रुपमा अद्यावधिक गर्ने गरिएको छ ।

- यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दा बिपद् व्यवस्थापन तथा बिपद जोखिम न्यूनीकरणका लागि बनेको ऐन २०७४, स्थानीय सरकार संचालनका लागि बनेको ऐन २०७४, विपद् जोखिम राष्ट्रिय रणनीति २०६६, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, जिल्ला विपद् व्यवस्थापन योजना निर्देशिका २०६९ तथा राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७०, विपद् पुनर्बास सञ्चालन कार्यविधी २०७१ को परिधि तथा नेरेसो बाढी तथा भुकम्प आकस्मिक योजना २०७४ लाईसमेत समेटी तयार गरिएको छ ।
- यस योजनाले विपद्को पूर्वतयारी तथा प्रतिकार्य कसरी गर्ने बिषयलाई मात्र समेट्छ । स्थानीय तहमासमेत बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनका लागि सहयोगी भूमिका रहन सक्नेछ ।
- यो विपद् प्रतिकार्य योजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप क्षेत्रगत अवधारणा (Cluster Approach) र नेपाल सरकारले कार्यान्वयनमा ल्याएको बिपद् व्यवस्थापन ऐन अनुसार स्थानीय तहलाईसमेत समेटी अद्यावधिक गरिएको छ ।
- विपद् परेको अवस्थामा अद्यावधिक गरिएको योजनाले विपद्मा आवश्यक पर्ने श्रोत संकलन तथा परिचालनमा विषयगत सहयोगी निकायको पहिचानमा सहयोग मिल्ने देखिन्छ ।
- अद्यावधिक गरिएको प्रतिकार्य योजनाको कार्यान्वयनले जिल्लास्थित संघसंस्थाहरुले क्षेत्रगत रुपमा जनशक्ति तयार गर्न सक्नेछन् ।

## २. बिपद पूर्बतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो, साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ । यस योजनाका विशिष्ट नतिजा निम्नअनुसार छन् :

१) विपद् पहिला गर्नुपर्ने आधारभूत जोखिम न्युनीकरणका कार्य सुनिश्चित हुनेछन् ।
२) विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।
३) विपद्का जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीय तह र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ ।
४) उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ ।
५) सामाजिक, साँस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भई विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ ।
६) क्षेत्रगत रूपमा कामका बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वका भावनाको विकास हुनेछ ।
७) सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुनेछ ।
८) जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ ।
९) बिषयगत क्षेत्रहरुको बाढी, भूकम्प र आगलागीको आकस्मिक योजना निर्माणभई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।
१०) विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरु अविलम्बन गर्न सजिलो पार्नेछ ।
११) जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्यमा प्रभावकारी हुनेछ ।
१२) स्थानीयतहमा बिपद् सूचनाकेन्द्र स्थापन भई कार्यान्वयनमा आउने र बिपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सहज हुनेछ ।
१३) विपद् जोखिम् न्यूनीकरण गर्न सराकोरवालाहरुबीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

१४) विपद्को समयमा स्थानीयतह तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढन सहज हुनेछ ।

## ३. विपद् सम्बन्धी कार्य गर्ने निकायहरू :

यस जिल्लामा स्थानीय तहहरु, सरकारी निकायहरु, विपद्मा सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, आईएनएफ, सामुदायिक वन उपभोक्ता महासंघ, बेस, सुआहारा दोश्रो, अपाङ्ग मानव अधिकार तथा सरोकार मञ्च, सीसा नेपाल, मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र, ग्रामीण महिला उत्थान केन्द्र, नेपाल पत्रकार महासंघ, उद्योग बाणिज्य महासंघ, खानेपानी उपभोक्ता महासंघ, संयुक्त राष्ट्रसंघीय नियकायहरु लगायतका विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय संघ संस्थाहरुको उपस्थिति रहेको छ । त्यसैगरी स्थानीय तहमा दाङ जिल्ला उद्योग वाणिज्य संघ घोराही, तुलसीपुर, नारायणपुर, हापुरे, भालुवाङ, सिसहनियाँ, बिजौरी, गढवा, लमही, निर्माण व्यवसायी संघ, औषधि व्यवसायी संघ, निजि अस्पतालहरु, यातायात ब्यवसायी समिति, समुदायमा आधारित गैर सरकारी संस्थाहरु कार्यरत छन् ।

### ३.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची

| क्र. सं. | संस्था वा कार्यालय | सम्पर्क ब्यक्ति | कार्यालयको टेलिफोन/मोबाई नम्बर |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रजिअ/गजेन्द्र वहादुर श्रेष्ठ<br>फोकल पर्सन अमरराज शर्मा | ०८२-५६०१३३, ९८५७८०७७७७<br>९८५७८३४८१८<br>९८४२८५७९९१<br>cdooffice.dang@gmail.com<br>deocdang2014@gmail.com |
| २. | जिल्ला समन्वय समिति | जिसअ/कृष्ण प्रसाद गौतम | ०८२५६०१४४, ९८५७८८८२२२<br>ddcdang82@gmail.com |
| ३. | तुलसीपुर उमनपा | नगरप्रमुख घनश्यम पाण्डे<br>बिपद् सम्पर्क ब्यक्ति : झरेन्द्र खरेल | ९८५७८२३८८५<br>९८५७८२२३७७<br>tulsipuran.2048@yahoo.com/<br>jharendrakharel@yahoo.com |
| ४. | घोराही उमनपा | नगरप्रमुख नरुलाल चौधरी<br>बिपद् सम्पर्क ब्यक्तिः शक्तिराम डाँगी | ९८५७८३११११<br>९८५७८३१६९७<br>ghorahimun@yahoo.com |
| ५. | लमही उमनपा | नगरप्रमुख कुलवहादुर के.सी.<br>बिपद् सम्पर्क ब्यक्ति : नेपालु चौधरी | ९८५७८४२५५५<br>९८५७८४१४०२<br>lamahinapa@gmail.com |
| ६. | राप्ती गाउँपालिका | गापाप्रमुख नुमानन्द सुबेदी<br>बिपद् सम्पर्क ब्यक्तिः बेद प्रसाद चौधरी | ९८५७८३२३८९<br>९८४७८७०१६९<br>raptiruralmunicipality@gmail.com |
| ७. | गढवा गाउँपालिका | गापाप्रमुख शहजराम अहिर यादव<br>बिपद् सम्पर्क ब्यक्तिः प्रकाश भण्डारी | ९८४७८०५८९६<br>९८५७८३२६९६<br>nooline@gmail.com |
| ८. | राजपुर गाउँपालिका | गापाप्रमुख लोकराज केसी<br>बिपद् सम्पर्क ब्यक्तिः राम प्रसाद शर्मा | ९८५७८३२०५६<br>९८५७८३५२४०<br>s.rampd2030@gmail.com |
| ९. | बंगलाचुली गाउँपालिका | गापा प्रमुख भक्त वहादुर वली<br>बिपद् सम्पर्क ब्यक्ति : चन्द्रकान्त पौडेल | ९८५७८३५२०९<br>९८५७८३५२१६<br>chandrakp77@gmail.com |
| १०. | दंगीशरण गाउँपालिका | गापाप्रमुख भागीराम चौधरी | ९८५७८३१५६४<br>९८५७८२४४६१ |

| क्र. सं. | संस्था वा कार्यालय | सम्पर्क व्यक्ति | कार्यालयको टेलिफोन/मोबाई नम्बर |
|---|---|---|---|
| | | बिपद् सम्पर्क व्यक्ति: दल वहादुर बस्नेत | dangisharan2017rmp@gmail.com |
| ११. | बवई गाउँपालिका | गापा प्रमुख भुवनेश्वर पौडेल<br>बिपद् सम्पर्क व्यक्ति: नोखिराम ओली | ९८४७८१४६५०<br>९८५७८२५४४४<br>oli.nokhiram@yahoo.com |
| १२. | शान्तिनगर गाउँपालिका | गापा प्रमुख कमानसिंह डाँगी<br>बिपद् सम्पर्क व्यक्ति : निम बहादुर केसी | ९८०९८६६६६१<br>९८४९४५०८३२<br>shantinagargaupalika@gmail.com |
| १३. | जिल्ला प्रहरी कार्यालय | प्रउ/दुर्गा सिंह<br>फोकल पर्सन प्र.नि.हरी व. बिसी | ०८२५६०१९९, ९५७८०५५५५<br>९८५७०९०११३<br>dpodang@nepalpolice.gov.np |
| १४. | नेपाली सेना रिपुमर्दन गण | प्रमुख सेनानी राजन बुढाथोकी<br>सेनानी सुनिल थापा (विपद् व्यबस्थापन फोकल पर्सन) | ०८२५६१०६२, ९८४१३६४६३२<br>९८५७८३४६४५<br>ripumardanbn@gmail.com |
| १५. | सशस्त्र प्रहरी बल<br>सिमा सुरक्षा कार्यालय, लमही | सप्रउ/तुलसीराम दाहाल | ०८२५८०१६२, ९८५१२७२११९<br>apfdangbso1@gmail.com/ ojhadr22@gmail.com |
| १६. | सशस्त्र प्रहरी बल<br>ज्वालामाई गण भालुवाङ | सप्रउ/ जय वहादुर खड्का | ४१५१३६, ९८५१२७२०५१<br>apfjwalalai.btn@gmail.com |
| १७. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | कार्यालय प्रमुख | ०८२-५६००४३<br>kishornk35@gmail.com |
| १८. | जिल्ला वन कार्यालय | जिवअ/जगदिश प्रसाद गुप्ता | ०८२५६००१४, ९८५७८३२५१४<br>dandfo@dof.gov.np/ dfodang@gmail.com |
| १९. | जिल्ला जनस्वास्थ्य कार्यालय | कार्यालय प्रमुख | ९८५७८३४५८१<br>dpho.dang@gmail.com |
| २०. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | काप्र/चोक प्रसाद धिताल,<br>बिपद सम्पर्क व्यक्ति: तिलक न्यौपाने | ०८२५६००२६,९८५७८३४५२६<br>९८५७८२१०९४<br>dhitalchok@yahoo.com,<br>tilak.naupane26@gmail.com |
| २१. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | काप्र/डा. जनार्दन पन्थी | ०८२५६००१९,९८४७९२१६३७<br>०८२-५६२३६५<br>subregionalhospital.dng@gmail.com |
| २२. | राप्ती अंचल अस्पताल तुलसीपुर | विनोद सिंह | ५२१६२४, ९८४९०८९००७<br>raptizonalhospital@gmail.com |
| २३. | जिल्ला शिक्षा समन्वय इकाई | काप्र/ रमेश प्रसाद मैनाली | ०८२-५६००१०, ९८५७८३४५०९<br>deocghorahi@gmail.com |
| २४. | महिला तथा बालबालिका कार्यालय | काप्र/ बिश्वमणी जोशी | ०८२-५६००२०, ९८५७८३५१०४<br>wcodang@gmail.com<br>moteebk@gmail.com |
| २५. | नेपाल रेडक्रस सोसाइटी | सभापति/नारायण आचार्य,<br>थम्मन चौधरी | ०८२-५२००२२, ९८५७८२००७४<br>९८४७८२२१४३<br>nrcs.dang@gmail.com |
| २६. | जनताको तटबन्ध लमही | विनोद कुमार चापागाई | ५४०६०९, ९८५७८४०६०९ pepdang@gmail.com |
| २७. | जल उत्पन्न प्रकोप नि.सव.डि.का लमही | शिबनन्दन शाह | ५४०१८०, ९८४१४४२९९९<br>dwidpdiv18dang@gmail.com |
| २८. | मध्यपश्चिम सडक डिभिजन कार्यालय घोराही | काप्र/ बद्रि प्रसाद शर्मा | ०८२५६०२०३, ९८५७८३४६२३<br>drodng@gmail.com |
| २९. | यान्त्रिक कार्यालय घोराही | काप्र/बिजय कुमार शाह | ०८२-५६०४७९, ९८४४७०८०४० |
| ३०. | शहरी विकास तथा भवन | काप्र/राजेन्द्र पाण्डेय | ०८२-५६००२७, ९८५११३३१०१<br>dudbcdang@gmail.com |

| क्र. सं. | संस्था वा कार्यालय | सम्पर्क व्यक्ति | कार्यालयको टेलिफोन/मोबाई नम्बर |
|---|---|---|---|
| | डिभिजन कार्यालय | | |
| ३१. | हावापानी फिल्ड कार्यालय | प्रमुख : राजु मिश्र | ५६००३४, ९८६८६४१३१२ |
| ३२. | पत्रकार महासंघ | अध्यक्ष: सबिन प्रियासन | ५६१४९७, ९८५७८३०३४३ fnjdang49@gmail.com/sabinpriyasan@gmail.com |
| ३३. | दाङ जिल्ला उद्योग वाणिज्य संघ घोराही | अध्यक्ष: नारायण भुषाल | ५६००६३, ५६३४५२, ९८४७८५८४१० dangdcci@gmail.com, dangcci@yahoo.com |
| ३४. | गैर सरकारी संस्था महासंघ | सचिव : शालिकराम मुसाफिर | ९८४७८२३६४४, musaphirs@gmail.com |
| ३५. | बेस | चूर्ण चौधरी, रुपलाल चौधरी | ९८५७८२०२४३ churna@gmail.com ९८४७८४९७५५ |
| ३६. | FHRD (अपाङ्ग मानब अधिकार सरोकार मञ्च) | बासुदेव रिजाल | ०८२५६१०४३, ९८५७८३१३२६ fhrd_dang@yahoo.com |
| ३७. | आईएनएफ | सम्पर्क व्यक्ति: सिलु गुरुङ्ग | ९८४७८६१३७८ Cbr.supervisor@dang.nepal.inf.org |
| ३८. | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | सम्पर्क व्यक्ति : तिर्थ सन्तोषी | ०८२५६०२४०, ९८५७८३०३५० |
| ३९. | सीसा | अध्यक्ष : साजीदा सिद्धिकी | ९८४७८९५२२० |
| ४०. | नेपाल महिला सामुदायिक सेवा केन्द्र | कल्पना न्यौपाने | ९८५७८३२६७१ |
| ४१. | ग्रामीण महिला उत्थान केन्द्र | अध्यक्ष : आसमानी चौधरी | ९८५७८३०३८३ gmukdang@gmail.com |
| ४२. | ओरेक, दाङ | लक्ष्मी अर्याल | ०८२५६१६३६, ९८५७८२०९३८ |
| ४३. | UNFPA | क्षेत्रीय संयोजक : राम थापा | ९८५१०३०६१७, rthapa@unfpa.org |
| ४४. | SUAAHARA -II | कार्यक्रम संयोजक : सुरज कुमार शर्मा | ९८५११४९१७३ SKSharma@hki.org |
| ४५. | जिल्ला आपत्कालीन कार्यसचालन केन्द्र | खिलानाथ दाहाल | ९८४२८५७९९१ deocdang2014@gmail.com |

### ३.२ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ को अद्यावधिक २०७२, २०७४ तथा यस वर्षको अद्यावधिक २०७५ निर्माण गर्ने क्रममा अध्ययन गरिएका प्रतिवेदन तथा सामग्रीहरु, औंल्याइएका असल अभ्यास, मुख्य सिकाई र सुझावहरु निम्नानुसार उल्लेख गरिएको छ ।

| सि.नं | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मुख्य सिकाई | कुनै सुझाव भए |
|---|---|---|---|---|
| १. | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०६८ को अध्यावधिक २०७३, २०७४ | • २०६८ मा पहिलो पटक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण तथा अध्यावधिक २०७३<br>• विशेष क्षमताका आधारमा क्षेत्रगत अगुवा संस्था छनौट गरिएको<br>• जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संस्थाहरुको सूची तयार भएको | • प्रकोपको समयमा तोकिएको जिम्मेवारी अनुरुप सबैको सक्रियता नदेखिएको<br>• कार्ययोजना तयार गरेको तर नियमित समीक्षा हुन नसकेको | • जिल्लामा एउटा विपद् व्यबस्थापन कोषको स्थापना गर्नु पर्ने<br>• क्षेत्रगत निकायहरुले सक्रियतालाई बृद्धि गर्नुपर्ने । |
| २. | जिल्ला विकास आवधिक योजना | जिल्लाको समग्र विकास निर्माण सम्बन्धी सम्पूर्ण विवरणहरु समेटिएको योजना प्रकाशित भएको | • आवधिक योजनामा विपद् व्यवस्थापनलाई स्थान दिनु राम्रो | आबधिक योजना कार्यन्वयनमा ल्याउनुपर्ने । |

| सि.नं | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मुख्य सिकाई | कुनै सुझाव भए |
|---|---|---|---|---|
| ३. | जिल्ला जनसंख्या पार्श्वचित्र २०६७ लाई अद्यावधिक गरी २०७१ निर्माण | जिल्लाको समग्र जनसांख्यिक सूचकको अवस्था थाहा पाउन सकिने भएको | • पार्श्वचित्रमा विपद्संग सम्बन्धित प्रयाप्त तथ्याङक समेटिन नसकेको | • पार्श्वचित्रमा विपद्संग सम्बन्धित अधिकतम सूचना समाबेश गर्नुपर्ने । |
| ४ | जिल्ला बिपद् व्यवस्थापन योजना २०७३ | सबै स्थानीय तहले संचालन गर्ने विकासका गतिबिधिहरुलाई बिपद् मैत्री बनाई बिपत् जोखिम न्यूनीकरणमा सहयोग भएको | • जिल्लामा संचालन हुने गरेका विकास निर्माणका गतिबिधिहरुलाई थप बिपद् मैत्री बनाइनु पर्ने | • जिल्लाको बिपद् व्यवस्थापन रणनीतिबारे सबै सरोकारवाला निकाय जानकार हुनुपर्ने<br>• स्थानीय तहकोसमेत बिपद् व्यवस्थापन रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनुपर्ने |
| ५ | स्थानीय विपद् व्यबस्थापन योजना २०६८ निर्माण | विपद् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा आउनु | विपद् व्यबस्थापन योजना निर्माणमा स्थानीयतहलाई बढि सहभागिता गराइए तापनि नेतृत्वदायी भूमिकामा कमी | स्थानीय विपद् व्यबस्थापन योजनाबारे सबै जानकार हुनु आवश्यक सबै स्थानीय तहले बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्यानुपर्ने |

### ३.३. विभिन्न बैठकका निर्णयहरू :

२०७४ फाल्गुण १५गते जिल्ला बिपद् व्यवस्थापन समितिको बैठकमा जिल्लामा विपद्को अवस्थाको समिक्षा गर्दै बिपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७३ को अध्यावधिक २०७४ लाई पुनः अद्यावधिक गर्ने निर्णय बमोजिम जिल्ला प्रशासन कार्यालयका दाङका प्रशासकीय अधिकृत अमरराज शर्मा संयोजक, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रका सुचना व्यवस्थापन अधिकृत खिलानाथ दाहाल, नेरेसो दाङ जिल्ला शाखाका १ जना प्रतिनिधिहरुबाट योजनालाई अद्यावधिक गर्ने काम शुरु गरिएको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिले सबै स्थानीय तहबाट आएको योजना र क्षेत्रगत अगुवा निकायहरुले बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रमा उपलब्ध गराउने भने बमोजिम नेपाल सरकारको नीति तथा निर्णय अनुसार क्षेत्रगत अगुवा निकायहरु स्थानीय तहमा समावेश भइरहेकोले जिल्लामा रहेका बिषय क्षेत्रगत कार्यालयहरुलाई समावेश गरी जिल्लाको योजना तयार गरिएको छ भने स्थानीय तहमा रहेका क्षेत्रगत निकायहरुको कार्य सबै स्थानीय तहले गर्ने गरी योजना तयार गरिएको छ ।

### ३.४. विपद् जोखिम विश्लेषण:

#### ३.४.१ दाङ जिल्लाको प्रकोपको अवस्था ( Disaster Scenario)

यस जिल्ला भएर बग्ने राप्ती र बबई मुख्य दुई नदी प्रणाली हुन् भने यी अन्तर्गतका ४ दर्जन बढी नदीनालाहरु यी दुई नदीमा मिसिने सहायक नदी प्रणालीहरु हुन् । राप्ती नदीमा आउने बाढीले हरेक बर्ष कहिले मानवीय क्षति त कहिले सयौ हेक्टर जमिन कटान गर्ने क्रम निरन्तर जारी राखेको छ । २०७१ साउनमा बबई नदी र यस प्रणालीमा मिसिन आउने नदीहरुमा आएको बाढीले यस जिल्लामा १५ जनाको मृत्यु भयो । ३ जना अझै बेपत्ता छन् । ३ सय ९८ घर पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् भने २०७४ मा बवई नदीमा आएको बाढीका कारण ७ जनाको मृत्यु २ जना घाईते र १ जना बेपत्ता भएको र ३५९ घर पूर्ण क्षति र २८२ घर आंशिक रुपमा क्षति भएका घरपरिवारहरुलाई राहत पुनः स्थापनाको कार्य निरन्तर चलिरहेको छ ।

#### ३.४.२ दाङ जिल्लाको विगत ५ बर्षको बाढी, आगलागी, हावाहुरी, चट्याङ्ग, लगायत बहुबिपदबाट भएको क्षतिको विवरण स्थानीय तह अनुसार

| क.स. | साबिक गा.बि.स. | जम्मा घरधुरी | प्रभावित घरधुरी | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०६९/०७० | ०७०/०७१ | ०७१/०७२ | ०७२/०७३ | ०७३।७४ | ०७४।७५ ०७४चैत्रसम्म | जम्मा |
| १. | तुलसीपुर उमनपा | ३१२६२ | २७ | ५३ | ३४४ | २७ | २१ | २२९ | ७०१ |
| २. | घोराही उमनपा | ३५४५२ | २० | २४ | ४८ | ३६ | २९ | ९१ | २४८ |
| ३. | लमही नगरपालिका | ९४३८ | ६ | ४ | १३ | २२ | १७ | ६५ | १२७ |
| ४. | राजपुर गाउँपालिका | ४४७६ | ९ | ८ | ४१ | १७ | १२ | ६७ | १५४ |
| ५. | गढवा गाउँपालिका | ७२७१ | १८ | १३ | ८ | ३८ | २६ | ४ | १०७ |
| ६. | राप्ती गाउँपालिका | ८०५८ | ९ | १९ | १२ | २८ | १८ | ३ | ८९ |
| ७. | बंगलाचुली गाँउपालिका | ४७३० | ४ | ७ | १३ | ८ | ७ | २२ | ६१ |
| ८. | बवई गाउँपालिका | ५९४५ | ५ | ५ | १७९ | १० | ७ | ७९ | २८५ |
| ९. | शान्तिनगर गाँउपालिका | ५३२८ | ७ | ५ | २८ | ८ | ५ | ७२ | १२५ |
| १०. | दंगीशरण गाउँपालिका | ४४५५ | ७ | ५ | ८७ | ८ | ६ | ९८ | २१० |
| | **जम्मा** | **११६४१५** | **११२** | **१४३** | **७७३** | **२०२** | **१४८** | **७३०** | **२१०८** |

*श्रोत-नेपाल रेडक्रस सोसाईटी दाङ २०७४ ।*

**नोटः-** विगत ६ बर्षको यो तथ्याङ्क बाढी, आगलागी, हावाहुरी, चट्यांगलगायतका बहुबिपद्बाट प्रभावितहरुको हो । यो अवधीमा कुल २ हजार १ सय ८ घरघुरीले बहुबिपद्बाट प्रभाबित राहत बितरण भएका छन् । गत बर्षको तुलनामा बाढीका कारण प्रभावितहरुको संख्या बृद्धि भएको हो ।

### ३.४.३ दाङ जिल्लामा आगलागी र बाढीबाट प्रभावित भएको घर संख्या :

| बिपद् | ०६९/०७० | ०७०/०७१ | ०७१/०७२ | ०७२/०७३ | ०७३/७४ | ०७४/७५ ०७४ चैत्रसम्म | जम्मा | औषतमा प्रति बर्ष प्रभावित हुने घरसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | ८ | ८ | ५९३ | ४८ | २८ | ६४१ | १३२६ | २ सय २१घर |
| आगलागी | १०४ | १३७ | १८० | ११८ | ८५ | ७८ | ७०२ | १ सय १७ घर |
| हावाहुरी, असिनापानी, चट्याङ्ग | | | | | १३ | ११ | २४ | ४ घर |
| दुवै प्रकोप जम्मा | ११२ | १४५ | ७७३ | १६६ | १२६ | ७३० | २०५२ | ३४२ घरपरिवार |

*श्रोत-DEOC/DDMC,नेपाल रेडक्रस सोसाईटी दाङ २०७४*

नोटः- माथिको तालिकाले विगत ६ बर्षको आगलागी र बाढीबाट भएको क्षतिको विवरण देखाएको छ । जिल्लाभरको अवस्था हेर्दा हरेक बर्ष १ सय १७ घर आगलागीको चपेटामा परेका छन् भने बाढीबाट २ सय २१ घर र अन्य बहुबिपद्

बाट ४ घर प्रत्येक बर्ष बिपद्का कारण क्षति हुने गरेको छ । आ.व. ०७१/०७२ र ०७४/७५ मा बबई नदीमा आएको बाढीले सयौंको संख्यामा खेतियोग्य जमिनसमेत कटान गरेको छ । यस आँकडाले विपद्को तयारी तथा प्रतिकार्यलाई अफ्न तयारीका साथ अगाडि बढाउनुपर्ने देखिन्छ ।

### ३.४.४ दाङ जिल्लामा बितेको ७ बर्षमा भएको सडक दुर्घटनाको अवस्था मापन :

| आर्थिक वर्ष | दुर्घटना संख्या | मृत्यु | घाईते | संलग्न सवारी |
|---|---|---|---|---|
| आव २०६८/०६९ | ८१ | ७६ | ३१५ | १६६ |
| आव २०६९/०७० | १६० | ५४ | ३३७ | १८९ |
| आव २०७०/०७१ | १५७ | ७४ | ३१५ | २११ |
| आव २०७१/०७२ | १३० | ५४ | १८१ | १६९ |
| आव २०७२/०७३ | ११२ | ७१ | २४४ | १४८ |
| आव २०७३/०७४ | १४० | ७७ | २२१ | १७२ |
| आव २०७४/७५ चैत्रसम्म | १२२ | ५९ | २११ | १५८ |
| जम्मा | ९०२ | ४६५ | १८२४ | १२१३ |
| औषतमा प्रतिबर्ष | १२९ वटा दुर्घटना | ६७ जनाको मृत्यु | २६० जना घाईते | १७४ सवारी साधन दुर्घटनामा क्षति |

*श्रोत- जिल्ला ट्राफिक प्रहरी कार्यालय दाङ, २०७४*

नोटः- माथिको तालिकाले विगत ७ वर्षमा भएका सवारी दुर्घटनाको अवस्थालाई झल्काउँछ । दाङमा हरेक बर्ष १२९ वटा दुर्घटनाका घटना भईरहेका छन् भने ६७ जनाको मृत्यु भइरहेको छ । सवारी र्दुघटनाका कारण मृत्यु हुनेको संख्यामा बृद्धि भएको देखिन्छ । यस्तै हरेक बर्ष औषतमा २ सय ६० जना दुर्घटनाको कारणले घाईते भएका छन् । यी दुर्घटनामा संलग्न सवारी साधन संख्या १७४ वटा रहेका छन् ।

### ३.४.५ दाङ जिल्लामा हुने विपदहरुको जोखिमता विश्लेषण :

दाङ जिल्लामा हुने विपद्हरुको जोखिमता विश्लेषण गर्ने काम पहिलो पटक वि.सं. २०६८ मा तयार गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका क्रममा गरिएको थियो । यसलाई अद्यावधिक गर्ने सन्दर्भमा सम्पूर्ण स्थानीय तहहरु, जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरुसँग छलफल गरी जिल्लामा हुनसक्ने जोखिमका क्षेत्रहरु पहिचान गर्ने तथा उक्त प्रकोपको जोखिमतालाई विश्लेषण गरिएको छ । जसअनुसार दाङमा रहेका जोखिमहरु निम्न प्रकार रहेको पाइएको छ ।

**क. बाढी, ख. पहिरो, ग. आगलागी, घ. सडक दुर्घटना, ङ. भुकम्प, च. सर्प दंश र छ. चट्याङ**

**३.४.६ विपद्का क्षेत्र तथा जोखिमता विश्लेषण :**

| क्र. सं. | स्थानीय तह | सम्भावित विपद्को प्रकार (१ निम्न-५ उच्च) | | | | | | | विपद्स्तर संकेत (भुकम्प सबै स्थानीयतह) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वाढी | पहिरो | आगलागी | भूकम्प | सडक दुर्घटना | शीत लहर | सर्प दंश | |
| १. | घोराही उमनपा | ३ | २ | २ | ४ | ५ | १ | १ | बाढी र आगलागी |
| २. | तुलसीपुर उमनपा | ४ | २ | २ | ४ | ५ | १ | १ | बाढी, सडक दुर्घटना, आगलागी |
| ३. | लमही नपा | ४ | १ | ३ | ४ | ५ | ३ | २ | दुर्घटना बाढी र आगलागी, सर्पदंश |
| ४. | राजपुर गापा | ४ | ३ | ४ | ४ | १ | ३ | २ | बाढी र आगलागी, सर्पदंश |
| ५. | गढवा गापा | ४ | २ | ४ | ४ | १ | ३ | ४ | बाढी, आगलागी, सर्पदंश |
| ६. | राप्ती गापा | ५ | २ | ३ | ४ | ५ | ३ | ३ | बाढी, सडक दुर्घटना, |

| क्र. सं. | स्थानीय तह | सम्भावित विपद्को प्रकार (१ निम्न-५ उच्च) | | | | | | | विपद्स्तर संकेत (भुकम्प सबै स्थानीयतह) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बाढी | पहिरो | आगलागी | भूकम्प | सडक दुर्घटना | शीत लहर | सर्प दंश | |
| | | | | | | | | | सर्पदंश, पहिरो |
| ७. | बवई गापा | ५ | २ | २ | ४ | २ | २ | २ | बाढी, आगलागी, सर्पदंश |
| ८. | शान्तिनगर गापा | ३ | ३ | २ | ४ | २ | १ | १ | बाढी र पहिरो |
| ९. | दंगीशरण गापा | ३ | २ | २ | ४ | २ | २ | १ | बाढी, आगलागी, |
| १०. | बंगलाचुली गापा | २ | ५ | ३ | ४ | १ | १ | १ | पहिरो, आगलागी |

*श्रोत : जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रको बार्षिक प्रतिबेदन २०७४*

माथिको विपद् जोखिम स्तरीकरणमा ५ अंकलाई उच्च जोखिम, ४ अंकलाई जोखिम र ३ अंकलाई मध्यम जोखिम मानिएको छ भने २ र १ अंकलाई कम जोखिममा राखिएको छ। भुकम्प सबै उमनपा नपा/गापाका लागि जोखिमको क्षेत्र मानिएकाले यहाँ छुट्टै राखिएको छैन। तालिकामा देखाउन उच्च जोखिम र जोखिमलाई जोखिम क्षेत्रका रुपमा एक खण्डमा र मध्य जोखिम क्षेत्रका रुपमा राखिएको छ। बाढी र भुकम्पको बिपद्का लागि नेरेसोले तयार गरेको आकस्मिक योजनालाई पनि आधार मान्न सकिन्छ।

**३.४.७ विपद् जोखिम बिश्लेषणको सूचक अनुसारको एकिकृत तालिका :**

| विपद्को क्षेत्र | उच्च जोखिम क्षेत्र | मध्य जोखिम |
|---|---|---|
| भुकम्प (Earthquake) | स्थानीय तहका सबै क्षेत्र | - |
| बाढी (Flood) | राजपुर गापा, गढवा गापा वार्ड १,२,३,४,५,६,७, राप्ती गापा वार्ड नं १,२,३,४,५,६,७,८ दंगीशरण गापा वार्ड नं.१,२, बवई गापा वार्ड नं. १, ७, शान्तिनगर गापा वार्ड नं.५,६ र ७, लमही नगरपालिका वार्ड नं २,४,६, तुलसीपुर उमनपा वार्ड नं.५,११,१३ | तुलसीपुर उमनपा वार्ड नं.१,२,३,४, ७,१२,१४,१५,१६,१७,१८,१९, घोराही उमनपा वार्ड नं. ३,५,८,९,११,१२, लमही नगरपालिका वार्ड नं ९ गढवा गापा वार्ड नं. ८, |
| पहिरो (Landslide) | बंगलाचुली गापा वार्ड नं. ३,४,५ र ६ तथा शानितनगर गापा वार्ड नं. १ र ३ | बबई गापा वार्ड नं. २,३, बंगलाचुली गापा वार्ड नं. १,२ र ८, राप्ती गापा वार्ड नं. ९ |
| आगलागी (Fire) | राजपुर गापा र गढवा गापा, दंगिशरण, बंगलाचुली गापा, बवई गापा १, २, | राप्ती गापा वार्ड नं. ९, शान्तिनगर गापा, बवई गापा वार्ड नं. ३,४,५,६,७ |
| सडक दुर्घटना (Road accident) | तुलसीपुर र घोराही उमनपा, लमही नपा वार्ड नं. २,३,६,८ र ९, राप्ती गापा वार्ड नं. ६ र ७, | अन्य सबै गापा उमनपा, नपा क्षेत्रका वार्डहरु |
| सर्पदंश (Snake Bite) | राजपुर गापा, गढवा गापा, दंगीशरण गापा | राप्ती गापा, लमही नपा वार्ड नं.९, |
| शीतलहर (Coldwave) | - | राजपुर गापा र गढवा गापा राप्ती गापा र लमही नपा |

*श्रोत: नेरेसो,जिआकासके दाङको बार्षिक प्रतिबेदन २०७४*

*विपदको जोखिम विश्लेषण नक्सा :*










जिल्ला बिपद व्यवस्थापन समिति, जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्र दाङ ।

### ३.४.८ जिल्लामा हुनसक्ने विपदको क्षतिको सम्भावित अवस्थाः (Possible Scenario)

**क**). **बाढी (Flood)**

बाढीको कारणबाट जिल्लाका धेरै स्थानीय तहहरु प्रभावित भइरहेका छन् ।
जिल्लाभित्र रहेका मुख्य नदी तथा यसको प्रभावलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

<table>
<tr><th>क्र. सं.</th><th>मुख्य नदि</th><th>प्रभावित हुने क्षेत्र</th><th>प्रभाव पार्न सक्ने क्षेत्र</th><th>कैफियत<br>सम्भावित क्षति</th></tr>
<tr><td>१</td><td>राप्ती नदि</td><td>राजपुर गापा, गढवा गापा वार्ड १,२,३,४,५,६,७,८ राप्ती गापा वार्ड नं. १,२,३,४,५,६,७,८, लमही नगरपालिका वार्ड नं २,४,६,९</td><td>४ वटा स्थानीय तह अधिकांश वडाहरु</td><td rowspan="3">प्रभावित घरधुरी १०००<br>५ सय पूर्ण रुपमा प्रभावित ।<br>३ सयघर आंशिक क्षति हुने ।<br>जसमध्ये २ सय बढी घर एक हप्तादेखि १ महिनासम्म विस्थापित ।<br>मानवीय क्षतिमा मृत्यु, घाईते तथा बेपत्ता हुनसक्ने ।<br>पशु चौपाया लगायतका जिबिकोपार्जनका श्रोतहरुमा क्षति पुग्ने ।<br>जमिन १०२७ खेतियोग्य हेक्टर जमिन डुवान ।</td></tr>
<tr><td>२</td><td>बबई नदि</td><td>दंगीशरण गापा वडा नं.१,२, बवई गापा वडा नं. १, ७, शान्तिनगर गापा वडा नं.५,६ र ७, तुलसीपुर उमनपा वडा नं.१,२,३,४,.५,११,१३,७,१२,१४,१५,१६,१७,१८,१९ र घोराही उमनपा वडा नं. ३,५,८,९,११,१२,</td><td>५ वटा स्थानीय तहका केही वडाहरु</td></tr>
<tr><td colspan="4">यस बाहेक राप्ती नदी प्रणालीमा जोडिने रनसिंह, बनघुस्री, बौरा, पत्रिङ्गा, महदेबा, सुपैला, पर्नाहा, भालुदोब्रे, मानपुर, गुरुङ, माररी, रसरी, कालिपुरुवा, मंग्रेठा, महतनी, कक्रहवा, करङ्गा, गंगदी, बनकट्टी, भित्री सिक्टा, सुनपथ्री/गोठुवा, गनाहा, बगाहसोती, भालु, फेहरी, कटेसनाला, करम्दी, दोलही, सिङ्गै, कौडिया, अर्नवा अर्जुन, उचानिम्बु, भत्तरकुण्डा, रिहार, च्याउ, अमिलिया र शिबखोलाले देउखुरीका उपत्यकाका गाविसहरु र बालिम, सिस्ने, कटुवा, सेवार, गुर्जे, हापुर, पत्रे), सक्राम, चौवा, ग्वार, काला, पातु, गहते, भमके, बागर, बौलाहा, चिसापानी, च्यान्टी, उपल्लो/तल्लो ट्वाङ, सुसाउने, तुई, कलम, घट्टे, (शिर र पधेरा), मलै खोलाले दाङ र फुलबारी उपत्यकाका गाविसहरुमा उल्लेख्य मात्रामा खेतियोग्य जमिनको कटान, बालीको नोक्सानी तथा सयौ हेक्टर जमिन कटान गरिरहेको अवस्था छ ।</td></tr>
</table>

**बाढीः २०७१ र २०७४**

| २०७१/०४/२८ र २९ गते गएको बाढीबाट प्रभावित | २०७४/०४/२८, २९ र ३० गते गएको बाढीबाट प्रभावित |
|---|---|
| जनसंख्याः-<br>● जम्मा प्रभावित : ५३८५<br>● पूर्ण प्रभावितः ३३२१<br>● आंशिक प्रभावितः २०६४ | जनसंख्याः-<br>● जम्मा प्रभावितः ३०१८<br>● पूर्ण प्रभावितः १६८९<br>● आंशिक प्रभावित : १३२० |

| भौतिक क्षतिः- | भौतिक क्षतिः- |
|---|---|
| • जम्मा घरधुरी : ९६१<br>• पूर्ण घरधुरी : ५९३<br>• आंशिक घरधुरी : ३६८<br>मानवीय क्षतिः-<br>• मृत्यु : १८ जना<br>• घाइतेः २ जना<br>*श्रोतःजिल्ला बिपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७३* | • जम्मा घरधुरीः ६४१<br>• पूर्ण घरधुरीः ३५९<br>• आंशिक घरधुरीः २८२<br>मानवीय क्षतिः-<br>• मृत्यु : ७ जना<br>• बेपत्ता : १ जना<br>• घाइते : २ जना<br>*श्रोतःजिल्ला आपत्कालिन कार्य संचालन केन्द्र वाढी प्रतिवेदन २०७४* |

**ख) भूकम्प (Earth Quake)**:

यस जिल्लामा हालसम्म भुकम्पका कारण कुनै त्यस्तो क्षति ब्यर्होनु परेको छैन र भुकम्प प्रतिकार्यको अनुभव पनि छैन तर Humanitarian Country Team (HCT) and key partners engaged Durham University ले गरेको अध्ययन अनुसार नेपालको मध्य तथा सुदुर पश्चिम भागमा भुकम्प जानसक्ने सम्भावना रहेको ठूलो मात्रामा जनधनको क्षति हुनसक्ने अनुमान गरेको छ । HCT को प्रतिवेदनलाई आधार मान्ने हो भने भुकम्पको प्रतिकार्यको लागि राम्रो तयारी गर्नुपर्ने देखिन्छ । विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न जिल्लामा उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नुपर्ने देखिन्छ ।

**ग) आगलागी (Fire)**

| प्रभावित गाविस | संभावित क्षति विवरण |
|---|---|
| घोराही, तुलसीपुर उमनपा र लमही नपा, राप्ती गाउँपालिका, राजपुर गाउँपालिका, बंगलाचुली गाउँपालिका जोखिममा रहेको | औषतमा १ सय १७ घरमा हरेक बर्ष आगलागीबाट क्षति हुने गरेको । जुन बिगत बर्षहरु भन्दा केहि कम हो ।<br>• जिन्सी, भांडा, लत्ताकपडा ६० प्रतिशत<br>• नगद १५ प्रतिशत<br>• अन्न ७० प्रतिशत<br>• कागजपत्र ७० प्रतिशत<br>• भौतिक सम्पत्ती घर ८० प्रतिशत<br>• मानवीय क्षति ४ प्रतिशत<br>• चौपाया १० प्रतिशत |

**घ) सडक दुर्घटना (Road Accident)**

मानवीय क्षतिको हिसावले हेर्ने हो भने सडक दुर्घटना यस जिल्लाको पहिलो चुनौतिको रुपमा रहेको छ ।

| प्रभावित गाविस | संभावित क्षति विवरण |
|---|---|
| पूर्व पश्चिम राजमार्ग क्षेत्र, लमही तुलसीपुरसम्मको क्षेत्र उच्च जोखिममा रहेको | औषतमा प्रतिवर्ष मृत्यु ६७ जना<br>औषत प्रतिवर्ष घाईते २ सय ६० जना<br>गंभिर घाइते घाइतेको करिब १०० जना अंगभंग<br>पशुचौपायाको क्षति औषत ४ वटा<br>सवारी साधनको क्षति औषत प्रतिबर्ष १७४ वटा |

### ङ) शीतलहर

| प्रभावित गाविस | संभावित क्षति विवरण |
|---|---|
| जिल्लाका १० **स्थानीय तह**हरुमध्ये देउखुरीमा पर्ने लमही नगरपालिका, राप्ती गापा, राजपुर गापा, गढवा गापा शीतलहरको मध्यम जोखिम रहेको । | बिगत बर्षहरुमा शितलहरबाट मृत्यु हुने संख्या नभएको तर प्रभावित भई बिरामी हुने गरेको छ । विरामीको संख्या १०० जनाभन्दा बढी । |

### च) शर्पदंश (Snake Bite )

| प्रभावित गाविस | संभावित क्षति विवरण |
|---|---|
| **उच्च जोखिम** :राजपुर गाउँपालिका, गढवा गाउँपालिका, राप्ती गाउँपालिका, लमही नपा<br>**मध्यम जोखिम** : दंगिशरण गापा, बवई गापा, शान्तिनगर गापा, तुलसीपुर उमनपा, घोराही उमनपा, बंगलाचुली गापा | औषतमा अनुमानित मृत्यु ४-६ जना ।<br>गंभिर बिरामी भएर निको हुने २५-३० जना । |

विपद्को कारणले प्रत्येक वर्षमा हुने व्यापक धनजनको क्षति र विस्थापित लगायत प्रभावितहरुको लागि एउटा सहभागितामूलक विपद् तयारी योजना निर्माण गरी कार्यान्वयन गर्नसके मात्र प्रभावितहरुले न्याय पाउनसक्ने अवस्था भएको हुँदा विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न जिल्लास्तरमा विपद् योजनाको आवश्यकता महसुस गरिएको छ । त्यसैले यस दाङ जिल्लामा देखिएका सम्भावित विपद्हरुलाई व्यवस्थापन तथा न्यूनीकरण गर्नका लागि योजनाबद्ध रुपले अगाडी बढ्नुपर्ने आवश्यकता भएको हुँदा जिल्लास्थित सबै स्थानीय तहहरुले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता छ ।

### ज) दाङ जिल्लामा जोखिममा रहेको जनसंख्या (बिपद्मा ख्याल गरिनुपर्ने वर्ग)

| क्र.सं. | बिबरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | एकबर्ष मुनीको जनसंख्या | १२९२७ | |
| २ | ५ बर्ष मुनीको जनसंख्या | ५३४७४ | |
| ३ | एकल महिला | ११४५८ | |
| ४ | जेष्ठ नागरिक ६० माथिको | ५१४५३ | |
| ५ | गर्भवती महिला | १६५९३ | DPHO Target 2073 |
| ६ | अपाङ्गता भएका व्यक्तिहरु | १२८८१ | २.३३ प्रतिशत |
| ७ | १० - १९ उमेरका किशोरीहरु | ७३९९८ | |
| ८ | प्रजनन् उमेरका महिला | १५७०८१ | |
| | जम्मा जनसंख्या | ३८०८५६ | |

*श्रोत : केतबि २०६८ र दाङ जिल्लाको नपा/गापा प्रोफाईल २०७४*

## ३.५.जिल्लाको निकायगत श्रोत साधनको आंकलन (Stakeholders Stocks Mapping)

जिल्लामा बिपद् पर्दा प्रयोगमा आउनसक्ने श्रोतलाई निकायगत हिसावले आँकलनको प्रयास गरिएको छ । जसलाई तलको तालिकामा दिइएको छ ।

| क्र. सं. | कार्यालय/संस्था | सामाग्रीको विवरण (खाद्य, गैर खाद्य) | परिमाण | उपलब्ध स्थान | प्राप्त गर्न लाग्ने समय |
|---|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | राहत वितरणका लागि नगद | १० लाख चालु बर्ष | नेबैलि | तत्काल, नेपाल सरकारको स्वीकृत मापदण्ड अनुरुप |
| २. | जिल्ला संमन्वय समिति | समन्वय | | जनशक्ति | स्थानीयतहसँगको समन्वयमा तत्काल प्रतिकार्य गर्न सकिने |
| ३. | जिल्ला कृषि विकास कार्यालय | बिउबिजन तथा बिषादी | | सबै स्थानीय तहको ईकाईमा | तत्काल, जि.कृ.वि.का.को स्वीकृत मापदण्ड अनुरुप |
| ४. | जिल्ला बन कार्यालय | काठ उपलब्ध गराउन सकिने | आवश्यकता अनुसार | जिल्ला/ई.ब.का. मा | तत्काल जिल्ला बिपद् ब्यवस्थापन समितिको आवश्यकता अनुसार |
| ५. | जिल्ला जनस्वास्थ्य कार्यालय | दक्ष जनशक्ति<br>RRT<br>औषधी | १५ देखि २० जनासम्म | जिश्वाका, स्युजा, श्रीगाउँ, मानपुर र लमही | तत्काल आवश्यकता अनुसार ११ वटा निजी अस्पतालहरुको समन्वयमा |
| ६. | नेपाली सेना रिपुमर्दन गण | दक्ष जनशक्ति | १०० जना | घोराही तुलसीपुर लमही | तत्काल |
| ७. | सशस्त्र प्रहरी वल | दक्ष जनशक्ति | ८८ जना भन्दा बढी | भालुबाङ,लमही, | तत्काल |
| ८. | नेपाल प्रहरी | दक्ष जनशक्ति | १३४ जना | जिल्लाभर | तत्काल, सामान्य घरेलु औजार |
| ९. | नेपाल रेडक्रस सोसाइटी | गैर खाद्य सामग्री<br>एम्बुलेन्स<br>जुरेस ईकाई<br>प्राथमिक उपचारबक्स<br>खोज तथा उद्धार सामग्री | ५० सेट<br>२ वटा<br>५४ वटा<br>१० सेट<br>१ सेट | ने.रे.स. दाङ | तत्काल |
| १०. | जिल्ला शिक्षा विकास समन्वय ईकाई | शैक्षिक सूचना संकलन जनशक्ति | | सबै स्थानीय तहमा | स्थानीय तहमा रहेको ईकाईमा समन्वय गरी आवश्यकता अनुसार |
| ११. | महिला तथा बालबालिका कार्यालय | मनोबिमर्ष कर्ता<br>डिग्नीटी किट<br>कम्मल | २ जना<br>१० वटा<br>आवश्यकतानुसार | महिला तथा बालबालिका कार्यालय | स्थानीय तहसँगको समन्वयमा |
| १२. | राजनैतिक दल | | स्वयंसेवक | | आबश्यकता अनुसार कार्यकर्ता परिचालन |
| १३. | यान्त्रिक कार्यालय | डोजर<br>लोडर<br>पानी ट्याडकर | १<br>१<br>१ | यान्त्रिक कार्यालय | मध्यपश्चिम तथा क्षेत्रीय डिभिजन कार्यालयको स्विकृतिमा |
| १४. | भुमिगत जल परियोजना | चेनपुल्ली | १ | भुजबि लमही | तत्काल आवश्यकता अनुसार |
| १५. | राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान | एम्बुलेन्स, आकस्मिक सेवा | १ वटा<br>२४ सैं घण्टा | घोराही | तत्काल आवश्यकता अनुसार |

| क्र. सं. | कार्यालय/संस्था | सामाग्रीको विवरण (खाद्य, गैर खाद्य) | परिमाण | उपलब्ध स्थान | प्राप्त गर्न लाग्ने समय |
|---|---|---|---|---|---|
| १६. | यातायात व्यवसायी समितिहरु | यातायात तथा ढुवानीका साधन | आवश्यक पर्ने जति | दाङका सबैजसो स्थानमा | भाडामा तत्काल आवश्यकता अनुसार |
| १७. | बेस | केही नगद | स्वयंसेवक तथा केही | बैक, समुदाय | आवश्यकता अनुसार |
| १८. | अपांग मानवअधिकार सरोकार मञ्च | अपांगताका लागि औजारहरु | स्वयंसेवक | समुदायमा | आवश्यकता अनुसार |
| १९. | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | | स्वयंसेवक | | बिपद्को बेला सहयोग गर्न सकिने |
| २०. | सीसा | | | | बिपद्को बेला सहयोग गर्न सकिने |
| २१. | नेपाल महिला सामुदायिक सेबा केन्द्र | केही नगद<br>आकस्मिक कोष<br>शैक्षिक सामग्री | | | बिपद्को बेला सहयोग गर्न सकिने |
| २२. | ओरेक | | स्वयंसेवक | | आवश्यकता अनुसार |
| २३. | ग्रामीण महिला उत्थान केन्द्र | आकस्मिक कोष<br>शैक्षिक सामग्री | स्वयंसेवक | बैक, समुदाय | आवश्यकता अनुसार |

*श्रोत: निकायगत कार्यालय दाङ २०७४*

### ३.५.१ जिल्लामा उपलब्ध खोज तथा उद्धारका समाग्रीहरू (Heavy Equipments) :-

| क्र.सं. | विवरण | उपलब्ध साधन मात्रा | उपलब्ध हुने निकाय |
|---|---|---|---|
| १ | दमकल | ४ वटा | घोराही र तुलसीपुर उमनपा तथा लमही नगरपालिका |
| २ | डोजर | ८३ वटा | १ बटा यान्त्रिक कार्यालय, ८२ निजी भाडामा लिन सकिने ।<br>नेपाल ह्याबी ईक्युप्मेन्ट व्यवसायी संघ दाङ । |
| ३ | लोडर | २ | यान्त्रिक कार्यालय । |
| ४ | स्काभेटर २२० | १३ वटा | निजी भाडामा लिन सकिने (नेपाल ह्याबी ईक्युप्मेन्ट व्यबसायी संघ दाङ) । |
| ५ | बुल्डोजर | नभएको | मध्यपश्चिम क्षेत्रीय सडक निर्देशनालय नेपालगञ्जबाट मगाउनुपर्ने अवस्था । |
| ६ | क्रेन | नभएको | मध्यपश्चिम क्षेत्रीय सडक निर्देशनालय नेपालगञ्जबाट मगाउनुपर्ने अवस्था । |
| ७ | सब बाहन | १ वटा | लमही अस्पताल |
| ८ | डुङ्गा | १२ वटा | सिसहनियाँ, गोबर्डिहा, गंगापरस्पुर, बेला राजपुर, सतवरिया । |
| ९ | यातायात साधन बस, ट्रक, गाडी | प्रसस्त | यातायात समितिहरुसँग समन्वयमा भाडामा लिएर चलाउन सकिने । |
| १० | पानी ट्याङ्कर | १५ वटा | खापाउ संस्था घोराही उमनपा र अन्य निजी रुपमा संचालन भएकाबाट भाडामा लिन सकिने । |
| ११ | ईन्धन पम्पहरु | ४२ वटा | २० हजारदेखि १ लाख लिटरसम्मका निजी पेट्रोल तथा डिजेल पम्पहरु |
| १२ | चेनपुल्ली | १ वटा | भुमिगत जल परियोजना लमही । |
| १३ | टुचिन | १ वटा | नेपाली सेना । |
| १४ | एम्बुलेन्स | ३८ वटा | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, निजी अस्पताल, स्वास्थ्य चौकी लगायत निजी र नेपाल रेडक्रस सोसाइटीकोसमेत । |

### ३.५.२ सुरक्षा निकायहरूसँग भएका खोज तथा उद्धारका सामाग्रीहरू (Search and Rescue Materials):

| क्र. सं. | सामग्री विवरण | नेपाली सेना | सशस्त्र प्रहरी वल | | नेपाल प्रहरी | जिल्ला प्रशासन कार्यालय | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | सिसुका | ज्वालामाई | | | |
| १ | प्लाष्टिक डोरी (मीटर) | १००० | ६२५ | - | २२७० | - | ३८९६ |
| २ | क्लाइम्बीङ डोरी (मीटर) | २०० | - | - | - | २०० | ४०० |

| क्र. सं. | सामग्री विवरण | नेपाली सेना | सशस्त्र प्रहरी वल | | नेपाल प्रहरी | जिल्ला प्रशासन कार्यालय | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | सिसुका | ज्वालामाई | | | |
| ३ | क्याराविना (गोटा) | ४ | २ | - | - | ४ | १० |
| ४ | गल (गोटा) | १ | ५ | ३ | ७ | - | १६ |
| ५ | जस्ताको वाल्टीन (गोटा) | ३ | १५ | - | ९ | ३ | ३० |
| ६ | सावेल (गोटा) | ६ | ३ | १० | १९ | - | ३८ |
| ७ | हेल्मेट (गोटा) | १४ | ३७ | १० | ९ | २ | ७० |
| ८ | स्ट्रेचर (गोटा) | २ | ३ | ५ | ९ | १० | २९ |
| ९ | फायर एक्सटीनगुईसर (गोटा) | १ | ५ | - | - | १ | ७ |
| १० | पिग (गोटा) | १० | ७ | १० | १५ | ११ | ५३ |
| ११ | लाइफ ज्याकेट (गोटा) | ५० | २१ | ३५ | १३० | १५ | २५१ |
| १२ | मोटर बोट (गोटा) | १ | - | - | - | - | १ |
| १३ | रवर वोट प्याडल र पम्प सहित (गोटा) | १ | - | १ | - | - | २ (नेरेसोमा थप १ वटा रहेको छ) |
| १४ | मेगाफोन (गोटा) | - | १ | - | ४ | २ | ७ |
| १५ | रबर ट्युव (गोटा) | ३ | ९ | - | २५ | - | ३७ |
| १६ | मेटल बकेट (गोटा) | - | ३ | - | - | ३ | ६ |
| १७ | फाएर फाईटिङ्ग क्लोथ सेट | - | ७ | - | - | - | ७ |
| १८ | छालाको बुट (जोर) | - | - | १० | - | - | १० |
| १९ | मेगा टर्च लाईट (गोटा) | १० | २ | १ | - | ४ | १७ |
| २० | दक्ष जनशक्ति (जना ) | १०० | ३० | ८८ | १३४ | - | २६० |
| २१ | हेड लाईट (गोटा) | - | - | ३ | - | - | ३ |
| २२ | जुटको डोरी (मि.) | ५०० | - | - | - | - | ५०० |
| २३ | टुचिन (गोटा) | १ | - | - | - | - | १ |
| २४ | बोल्ट कटर (गोटा) | - | १ | १ | - | - | २ |
| २५ | गमवुट (जोर) | ९ | १४ | - | ९ | - | ३२ |
| २६ | बञ्चरो (गोटा) | ११ | ५ | २ | ८ | - | २६ |
| २७ | आरा (गोटा) | २ | २ | २ | ५ | - | ११ |
| २८ | Rescue Gloves (Pairs) | १५ | ६० | १८ | १३ | - | १०६ |
| २९ | Cotton Gloves (Pairs) | - | २० | १८ | - | - | ३८ |
| ३० | Sciatic Rope (Roll) | - | २ | - | - | - | २ |
| ३१ | भऱ्याङ (थान) | - | - | - | - | १ | १ |
| ३२ | Iron Picket (Pcs.) | - | १ | - | - | - | १ |
| ३३ | Rescue Haller (pcs.) | - | २ | - | - | - | २ |
| ३४ | Wrist Bag (Pcs.) | - | ३ | - | - | - | ३ |
| ३४ | Crow bar 22mm (Pcs.) | - | ३ | ३ | - | - | ६ |
| ३५ | Rescue Vest (Pcs.) | - | ३ | - | - | १ | ३ |
| ३६ | पिकअप भ्यान (संख्या) | २ | - | - | - | - | २ |
| ३७ | Screw Gotten carabineers (Pcs) | - | २ | - | - | - | २ |
| ३८ | बेल्चा (गोटा) | २३ | २० | - | ५४ | ३ | १०० |
| ३९ | गैटी थान (गोटा) | २३ | - | - | ४७ | ३ | ७३ |
| ४० | त्रिपाल(गोटा) | - | ४ | - | १३ | १ | १८ |
| ४१ | कम्मल (गोटा) | - | ४ | - | - | ४ | ८ |
| ४२ | व्याग प्याक (गोटा) | ९ | - | - | - | ३ | १२ |

| क्र. सं. | सामग्री विवरण | नेपाली सेना | सशस्त्र प्रहरी वल | | नेपाल प्रहरी | जिल्ला प्रशासन कार्यालय | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | सिसुका | ज्वालामाई | | | |
| ४३ | रवर मेट्रेस सानो (गोटा) | - | ५ | - | - | ६ | ११ |
| ४४ | छिनो (गोटा) | ६ | २ | २ | ४ | - | १४ |
| ४५ | प्राथमिक उपचार बाकस (गोटा) | ३ | ३ | १ | ५ | १ | १३ |
| ४६ | स्वाटर (गोटा) | २२ | ५ | ५ | १० | - | ४२ |
| ४७ | र्‍याक हुक (गोटा) | - | ६ | ५ | - | - | ११ |
| ४८ | र्‍याक (गोटा) | - | ८ | ४ | - | - | १२ |
| ४९ | जम्म सुट (गोटा) | १४ | १४ | १२ | १३ | - | ५३ |
| ५० | टर्च लाईट (गोटा) | १३ | १४ | १० | - | - | ३७ |
| ५१ | पानी बोतल (गोटा) | १४ | १५ | ९ | - | - | ३८ |
| ५२ | टेन्ट (थान) 27.5m2 | - | - | - | - | २ | २ |
| ५३ | र्‍यापेलिङ रोप (रोल) | १ | - | - | - | - | १ |
| ५४ | लेजर वोट पाता (गोटा) | १५ | - | - | - | - | १५ |
| ५५ | ओबिएम (गोटा) | १ | - | - | - | - | १ |
| ५६ | बोरा (गोटा) | ८ | - | - | - | - | ८ |
| ५७ | घन (गोटा) | - | - | ५ | १५ | - | २० |
| ५८ | पानी तान्ने पम्प | - | - | - | १ | - | १ |

श्रोत : मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७४

## ३ ५.२ निकाय पहिचानः

**ख) विपद्मा निकायगत पहिचान (कसले के गर्ने )**

| निकाय | बिषयगत क्षेत्र | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | समन्वय तथा परिचालन | प्रजिअ. गजेन्द्र वहादुर श्रेष्ठ | ०८२-५६०१३३ |
| नेपाली सेना श्री रिपुर्मदन गण | जुनसुकै विपद् व्यवस्थापनको लागि पूर्व तयारीमा रहने । | प्रसे. राजन बुढाथोकी | ०८२-५६१०६२ |
| नेपाल प्रहरी, जिल्ला प्रहरी कार्यालय | जुनसुकै विपद् व्यवस्थापनको लागि पूर्व तयारीमा रहने । | प्रउ.दुर्गा सिंह | ०८२-५६०१९९ |
| शसस्त्र प्रहरी बल, | जुनसुकै विपद् व्यवस्थापनको लागि पूर्व तयारीमा रहने । | सप्रउ दिपक कुमार शर्मा ( सप्रव सिसुका)<br>सप्रउ जय व.खड्का (सप्रव भालुबाङ गण) | ४१७०४८<br>४१५१३६ |
| जिसस, | समन्वय तथा श्रोत व्यवस्थापन | स्थानीय समन्वय अधिकारी | ५६००३८ |
| शिक्षा विकास समन्वय ईकाई | स्थानीय तहमा रहेको ईकाइसँगको समन्वयमा आपत्कालीन शिक्षा | जिशिसअ | ५६००१० |
| कृषि विकास कार्यालय | खाद्य तथा कृषि | प्रमुख : दीपक शर्मा | ५६०१३० |

| | | | |
|---|---|---|---|
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | खानेपानी, स्वच्छता तथा सरसफाई | डिईः चोक प्रसाद धिताल | ५६००२६ |
| जिल्ला महिला बालबालिका कार्यालय | स्थानीय तहमा रहेको ईकाइसँगको समन्वयमा आपत्कालीन संरक्षण | प्रमुख:बिश्वमणी जोशी | ५६००२० |
| नेपाल रेडक्रस सोसाईटी, | स्वयंसेवक तथा गैरखाद्य सामग्री व्यवस्थापन | सभापतिः नारायण आचार्य<br>थम्मन चौधरी | ०८२५२००२२<br>९८४७८२२१४३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | महामारी नियन्त्रण औषधी व्यवस्थापन | कार्यालय प्रमुख | ५६०००५ |
| जिल्ला वन कार्यालय | आपत्कालीन आश्रय स्थान तथा काठ उपलब्ध | प्रमुखः जगदिश प्रसाद गुप्ता | ५६००१४ |
| शहरी विकास तथा भवन डिभिजन | आपत्कालीन आश्रयमा प्राबिधिक सहयोग | डिई : राजेन्द्र पाण्डेय | ५६००२७ |
| जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र | सूचना समन्वय तथा सम्पर्क | खिलानाथ दाहाल<br>सूचना अधिकृत | ९८४२८५७९९१ |
| सडक डिभिजन कार्यालय | सडक सुचारु राख्ने | डिईः बद्रि प्रसाद शर्मा | ५६०२०३ |
| पत्रकार महासंघ | सूचना संप्रेसण | अध्यक्ष : सबिन प्रियासन | ५६१०९७ |
| उद्योग बाणिज्य संघहरु | खाद्यान्न संकलन तथा बितरणमा<br>सबै उद्योग बाणिज्य संघसँग समन्वय तथा सहजीकरण गर्ने | अध्यक्ष : नारायण भुषाल | ०८२-५६००६३ |

## ३.६ आवश्यकताको लेखाजोखा तथा खाडल पहिचानः

आवश्यकताको लेखाजोखा र खाडल पहिचानको सन्दर्भमा पनि क्षेत्रगत रुपमा नै जिल्लामा भएका श्रोतहरुको अवस्था आँकलन गर्ने, त्यसमा थप आवश्यक के हो भन्ने पत्ता लगाउने र बिगतका विपद् सम्बोधनका सन्दर्भमा देखिएका खाडलहरु समस्याहरु पहिचान गरी त्यसलाई आगामी विपद्को अवस्थामा सम्बोधन गर्न सकिने गरी तयारी अवस्थामा रहने गरी प्रतिकार्य योजना बनाउने काम भएको छ । .

- सबै स्थानीय तहले बिपद् व्यवस्थापन ऐन २०७४ लाई आत्मसाथ गरी तोकिएको जिम्मेवारी अनुसार कार्य गर्नुपर्ने छ ।
- जिल्लामा प्रर्याप्त मात्रामा खोज तथा उद्धारका सामाग्रीहरुको भण्डारण गर्नुपर्ने देखिन्छ ।
- सबै स्थानीयतहले बिपद् जोखिमको पहिचान गरी पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सबै स्थानीय तहले बिपद् प्रभावितहरुलाई तत्काल अस्थायी आवासका लागि बिपद् पूर्ब नै खुल्ला तथा सुरक्षित स्थानको पहिचान गर्नुपर्ने ।
- स्थानीय तहले बिपद् व्यवस्थापनका लागि क्षमता अभिबृद्धिका गतिबिधि संचालन गर्नुपर्ने । जस्तैः बिपद् लेखाजोखा, बिपद् जोखिम न्यूनीकरण, बिपद् व्यवस्थापन योजना तर्जुमा, सामुदायिक खोज उद्धार, जोखिमको नक्शांकन आदि सम्बन्धी तालिमको आयोजना गर्न सकिने ।
- सरकारको नयाँ संरचना अनुसार जिल्लामा भएका सबै क्षेत्रगत कार्यालयहरु स्थानीय तहमा रहने भएको हुँदा सबै स्थानीय तहले क्षेत्रगत अबधारणालाई (Cluster Approach) अबलम्वन गरी सबै क्लष्टरलाई सक्रिय बनाउने । जसमाः राहत, बिपद् लेखाजोखा, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, अस्थायी आवास, संरक्षण आदि आवश्यकताको आधारमा सक्रियता बनाउने ।
- स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना गरी पूर्णरुपमा प्रभावकारी ढंगबाट संचालनमा ल्याउने

३.६.१ स्थानीय तहहरुमा श्रोत साधन मापनको अवस्था

| क्र.स. | स्थानीय तह | विपद् पूर्व तयारी योजना | खुला क्षेत्र/सुरक्षित स्थान पहिचान | विपद्का न्युनतम औजार भण्डारण | विपद् व्यबस्थापन समिति | बिपद व्यवस्थापन कोष |
|---|---|---|---|---|---|---|
| १ | राप्ती गाउँपालिका | छैन | छैन | छ | छ | छ |
| २ | बंगलाचुली गाउँपालिका | छैन | छैन | छैन | छ | छ |
| ३ | बबई गाउँपालिका | छैन | छैन | छैन | छ | छ |
| ४ | राजपुर गाउँपालिका | छ | छैन | छ | छ | छ |
| ५ | दङ्गिशरण गाउँपालिका | छ | छैन | छ | छ | छ |
| ६ | शान्तिनगर गाउँपालिका | छैन | छैन | छैन | छ | छ |
| ७ | गढवा गाउँपालिका | छ | छैन | छ | छ | छ |
| ८ | लमही नगरपालिका | छैन | छ | छ | छ | छ |
| ९ | घोराही उपमहानगरपालिका | छैन | छैन | छैन | छ | छ |
| १० | तुलसीपुर उपमहानगरपालिका | छैन | छैन | छैन | छ | छ |
| जम्मा | | ३ मा बनेको | १ मा गरिएको | ५ मा गरिएको | १० मा बनेको | १०मा राखिएको |

**नोटः-** माथिको तालिकाबाट केही विपद् स्थानीय तहहरुमा पूर्ब तयारीका अभ्यासहरु सुरु भएको छ । सबै स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई नियमित अध्यावधिक गर्नुपर्ने र बनाइसकिएको योजनालाई कार्यान्वयनमा ल्याउनुपर्ने छ । सबै स्थानीय तहमा खुला तथा सुरक्षित क्षेत्रहरु पहिचान गर्नुपर्ने आवश्यकता रहेको छ र सुरक्षित क्षेत्रहरु हुँदाहुँदै पनि पहिचान नगरिँदा बिपद्को समयमा प्रभावित परिवारहरुलाई व्यवस्थापन गर्न चुनौतिपूर्ण हुँदै गएको छ । स्थानीय तहले विपद्मा प्रयोग गर्न सकिने औजार तथा उद्धारका केही सामान्य औजारहरु स्ट्रेचर, अग्नी नियन्त्रण सामग्री लगायतका आधारभूत सामग्री भण्डारण गर्नुपर्ने छ । जसले समयमा नै प्रभावितहरुको ज्यान बचाउन मद्दत गर्छ । सबै स्थानीय तहले विपद् व्यवस्थापन समिति गठनसम्म गरेको पाईयो भने विपद्मा प्रयोग गर्न सकिने गरी बिपद् ब्यवस्थापन कोषहरु स्थापना गरेको पाइयो । राजपुर र गढवा गाँउपालिकामा नेपाल रेडक्रस सोसाइटीको सहयोगमा ENCORE कार्यक्रम मार्फत बिपद् जोखिम, बिपद् जोखिम न्यूनीकरणका गतिबिधिहरु सञ्चालन गरिरहेका छन् भने केही स्थानीय तहले विपद् न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गर्न थालेका छन् । अपाङ्ग मानव अधिकार सरोकार मञ्चको सहयोगमा साबिक गोबर्डिहा गाविस गढवा गाउँपालिका वडा नं.१, मलमलामा आपत्कालीन गृह निर्माण भएको छ ।

## ४. विपद्को प्रकृतिमा आधारित विषयगत प्रतिकार्य योजना

### ४.१. विषयगत क्षेत्रको परिचय (Introduction of Cluster Approaches)

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारिताका लागि राष्ट्रिय र जिल्लास्तरमा विषयगत क्षेत्र (Cluster) हरू र स्थानीय तहहरुमा रहने क्षेत्रगत ईकाइहरुलाई आधार मानेर कार्य विभाजन गरिएको छ । यस अवधारणाको कार्यान्वयन गर्न जिल्लास्तरका लागि वर्तमान समयमा चुनौति देखिए स्थानीय तह र सो अन्तर्गत रहने बिषयगत ईकाइहरुको पनि कार्यविभाजनको स्वरुपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारीबोध हुने भएकोले जिल्लास्तरमा रहने बिषय क्षेत्रगत कार्यालयहरुले आ-आफ्नो क्षेत्रगत अवधारणालाई स्वीकार गर्ने र स्थानीय तहलेसमेत यस अबधारणालाई लागु गर्नुपर्ने छ । अन्तर्राष्ट्रियस्तरबाट मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्नअनुसार रहेका छन्:

- ठूलो विपद्को अवस्थामा सक्रिय रहने भए पनि क्षेत्रगत अवधारणाले स्थानीय तहदेखि समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- प्रतिकार्य प्रक्रियामा विशेषज्ञताको उपयोग गर्ने भूमिका निर्वाह गर्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवार र उत्तरदायी बनाउने कार्यलाई निश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमिकमजोरीको निराकरण गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकतानुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।
- विषेश संकटासन्न समूहहरु अपांगता भएका व्यक्तिहरु, महिला, बालबालिका, एकल महिला, जेष्ठ नागरिक, सुत्केरी तथा गर्भवती महिला आदिलाई बिषेश प्राथमिकतामा राखी प्रतिकार्यका गतिबिधिहरुलाई अगाडी बढाईनेछ ।
- सबै स्थानीय तहमा नेतृत्व गर्ने ईकाइ हुने भएकोले बास्तविक प्रभावितको लेखाजोखा हुने, समयमा नै प्रतिकार्यका गतिबिधिहरुलाई कार्यान्वयनमा ल्याई मानवीय सेवा कार्यमा छिटो र सहज हुने छ ।

### ४.१.२ उद्देश्य :

क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य निम्नअनुसार रहेका छन् ।

- जिल्ला तथा स्थानीय तह मार्फत क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु ।
- स्थानीय तह र जिल्लास्तरमा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यका गतिबिधिहरुलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु ।
- क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि स्थानीय तहहरुले नै पूर्वतयारी तथा प्रतिकार्यका लागि योजना निर्माण गरि विशेषज्ञ परिचालन गर्नु ।
- समुदाय, स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रबीच समन्वय र समझदारी अभिवृद्धि गर्नु ।
- स्थानीयतह र क्षेत्रगत नेतृत्व गर्ने निकायहरुबीच क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

## ४.२ जिल्लास्तरमा सक्रिय रहने क्षेत्रगत नेतृत्वः (Cluster Lead)

विपद्को समयमा मानवीय सहयोगलाई प्रभावकारी बनाएर बिपद् प्रभावितहरुको जीवनरक्षाका लागि जिल्ला बिपद् ब्यवस्थापन समितिसँग सहकार्य गरी जिल्लास्तरमा निम्न अनुसार क्षेत्र निर्धारण र काम गर्ने गरी २०६८ मा क्षेत्र विभाजन गरिएको हो । जसलाई अहिले २०७५ मा अद्यावधिक गरी परिमार्जन गर्ने काम गरिएको छ । बिषय क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूचि यसप्रकार रहेको छ ।

**क्षेत्रगत नेतृत्व गर्ने निकायहरु :**

| बिषयगत क्षेत्र | जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व गर्ने निकाय | सम्पर्क व्यक्ति | फोन/मोबाईल/मेल |
|---|---|---|---|
| १. खोज, तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | प्रजिअ गजेन्द्रवहादुर श्रेष्ठ | ०८२५६०१३३, ९८५७८०७७७७ cdooffice.dang@Gmail.com |
| | नेपाली सेना, रिपुमर्दन गण | प्र.से. राजन बुढाथोकी | २५६१०६२,९८४१३६४६३२ ripumardanbn@gmail.com |
| | जिल्ला प्रहरी कार्यालय | प्रउ दुर्गा सिंह | १००,०८२५६०१९९९८५७८०५५५५ dang_karya@nepalpolice.gov.np |
| | सशस्त्र प्रहरी वल सिसुका लमही | सप्रउ तुलसीराम दाहाल | ०८२४१७०४८,९८५७८७२११९ ojhadr22@gmail.com, dangbsoapfn@gmail.com |
| | सशस्त्र प्रहरी वल ज्वालामाई गण भालुवाङ | सप्रउ जय वहादुर खड्का | ०८२४१५१३५,९८५१२७२०५१ apfjwalamai.btn@gmail.com, |

| बिषयगत क्षेत्र | जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व गर्ने निकाय | सम्पर्क व्यक्ति | फोन/मोबाईल/मेल |
|---|---|---|---|
| २. खाद्य तथा कृषि | स्थानीय तहमा रहेको कृषि बिकास ईकाई | स्थानीय तहमा कार्यरत कृषि फोकल पर्सन | बिस्तृत बिवरण अनुसुची १०मा दिईएको छ। |
| ३.आपत्कालीन आवास तथा गैर खाद्य | श.बि.भ.डि.का. र नेपाल रेडक्रस सोसाइटी | प्रमुख डिई राजेन्द्र पाण्डे सभापति नारायण आचार्य | ०८२५६००२७,९८५७८३१८११<br>०८२५२००२२, ९८५७८२००७४<br>dudbcdang@gmail.com<br>nrcsdang@gmail.com |
| ४. स्वास्थ्य र पोषण | जिल्ला जनस्वास्थ्य कार्यालय दाङ | कार्यालय प्रमुख | ०८२५६०००५<br>dhodang@gmail.com<br>बिस्तृत बिवरण अनुसुची ०९ मा दिईएको छ। |
| ५. शिक्षा | जिल्ला शिक्षा समन्वय ईकाइ | जि.शि.बिकास समन्वय अधिकारी | ०८२५६००१०,९८५७८३४९०५<br>deoghorahi@gmail.com |
| ६.संरक्षण | स्थानीय तहमा रहेको महिला तथा बालवालिका ईकाई | स्थानीयतहमा कार्यरत महिला तथा बालबालिका फोकल पर्सन | बिस्तृत बिवरण अनुसुची ८ मा दिईएको छ। |
| ७.खानेपानी, तथा सरसफाइ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | डि. ई. चोक धिताल | ०८२५६००२६/९८५७८२१०९४/ ९८५७८३४५२६<br>dhitalchok@yahoo.com<br>tilak.naupane26@gmail.com |
| ८.राहात /पुन:निर्माण /पुन:स्थापना | जिल्ला संमन्वय समिति, स्थानीय तह सबै | जिल्ला समन्वय अधिकारी | ०८२५६०१४४,९८५७८८८२२२<br>ddcdang82@gmail.com<br>स्थानिय तहको सम्पर्क बिवरण अनुसुची १ मा राखीएको छ |

**४.२.१ क्षेत्र (Cluster) : खोज तथा उद्धार, समन्वय।**

**नेतृत्व प्रदान गर्ने निकाय** : जिल्ला प्रशासन कार्यालय

४.२.१.१**विपद् सम्बन्धी परिस्थिति** : सम्भावित मानवीय तथा भौतिक असर

- सार्वजनिक पुर्वाधारहरू (सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) आंशिक तथा पूर्ण रुपमा क्षति।
- आवास तथा व्यक्तिगत सम्पत्ति आंशिक तथा पूर्ण रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा, अपाङ्गता भएका व्यक्तिहरु मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन हुने।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्रजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि प्रभावितहरुको चाप बढ्ने।
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी समस्याहरु आउन सक्ने।
- विस्थापित परिवारहरुलाई अस्थायी आवास सम्बन्धी सहयोग आवश्यक हुने।

**समष्टिगत उद्देश्य :**

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमन सम्बन्धी बैठक-खोजी तथा उद्धार सम्बन्धी टोलीको गठन, खाद्य सामग्री तथा गैर खाद्य सामग्रीको पहिले नै भण्डारण अन्य क्षेत्रहरूको तयारी गर्ने।
- तीन वटा क (कसले, के, कहिले) ढाँचाको विकास र जिल्ला बिपद् व्यवस्थापन समितिमा सूचनाको व्यवस्थापन र प्रतिकार्य प्रणालीलाई सहज बनाउनका लागि कार्यक्रमको निर्धारण गर्ने।

**मानवीय सहयोगका मापदण्ड (स्फेयर मापदण्ड)**

- विपद्को लगत्तै उपकरणसहित खोजी तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सबै सुविधाबाट एकदमै वञ्चित समुह/जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा गरिएको उद्धार सामग्रीको वितरण तथा सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेश गर्ने र त्यसपछि हरेक दुई हप्तापछि ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने (फारम सहितको) संयन्त्र ।
- २४ घण्टाभित्र सञ्चार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने ।

**४.२.१.२ नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads): जिल्ला प्रशासन कार्यालय**

**क्षेत्रगत सदस्यहरु (Cluster Members)को सूची, क्षमता तथा स्रोतको नक्शांकन**

| क्र स | अगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधन/स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक श्रोत | सामाग्री श्रोत | मानवीय श्रोत दक्ष | | |
| १. | जिल्ला प्रशासन कार्यालय | १० लाख | राहत कोष | १४ जना | प्रजिअ गजेन्द्र ब क्षेष्ठ<br>प्र.अ.अमरराज शर्मा फोकल पर्सन | ९८५७८०७७७७<br>०८२-५६०१३३ |
| २. | नेपाल प्रहरी | छैन | उद्धार सामग्री र संचार साधन | १३४ जना प्रहरी चौकी | प्र.उ.दुर्गा सिंह | ९८५७८०५५५५<br>०८२-५६०१९९<br>कन्ट्रोलः १०० |
| ३. | नेपाली सेना | छैन | उद्धार सामग्री र संचार साधन | १०० जना जनशक्ति | प्रमुख सेनानी राजन वुढाथोकी | ०८२-५६१०६२<br>९८४१३५३६३२<br>कन्ट्रोल : १११४ |
| ४. | सशस्त्र प्रहरी वल सिसुका लमही | छैन | उद्धार सामग्री र संचार साधन | ४५ जना जनशक्ति | सप्रउ तुलसीराम दाहाल | ०८२४१७०४८,<br>९८५१२७२११९<br>कन्ट्रोल : १११४ |
| ५. | सशस्त्र प्रहरी वल ज्वालामाई गण, भालुवांग | छैन | उद्धार सामग्री र संचार साधन | १०० जना जनशक्ति | सप्रउ जय वहादुर खड्का | ०८२४१५१३५,<br>९८५१२७२०५१ |
| ६. | राष्ट्रिय अनुसन्धान | छैन | सूचना समन्वय | सूचना संकलन | उप अनुसन्धान निर्देशक | ०८२५६००४३ |
| ७. | नेपाल रेडक्रस सोसाइटी | छैन | एम्बुलेन्स | तलिम प्राप्त स्वं.से.५ | नारायण आचार्य सभापति | ९८५७८२००७४ |
| ८. | मध्यपश्चिम सडक डिभिजन कार्यालय | छैन | डोजर लोडर | केही ईन्जीनियर | जिल्ला ईन्जीनियर ज्ञानेन्द्र कुमार झा | ०८२५६०२०३ |
| ९. | भूमिगत जल परियोजना लमही | छैन | चेनपुल्ली | २-३ जना | का.प्र. | ५४०४७२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | घोराही/तुलसीपुर उमनपा र लमही नपा | छ | दमकल ३ | अग्नी नियन्त्रक | नगरकार्यपालिका प्रमुख | सम्पर्क बिवरण अनुसुची ६ मा राखिएको छ |
| ११. | यातायात समितिहरु | छैन | यातायातका साधनहरु | ढुवानी | समितिका प्रमुखहरु | अनुसुचीमा १३ मा राखिएको छ |
| १२. | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | छैन | सञ्चार उपकारण | ४ जना | खिला नाथ दाहाल सूचना व्यवस्थापन अधिकृत | ५६३५४० ९८४२८५७९९१ |

### ४.२.१.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि : सङ्कटकालीन परिस्थितिभन्दा पहिले

| **पुर्व-तयारी सम्बन्धी गतिविधि के ?** | **जिम्मेवार निकाय को?** | **कहिले ? समय अवधि** |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था :**<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बिचमा सम्भावित विपद्बाट बच्नका लागि गर्न सकिने सम्झौतामा समझदारी गर्ने ।<br>क. समन्वय बैठक -आपत्कालीन परिस्थितिभन्दा पहिले) आपत्काल अवधिमा जिल्ला प्रशासनले आपत्कालपछि<br>ख. पूर्वतयारी तथा सहयोग सम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगानासहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | DDMCको समन्वयमा क्लष्टर तथा सदस्यहरुले<br><br>क.जिल्ला प्रशासन, डिडिएमसीले<br><br>ख. डिडिएमसीले | आगलागी भए फाल्गुनमा, बाढी भए जेठ र भुकम्प भए जहिले पनि<br>क. विपद् अघि<br>विपद्को बेला<br>विपद्पछि<br>ख.माघ महिनामा जिम्मेवारी बाँडफाँडको गर्ने |
| **सिकिएका पाठ :**<br>प्रत्येक स्थानीय तहले विपद्मा सहयोग गर्नसक्ने सहयोगी निकायको पहिचान विपद् अघि नै गर्नुपर्ने काममा दोहोरोपन आउन नदिन नेपाल सरकारले ल्याएको विपद् लेखाजोखा मार्गदर्शन २०७२ को आधारमा तथ्यांक संकलन गर्नुपर्ने ।<br>राहत सहयोग वितरण गर्दा एकद्वार प्रणाली मार्फत वितरण गर्नु उपयुक्त हुने र सबै सूचनाहरु जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई उपलब्ध गराउनुपर्ने<br>घोराही तुलसीपुर तथा घोराही लमही सडक खण्डका खोलाहरुमा बर्षातको समयमा डोरीबाट भए पनि मानिस तार्ने व्यवस्था मिलाउनुपर्ने ।<br>(सडकको दुबैतर्फ पोल गाडी डोरी टाँग्ने)<br>कृतिम घटना अभ्यास गर्ने | DDMC<br><br>स्थानीय तह डिडिएमसी<br><br>डिडिएमसी/नेरेसो | समीक्षा बैठक अवधीमा<br>चैत मसान्तसम्म<br><br>जेठ मसान्तसम्म<br><br>असार<br><br>जेठ |
| क. विपद्मा प्रयोग हुने औजार तथा खाद्य सामाग्रीको अध्यावधिक गर्ने<br>ख. खोज तथा उद्धारका लागि टोलीको नामावली तयार गर्ने ।<br>ग. सबै स्थानीय तहमा कुन बिपद् कहा कहाँ जान सक्छ ?<br>आधाररेखा सम्बन्धी जानकारी, तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई अद्यावधिक पार्ने ।<br>घ. जानकारी सङ्कलन सम्बन्धी औजार प्रयोग गर्ने बारेमा | DDMC<br><br>सबै स्थानीय तह | बैशाख मसान्तसम्म |

| | | |
|---|---|---|
| प्रशिक्षण उपलब्ध गराउने<br>ङ. सङ्कलन गरिएको जानकारीको विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने | | |
| विपद् पर्नसक्ने स्थानीय तहसँग सम्बन्धित क्षेत्रगत जानकारी/तथ्याङ्क | DDMC | चैत्रसम्म |
| उद्धार सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>● सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको सङ्ख्याका आधारमा आवश्यक सामग्रीको न्युनतम मौज्दात<br>● विभिन्न निकायहरूसँग उपलब्ध मौज्दात संकलन गर्ने<br>● अपुग सामग्री (gaps) को पहिचान गर्ने | DDMC,<br>स्थानीय तह,<br>नेपाल रेडक्रस | जेठ मसान्तसम्म<br>आषाढको पहिलो हप्ता |

**नोट-** प्रभावकारी खोज तथा उद्धारका लागि पूर्व तयारीमा निम्न कुरामा बिशेष ध्यान पुर्‍याउनु पर्छ। सूचना प्रणाली अन्तर्गत स्थापना भएको संचारको च्यानल मार्फत प्रभावकारी समन्वय गर्ने । समयमै सुरक्षा निकायहरुलाई प्रकोपको अवस्थितिको बारेमा जानकारी दिइ खोज तथा उद्धार कार्यमा तयारी गर्ने । प्राप्त सूचनाका आधारमा सम्बन्धित क्षेत्रमा रहेका खोज तथा उद्धार सामग्रीहरु प्रयोगमा ल्याउने । बिपद् पर्नु अगावै बर्षा र नदीको अवस्थालाई ध्यानमा राखी खोज तथा उद्धार कार्यमा तयारी गर्ने । दाङ जिल्लामा पूर्व सूचना प्रणालीको बिस्तार र संस्थागत गर्नका लागि जिल्लास्थित जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीयतहहरु, सुरक्षा निकायहरु, संचार माध्यमहरु जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, पत्रकार महासंघ एवं विभिन्न सरकारी, गैरसरकारी निकायहरुको अहम भूमिका रहन्छ । जिल्ला विपद् व्यवस्थापन समिति र सुरक्षा निकायहरुको समन्वयमा जिल्लास्थित खोज उद्धारका जनशक्तिहरुको पहिचान गर्ने । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसंगको नियमित समन्वय र सम्पर्क, मुख्य सञ्चारका ठाउँहरु र सम्पर्क ठेगानाहरुको पहिचान गर्ने । नदी र बर्षाको स्तर अवलोकनका लागि अवलोकन क्षेत्रहरुको पहिचान र आवश्यक्तानुसार बर्षा र नदी अवलोकन केन्द्रहरुको स्थापना गर्ने । पूर्व सूचना प्रणाली स्थापनाका लागि विभिन्न आवश्यक स्थानहरुमा सञ्चार एवम् अन्य सामग्रीहरुको व्यवस्था गर्ने ।

### ४.२.१.४ खोजी तथा उद्धारक्षेत्रको प्रतिकार्य योजना: (आपत्कालीन परिस्थिति) को अवधिमा

| सहयोग गतिविधि (के?) | जिम्मेवार निकाय (कस्ले ?) | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| क. जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई सकृय पार्ने ।<br>जिल्ला बिपद् व्यवस्थापन समितिको तत्काल बैठक बस्ने ।<br>ख.जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य विपद् (भुकम्प वा बाढी वा अन्य) शुरू भएपछि सम्बन्धित क्षेत्र (Cluster) का सबै सदस्यहरूसँग समन्वय बैठक बसी क्षेत्रगत निकायहरुलाई सक्रिय बनाउने | क.जिल्ला प्रशासन कार्यालय<br>ख.जिल्ला प्रशासन<br>ग. स्थानीय तह | पहिलो दिन |
| ग. परिस्थिति सम्बन्धी पहिलो प्रतिवेदन तयार पार्ने: | ग.नेपाल रेडक्रस सोसाइटी, DDMC | २४ घण्टाभित्र पहिलो प्रतिवेदन |
| बिपद्को समयमा नियमित DDMC बैठक बस्ने | DDMC | आवश्यकता अनुसार हरेक दिन |
| घ.प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने ।<br>• प्रभावित स्थान, स्थानीय तह/क्षेत्रसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने | घ.स्थानीय तह<br>जिल्ला प्रशासन,<br>नेपाल रेडक्रस सोसाइटी, | ७२ घण्टाभित्र |

| | | |
|---|---|---|
| संस्थाहरूको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार सेवा/क्षमता/उद्धार सामग्रीको समीक्षा गर्ने | | |
| ङ. प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>• तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताको क्रम निर्धारण गर्ने ।<br>• विपद्पछि लगत्तै उपकरणसहित खोजी तथा उद्धारटोली खटाउने ।<br>• सुरक्षाकर्मीहरूद्वारा सहयोगमा संलग्न व्यक्तिहहरूको सुरक्षा ।<br>• घाइतेहरुलाई प्राथमिक उपचार प्रदान । | ङ.DDMC<br>• DDMC<br>• नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्थानीय तह<br>• नेरेसोको प्राथमिक उपचार टोली | प्रारम्भिक सूचना ६ घण्टाभित्र,<br>प्रारम्भिक लेखाजोखा २४ घण्टाभित्र |
| च. स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना निर्माण/समीक्षा गर्ने<br>• मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका लागि टोली खटाउने । | DDMC | दोश्रो दिनबाट निरन्तर |
| **सहयोग सम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिन** | | |
| **क्षेत्रगत (Cluster) समन्वय बैठक**<br>क. DDMC बैठक ख. क्षेत्रगत बैठक | DDMC | हप्तामा एकपल्ट |
| परिस्थिति सम्बन्धी प्रतिवेदनलाई अद्यावधिक पार्ने । | DDMC | हप्तामा एकपल्ट |
| मानवीय सहयोगका लागि समन्वय तथा क्षेत्रगत जिम्मेवारी दिने । | DDMC | पहिलो हप्ता |
| मानवीय सहयोगको अनुगमन | DDMC | हप्तामा एकपल्ट |

### ४.२.१.५ आवश्यक श्रोत तथा सामग्रीको बिवरण

| क.सं. | थप आवश्यक सामग्री | परिमाण | क.स. | थप आवश्यक सामाग्री | परिमाण | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| १ | त्रिपाल | २०० थान | २२ | रबर मेट्रेस | ५०० थान | |
| २ | जस्ता पाता १२ फि. | ५० बण्डल | २३ | कम्मल | ५०० थान | |
| ३ | तारजाली | १००० थान | २४ | क्याराबिन | २०० थान | |
| ४ | सिमेन्ट बोरा | १०,००० " | २५ | सेफ्टी रोप | ३००० मी. | |
| ५ | लाईफ ज्याकेट | १०० थान | २६ | थ्रो व्याग | ५० वटा | |
| ६ | रेस्क्यु हेम्बर | १५ थान | २७ | मेघा फोन | ५० वटा | |
| ७ | डोरी | ५ क्वीन्टल | २८ | ईमरजेन्सी लाईट | ३० वटा | |
| ८ | ट्युब | ५० वटा | २९ | मोटरबोट | ३ वटा | |
| ९ | बेल्चा | १५० वटा | ३० | क्रेन चेन | २ वटा | |
| १० | गैटी | १५० वटा | ३१ | काठ कटर (चेन्स) | १५ वटा | |
| ११ | सब्बल | १५ वटा | ३२ | रेनकोट | ५ सय थान | |
| १२ | सेफ्टी हेल्मेट | १५० वटा | ३३ | सेफटी हुक | ४५ वटा | |
| १३ | पानीबुट | १५० वटा | ३४ | फरुवा | १०० वटा | |
| १४ | स्टेचर | ६० वटा | ३५ | हसिया | १०० वटा | |
| १५ | प्रा.उपचार बक्स | १५ वटा | ३६ | बञ्चरो | १०० वटा | |
| १६ | हेड लाईट | ३० वटा | ३७ | टिप्पर टेक्टर | २ वटा | |
| १७ | आईरन पिकेट | १५० वटा | ३८ | घुम्ती शौचालय | १५ वटा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | रेस्क्यु ग्लोब | १५० सेट | ३९ | सेफ्टी बेल्ट | ६० वटा | |
| १९ | ढलान काट्ने मेसीन | ९ वटा | ४० | क्लाइम्बिङ्ग रोप | ३० वटा | |
| २० | फायर स्टेनगुईसर | ३० वटा | ४१ | टेन्ट (घर) | १०० थान | |
| २१ | फलाम बाल्टीन | १५० वटा | ४२ | सुरक्षा कवज (आगलागी) | १५ थान | |
| | | | ४३ | अपांगता भएका व्यक्तिहरुका लागि तत्काल उद्धार सामाग्री | ह्वील चियर्स १५ थान, सेतो छडी २० थान, बैसाखी १०० सेट आदि | |

नोट : माथिको तालिकामा खोज तथा उद्धारमा प्रयोग हुने सामग्रीको बर्तमान मौज्दात अवस्था गतवर्षको जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा खोजी तथा उद्धार क्षेत्र अगुवा तथा सदस्यहरुको बैठकले अलि ठूलो स्केलमा विपद् आइपर्दा आवश्यक पर्ने थप उद्धार सामग्रीहरु आवश्यक पर्ने र गत बर्षको बाढीको सिकाई अनुसार । सो सूचीमा थप आवश्यक भनी उल्लेख गरिएका सामग्री नेपाल रेडक्रस सोसाइटी, जिल्ला समन्वय समिति, स्थानीयतह र सहयोगी गैसस तथा अन्तर्राष्ट्रिय गैससहरु जो सुकैले पनि सहयोग गर्न सकिने छ ।

**४.२.२ क्षेत्र (Cluster) : खाद्य तथा कृषि**

यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) :स्थानीय तहमा भएका कृषि विकास ईकाइहरु

**४.२.२.१ विपद् सम्बन्धी परिस्थिति : विपद्को सम्भावित मानवीय असर**

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्नप्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर भएको तीव्र खाद्य असुरक्षा हुने ।
- कृषि बालिमा ब्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालिनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति (Coping strategy) मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा ।

**समष्टिगत उद्देश्य :**

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।

**विशिष्ट उद्देश्य :**

- जीवनरक्षा सम्बन्धी रणनीतिहरू (Survival strategies) का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने र दीर्घकालीन रुपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने ।
- पारिवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गने अवसर प्रदान गर्ने ।

**मानवीय सहयोगको मापदण्ड : (स्फेयर मापदण्ड)**

- प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ :
  (१) प्रतिव्यक्ति प्रतिदिन न्युनतम २३५० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको रासन ।
  (२) प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरकको रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पुरक रासनको रूपमा उपलब्ध गराउने ।

(३) निश्चित समूहका व्यक्तिहरूका (जस्तै साना केटाकेटी, एचआईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक खाद्यन्नको व्यवस्था ।

- मापदण्ड बमोजिमको किट - सिफारिस
  चामल –प्रतिदिन प्रतिव्यक्ति ४1० ग्राम, दाल – प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम
  वनस्पति तेल – प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि., नुन – प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम
- स्थानीयतहले प्रभावित क्षेत्र र परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनु पर्दछ तर पनि शुरुमा घरायसीस्तरमा गरिने वितरण र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनु पर्दछ ।

**४.२.२.२ स्थानीय तहमा रहेका क्षेत्रगत निकायहरुका सम्पर्क व्यक्तिहरु (Cluster Members) को सूची,**

| स्थानीय तहको नाम | खटिएको कर्मचारीको नाम, थर | पद/श्रेणी | सम्पर्क न |
|---|---|---|---|
| घोराही उप-महानगरपालिका | भरतमणि पोखरेल | कृषि प्रसार अधिकृत (रा.प.तृ.प्रा.) | ९८४७९५६२२५ |
| | राधा मल्ल | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४७८४५७६० |
| | देवा महरा | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४७८४५६४४ |
| तुलसीपुरउप-महानगरपालिका | धनराज गौतम | बागवानी विकास अधिकृत (रा.प.तृ.प्रा.) | अध्ययनमा गएको । |
| लमही नगरपालिका | महेश अधिकारी | कृषि प्रसार अधिकृत (रा.प.तृ.प्रा.) | ९८४७८४०५९२ |
| | सुन्दर प्रसाद चौधरी | कार्यालय सहयोगी-५ (श्रेणी विहीन) | ९८५७८४०७२५ |
| गढवा गाउँपालिका | प्रविण चौधरी | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४७९६७७६८ |
| | बीर सिँह ऐरी | नायब प्राविधिक सहायक (रा.प.अनँ.व्दि.प्रा.) | ९८४८६२७२९३ |
| राजपुर गाउँपालिका | केशवप्रसाद भुसाल | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८५७०५५०५२ |
| बङ्गलाचुली गाउँपालिका | शँकरप्रसाद न्यौपाने | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४७८५३४६६ |
| दङ्गीशरण गाउँपालिका | सरू भुसाल | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४४८२२१५७ |
| शान्तिनगर गाउँपालिका | यमकान्त पाण्डे | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | अध्ययनमा गएको । |
| बबई गाउँपालिका | दिपेन्द्र धामी | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४९५९९१८० |

| स्थानीय तहको नाम | खटिएको कर्मचारीको नाम, थर | पद/श्रेणी | सम्पर्क न |
|---|---|---|---|
| रासी गाउँपालिका | दान सिँह रोकाया | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४७८३५८४३ |
| | प्रेमकुमार चौधरी | प्राविधिक सहायक (रा.प.अनँ.प्र.प्रा.) | ९८४७८५९१७५ |
| | हेमन्त भण्डारी | नायब प्राविधिक सहायक (रा.प.अनँ.व्दि.प्रा.) | ९८४८२५८७२८ |

| क्र स | अगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधन/स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक श्रोत | सामग्रीगत स्रोत | मानवीय स्रोत दक्ष | | |
| १ | जिल्ला कृषि विकास | केही | बिउ बिजन | ४ जना | कार्यालय प्रमुख | ०८२-५६०१३० |
| २ | खाद्य अधिकार सञ्जाल | छैन | सचेतना | स्वयंसेवक | हुमा डिसी | ९८५७८३२५५० |
| ३ | सीसा | छैन | खाद्य तथा गैहखाद्य | जनचेतना | साजीदा सिद्धिकी | ९८४७८९५२२० |
| ४ | बेस | केही | खाद्यान्न | स्वयंसेवक | चुर्ण चौधरी | ९८५७८२०२४३ |
| ५ | ओरेक | केही | आईपीएम | स्थानीय समूह | लक्ष्मी अर्याल | ९८५७८२०९३८ |
| ६ | आईएनएफ | छैन | खाद्य तथा गैहखाद्य | | सिन्धु गुरुङ्ग | ९८४७८६१३७८ |
| ७ | कृषि बिकास बैक | छैन | ऋण सहुलियत | | | ५६०५१० |
| ८ | पशु सेवा कार्यालय | केही | आयआर्जन | | | ५६००२१ |
| ९ | डिभिजन सहकारी कार्यालय | छैन | कर्जा सहुलियत | | | ५६००१९ |
| १० | खाद्य संस्थान | छैन | खाद्य भण्डारण | | कृष्ण प्रसाद चौधरी | ९७५८५०५०३<br>०८२-५२०११५ |
| ११ | उद्योग वाणिज्य संघ दाङ, | | खाद्यान्न संकलन र वितरणमा सहजीकरण | उवास सदस्यहरु | नारायण भुषाल | ९८४७८५८४१०<br>dangdcci@gmail.com,<br>dangcci@yahoo.com |

### ४.२.२.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि : सङ्कटकालीन परिस्थितिभन्दा पहिले

| पूर्व-तयारी सम्बन्धी गतिविधि (के) | जिम्मेवार निकाय (को) | समय अवधि (कहिले) |
|---|---|---|
| विपद्को अवस्थामा खाद्य सहयोगका लागि योजना तयारी अवस्थामा राख्ने । | स्थानीय तहको कृषि विकास शाखा | फागुन तथा असार |
| आवश्यकता लेखाजोखा अध्ययनका लागि खाका तयार गर्ने | स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| स्थानीय तहस्थित बिपद् प्रभावित हुने क्षेत्रलाई लक्षित गरी खाद्यान्न सहयोग तयारी अवस्थामा राख्ने । | स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| प्रभावितको माग संकलनका लागि छलफल | स्थानीय तहको कृषि विकास शाखा | कार्तिक |
| खाद्यान्न सहायताको लेखाजोखा तथा प्रतिवेदनको खाका प्रस्तुत गर्ने । | स्थानीय तहको कृषि विकास शाखा | बैशाख |
| विभिन्न तरकारी तथा खाद्यान्न बालिका किटहरु वितरण गर्ने | स्थानीय तहको कृषि विकास शाखा | असोज कार्तिक |
| साना सिंचाई योजनाहरु सहयोग गर्ने | स्थानीय तहको कृषि विकास शाखा | जेठ असार |
| क्षमता अभिबृदि तथा भण्डारण तालिम | स्थानीय तहको कृषि विकास शाखा | जेठ |

### ४.२.२.४ कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजनाः आपत्कालीन परिस्थितिको अवधिमा

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय (कस्ले) | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| • तत्काल क्लष्टर सूचना संकलन तथा सहयोग डेस्क स्थापना ।<br>• सदस्यहरुकाबीच समन्वय बैठक गर्ने ।<br>• क्षतिको सूचना संकलन गर्ने । | स्थानीय तहको कृषि विकास शाखा | पहिलो दिन |
| • तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने ।<br>• पशुधनको सुरक्षा तथा मृत पशुहरुको उचित व्यवस्थापन गर्न जि.प.सेवा कार्यालयले प्राविधिक टोली र जनशक्ति परिचालन गर्ने<br>• सहयोगको खाद्य सामाग्री संकलन र बितरणको जिम्मेबारी बाँडफाड गर्ने । | स्थानीय तहको कृषि विकास शाखा<br>स्थानीय उबासंघहरु | दोस्रो दिन |
| • पीडितहरुको लेखाजोखा राख्ने (परिचयपत्र वितरण गर्ने) ।<br>• खाद्य सामाग्री वितरण ।<br>• एकद्वार पद्धतिको विकास गर्ने ।<br>• खाद्य गोदामलाई सुरक्षित र पायक पर्ने ईलाकामा राख्ने ।<br>• गोदाम सुरक्षाको प्रबन्ध गर्ने । | स्थानीय तह, डिडिएमसी, स्थानीय रेडक्रस सोसाइटीका उपशाखाहरु<br>स्थानीय उबासंघहरु | पहिलो हप्ता |
| • स्थलगत छलफल तथा अवस्थाको समिक्षा<br>• छिटो उत्पादन हुने खाद्यान्न बालीको लागि विउविजन र पशु वा पंक्षी वितरण गर्ने । | स्थानीयतहको कृषि तथा पशु विकास शाखा | पहिलो महिना |
| **सहयोग सम्बन्धी गतिविधि–तत्कालका लागि (३०-९० दिनसम्म)** | | |

| | | |
|---|---|---|
| • जिविकोपार्जनमुखी क्रियाकलाप संचालन ।<br>• राहतको विउ वितरण, तालिम ।<br>• पुनः अघिल्लो महिनाका कृयाकलापको अनुगमनलाई निरन्तरता । | स्थानीयतहको कृषि तथा पशु विकास शाखा | दोस्रो र तेस्रो महिना |
| • सम्बन्धित समुदायसँग छलफल गरी कार्यक्रम तय गर्ने ।<br>• आपत्कालीन कोष स्थापनाको लागि स्थानीय तहसंग अनुरोध गरी पहल गर्ने । | स्थानीय तहको कृषि तथा पशु विकास शाखा | सो भन्दा बढी |

**४.२.३ क्षेत्र (Cluster) : आपत्कालीन आश्रय, बसोवास तथा गैरखाद्य :**

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) : शहरी बिकास तथा भबन डिभिजन कार्यालय**

**४.२.३.१ विपद् सम्बन्धी परिस्थिति : विपद्को सम्भावित मानवीय असर**

- बिपद्का बेला आश्रित तथा बसोबास क्षेत्रमा क्षति पुग्न गई मानवीय जीवनमा कष्टपूर्ण रहेको हुन्छ ।
- बाँच्नकै लागि आवश्यक पर्ने न्युनतम आश्रय तथा बसोबास स्थलको अभाव हुन गई प्रभावित परिवारहरुले ज्यादै कठिनाई भोग्नु परिरहेको हुन्छ ।

**समष्टिगत उद्देश्य :**

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परीवारहरूको पहुँच सुनिश्चित गरी यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म-निर्भरता तथा आफैं व्यवस्थापनलाई समावेश गर्ने ।
- विपत्का कारणले घरवारविहीन बनेका मानिसहहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तरमा सुधार ल्याउने ।
- बिपत् प्रभावितहरुको जिवन रक्षाका लागि यथाशिघ्र गैरखाद्य सामाग्रीहरु उपलब्ध गराउने ।

**विशिष्ट उद्देश्य :**

- प्रतिकूल मौषमका असरहरूबाट संरक्षण प्रदान गर्नका लागि प्रभावित मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ हुने ।
- संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगाको व्यवस्थापन हुनेछ ।
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच ।

**मानवीय सहयोग सम्बन्धी मापदण्ड (स्फेयर मापदण्ड)**

- औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छानो भएको क्षेत्र, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४x५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री ।
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच ।
- दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा ।
- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धी सामग्रीको आपूर्ति भएको ।
- मानिसहरूसँग उपयुक्त घरायसी सामग्री छः एक सेट भाँडा ।
- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ, जुन जमिन सुरक्षित तथा SPHERE को मापदण्ड अनुसार हुनुपर्छ ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै समभ्रुदारी पत्र (MoU) मा दस्तखत भएको हुनु पर्दछ ।

- शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनु पर्दछ ।
- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।
- नागरिक समाज, सरकारी निकाय तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना ।

**४.२.३.२ :नेतृत्व गर्ने निकाय शहरी विकास तथा भवन डिभिजन तथा नेपाल रेडक्रस सोसाइटी**

**क्षेत्रगत सदस्यहरु (Cluster Members) को सूची, क्षमता तथा श्रोत आकलन :**

| क्र सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत रकम बा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | शहरी विकास तथा भवन डिभिजन | त्रिपाल ५० थान ईञ्जीनियर लगायत प्राबिधिक जनशक्ति | राजेन्द्र पाण्डेय | ५६००२७, ९८५७८३१८११ dudbcdang@gmail.com |
| २ | नेपाल रेडक्रस सोसाईटी | गैरखाद्य सामाग्री ५० सेट जिल्ला, ३० सेट उपशाखामा, ३ लाख रुपैयाँको आकस्मिक कोष उद्धार, जनशक्ती, प्राथमिक उपचार | नारायण आचार्य थम्मन चौधरी | ५२००२२, ९८५७८२००७४ ९८४७८२२१४३ nrcs.dang@gmail.com |
| ३ | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | श्रोत व्यवस्थापनमा सहजीकरण | तिर्थ सन्तोषी | ५६०२४० ९८४७८३१६९८ |
| ४ | दाङ जिल्ला उद्योग वाणिज्य संघ घोराही दाङ | खाद्यान्न संकलन र वितरणमा सहजीकरण | नारायण भुषाल | ९८५७८६००६३ dangdcci@gmail.com, dangcci@yahoo.com |
| ५ | वन महासंघ | सामुदायिक बनबाट काठ उपलब्ध गराउन सहजीकरण | सोभाकर सापकोटा | ९८५७८२००६४ ०८२-५६२०९७ |
| ६ | बेस | स्वयंसेवक तथा अन्य सहयोग | रुपलाल चौधरी | ९८४७८४९७५५, ०८२–५२२०३७ |
| ७ | जिल्ला वन कार्यालय | नियमानुसार काठ उपलब्ध गराउने | जगदिश प्रसाद गुप्ता | ०८२-५६००१४ dfodang@gmail.com |
| ८ | INF | गैर खाद्य सामग्री सहयोग | शिलु गुरुङ्ग | ०८२,५६००१७, ९८४७८६१२७८ cbr.supervisor@dang.nepal.inf.org |
| ९ | सिसा | स्वयंसेवक, जनचेतनामूलक कार्यक्रम । | साजिदा सिद्धिकी | ०८२५६१५७४,९८४७८९५२२० siseadang@gmail.com |

**४.२.३.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि : आपत्कालीन परिस्थितिभन्दा पहिले**

| क्र.स. | पूर्व-तयारी सम्बन्धी गतिविधि के | जिम्मेवार निकाय को | कहिले समय अवधि |
|---|---|---|---|
| १ | क्लस्टरको योजना बनाएर तयारी अवस्थामा राख्ने | श.बि.भ.डि.का. र रेडक्रस | फागुन, चैत्र |
| २ | क्लस्टर अन्तर्गतका संघ/संस्थाहरुमाझ राहत सहयोगका लागि जिम्मेवारी बाँडफाँड गर्ने । | क्लष्टर बैठकबाट | फागुन |
| ३ | विपद्को अवस्थामा गरिने आपत्कालीन आश्रय, बसोवास तथा गैर–खाद्य सामाग्री क्षेत्रमा गरिने सहयोग तयारी अवस्थामा राख्ने । | श.बि.भ.डि.का. र रेडक्रसले अन्य निकायको सहयोग लिएर | जहिलेसुकै |
| ४ | स्रोत संकलन तथा संघ-संस्थाबाट हुने सहयोग (आर्थिक तथा अन्य) को योजना तयारी अवस्थामा राख्ने । | श.बि.भ.डि.का. र रेडक्रस | जेठसम्म |

४.२.३.४ आपत्कालीन आश्रय, आवास तथा गैरखाद्य क्षेत्रको प्रतिकार्य योजना: आपत्कालीन परिस्थितिको अवधिमा

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय (कस्लें) | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-९० दिनसम्म)** | | |
| विपद् प्रवाहको सूचना स्थानीय स्वयंसेवकवाट संकलन गर्ने | डिडिएमसी, नेरेसोका ईकाइहरु | पहिलो दिन |
| जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक वैठकको आयोजना | डिडिएमसी | पहिलो दिन |
| विपद् प्रतिकार्य समूहलाई संचार गर्ने | नेरेसो, शहरी बिकास तथा भवन | पहिलो दिन |
| विषयगत क्षेत्रको बैठक गर्ने | नेरेसो र श.बि.त.भ.नि.डि.का | दोस्रो दिन |
| द्रुत लेखा जोखा सम्बन्धी अभिमुखिकरण आयोजना | डिडिएम्सी, नेरेसो | पहिलो दिन |
| द्रुत लेखाजोखा टोली परिचालन तथा प्रारम्भिक सूचना संकलन | नेपाल रेडक्रस सोसाइटी | पहिलो हप्ता |
| प्रभाबित स्थलको सूचना विश्लेषण गरी सहायता परिचालन गर्ने | डिडिएमसी | पहिलो हप्ता |
| विपद् प्रभावित क्षेत्रमा अस्थायी आवास, त्रिपाल तथा भाँडाबर्तनको व्यवस्थापन गर्ने । | भवन डिभिजन तथा नेपाल रेडक्रस | पहिलो हप्ता |
| अस्थायी आवास तथा गैर खाद्य सामाग्रीको आवश्यकता पहिचान गर्न सर्वेक्षण गर्ने टोली खटाउने । | शहरी विकास तथा भबन डिभिजन नेरेसो, स्थानीय तह | पहिलो हप्ता |
| कम खर्चमा बनाउन सकिने नमुना घर निर्माण<br>गैरखाद्य सामग्री वितरण कार्य निरन्तरता | शहरी विकास तथा भवन डिभिजन | पहिलो महिना |
| गैरखाद्य सामाग्री वितरण तथा प्रयोगको सुनिश्चितताको लागि अनुगमन | डिडिएमसी नेरेसो | पहिलो महिना |
| जिल्लास्थित सरोकारवाला निकायहरु एवं क्षेत्रगत सदस्यहरुको समन्वय तथा पाठ सिकाई कार्यशाला बैठकको आयोजना | नेपाल रेडक्रस/डिडिएमसी | दोस्रो महिना |
| सुरक्षित स्थान पहिचान<br>बैकल्पिक बस्ती विकासका लागि प्राबिधिक अध्ययन | शहरी विकास तथा भवन डिभिजन | तेस्रो महिना |

**४.२.४ क्षेत्र (Cluster) : आपत्कालीन संरक्षण**

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) : महिला तथा बालबालिका कार्यालय/स्थानीय तहका ईकाइहरु**

**४.२.४.१ विपद् सम्बन्धी परिस्थिति : प्रकोपबाट सम्भावित मानवीय असर (बाल संरक्षण तथा लैङ्गिक हिंसा) :**

- जनको क्षति, अनाथहरूको सङ्ख्यामा वृद्धि ।
- मानिसहरुको आन्तरिक विस्थापन ।
- घाइते बालबालिका ।
- विद्यालय बन्द, शैक्षिक अवसरहरूमा अवरोध ।
- बढ्दो दुरुपयोग र शोषण ।
- विछोडिएका तथा एकल बाल-बालिका ।
- सम्भावित मानसिक आघात (trauma) तथा मनोवैज्ञानिक विपत्ति ।
- लिङ्गमा आधारित हिंसा (Gender–based violence - GBV) को बढ्दो जोखिम ।
- सामना गर्ने संयन्त्र (coping mechanism) मा अवरोध ।
- भेदभाव ।

- मानव बेचविखनको जोखिम ।
- प्रभावित व्यक्तिहरुमा यौन शोषणको जोखिम् ।
- अपाङ्ग, बृद्ध तथा एकल महिलाहरुको सुरक्षा तथा संरक्षणमा कमि ।
- शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण ।
- केही समुदाय अथवा समूहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

**समष्टिगत उद्देश्य :**

महिला तथा बालबालिका लगायत जोखिम्मा रहेका समुहहरूले आपत्कालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट संरक्षण गर्ने ।

**विशिष्ट उद्देश्य :**

- नेपालका विपद् तथा अन्य आपत्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिम्मा रहेका समुहहरूका लागि मानव अधिकार सम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दै भएका कुरा सुनिश्चित गर्ने ।
- जोखिम्मा रहेका समुहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
- आपत्कालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाका जोखिम्हरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।
- लैङ्गिक हिंसाको रोकथाम, प्रेषण प्रणाली स्थापना तथा सवलीकरण, महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने प्रभावकारी संयन्त्र बनाउने ।
- यौन तथा लैङ्गिक हिंसाबाट प्रभावित तथा गर्भवती र सुत्केरी महिलाहरुको लागि महिला मैत्री स्थान (Female Friendly Spaces) को स्थापना तथा लैगिक हिंसा प्रतिकार्यका लागि एकद्वार प्रणली अर्थात् (One Stop Crisis Management Center-OSCMC) लाई प्रभावकारी गराउने ।
- बाल-मैत्री ठाउँ तथा मनो-सामाजिक परामर्शसम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- बिछोड भएका बालबालिका, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका केटाकेटी तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्यसम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परीवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- यौन दुर्व्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका र महिलाहरूको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

**संरक्षणमा मानवीय सहयोगको न्युनतम मापदण्ड : स्फेयर मापदण्ड**

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उलङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने, संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडी पारिएका समुहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुबिधामा समान पहुँच सहयोग पाए नपाएको अनुगमन गर्ने ।

- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बालमैत्री, महिला मैत्री ठाउँलगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परीवारको साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परीवारबाट बिछडिएका तथा साथ नभएका बाल-बालिकाहरू र अन्य जोखिम्मा परेका समुह जस्तैः परीवार नभएका, बृद्ध, अपांग तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (वास तथा अन्य सेवाको व्यवस्था) ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने ।

**४.२.४.२ अगुवा निकाय : महिला तथा बालबालिका कार्यालय/स्थानीय तहका शाखाहरु**

**यस क्षेत्रका क्षेत्रगत सदस्यहरु (Cluster Members) को सूची, क्षमता तथा श्रोतको आकलनः**

| क्र.सं. | अगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधन/स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक श्रोत | सामग्रीगत स्रोत | मानवीय स्रोत दक्ष | | |
| १. | महिला तथा बाल-बालिका कार्यालय तथा स्थानीय तहका शाखा | केही | Dignity kit 3 bag<br>सुरक्षित आबास ११ स्थानमा | समुदायमा रहेका ४३ महिला सहकारी | बिश्वमणी जोशी | ०८२५६००२०<br>९८४१३६१२४४<br>wcodang@gmail.com |
| २. | जिल्ला बाल कल्याण समिति | केही | समन्वय | केही | प्रजिअ | ५६०१३३ |
| ३. | ग्रामीण महिला उत्थान केन्द्र | केही | संरक्षण सामग्री | ५ जना | आसमानी चौधरी | ५६०४८९,<br>९८५७८३०३८३<br>gmukdang@gmail.com |
| ४. | सौभाग्य महिला बचत तथा ऋण सहकारी | छैन | परामर्श<br>सुरक्षित आवास | स्वयंसेवक | हुमा डिसी | ९८५७८३२५५० |
| ५. | सीसा | छैन | १० हजार बराबरको संरक्षण सामग्री | जनचेतना | साजीदा सिद्दिकी | ९८४७८९५२२० |
| ६. | बेस | केही | खाद्यान्न | स्वयंसेवक | चुर्ण चौधरी | ९८५७८२०२४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | ओरेक | केही | आपत्कालीन सुरक्षा आवास | स्वयंसेवक | ईश्वरी थापा | ९८५७८२०९३५ |
| ८. | UNICEF | | बालबालिकाका लागि आवश्यक सामग्रीहरु | | राजेश मगर | ९८४७८२१२९७ |
| ९. | UNFPA | | मर्यादा सामग्री | | पूर्ण वि.क. | ५६२०११ |
| १०. | जेष्ठ नागरिक सरोकार केन्द्र | | आपत्कालीन सुरक्षा आबास | | | |
| ११. | नेपाल महिला सामुदायिक सेवा केन्द्र | | बालबालिकाका लागि आवश्यक सामग्रीहरु | स्वयंसेवक | लक्ष्मी गुप्ता | ९८४७९५९४४४ |
| १२. | सिभिक्ट | | मनोसामाजिक परामर्श | | गोबिन्द खनाल | ९८५११९३९६४ |
| १३. | जिल्ला प्रहरी महिला सेल | | सुरक्षित आवास | | प्रहरी प्रमुख | ९८५७८०५५५५ |
| १४. | FHRD | | समुदाय परिचालन | | शिव घर्ती | ०८२५६१०४३ |
| १५. | जिल्ला शिक्षा विकास समन्वय ईकाइ | | विद्यालय आपत्कालीन आश्रय | शिक्षक विद्यार्थी | रमेश प्रसाद मैनाली | ०८२५६००१० |
| १६. | जिसस | | समन्वय राहत सामग्री | | जिल्ला समन्वय अधिकारी | ०८२५६००३८ |
| १७. | DPHO | | स्वास्थ्य सेवा | | कार्यालय प्रमुख | ०८२५६०००५ |
| १८. | खानेपानी तथा सरसफाई डिभिजन | Hyegine Kit | सरसफाई सेबा, आवश्यकता अनुसार सरसफाईका सामाग्रीहरु | | कार्यालय प्रमुख | ०८२५६००२६ |
| **स्थानीय तहमा रहेको महिला तथा बालवालिका ईकाइमा कार्यरत कर्मचारीहरुको बिवरण अनुसूचि ८ मा राखिएको छ। सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रगत अवधारणा अनुसार सक्रिय बनाई योजनासमेत बनाउनु पर्नेछ।** | | | | | | |

### ४.२.४.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी : आपत्कालीन परिस्थितिभन्दा पहिले)

| पूर्व-तयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्थाः**<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बीचमा समन्वय, श्रोत पहिचान सम्झौता गर्ने तथा श्रोत पहिचान गर्ने तथा जिम्मेबारी बाँडफाडमा सहमति कायम गर्ने ।<br>पूर्वतयारी तथा सहयोग सम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगानासहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | महिला तथा बालबालिका कार्यालय, स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | गरिसकिएको |

| | | |
|---|---|---|
| **सिकिएका पाठ :**<br>यस वर्षको आकस्मिक योजनामा समावेश गर्नका लागि गत वर्षको बाढी तथा २०७२ को गोरखा भुकम्प र बाढीको अनुभवबाट हरेक क्षेत्रभित्र सिकिएका प्रमुख पाठहरूको पहिचान, पूर्ब तयारी गर्ने । कसले के गर्ने भन्ने जिम्मेवारी बाँडफाँड गर्ने । | महिला तथा बालबालिका कार्यालय, स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | जेठसम्म |
| **आधाररेखा जानकारी/अन्य स्रोतबाट तथ्याङ्क सङ्कलन :**<br>क. बाढी वा विपत् आउनसक्ने गापाहरुसँग सम्बन्धित क्षेत्रगत जानकारी/तथ्याङ्क ।<br>ख. सार्वजनिक सुविधाहरू रहेका ठाउँ देखाउने नक्सा ।<br>ग. जिल्लाका विभिन्न निकाय/सरोकारवालाहरूसँग उपलब्ध स्रोतको नक्साङ्कन | महिला तथा बालबालिका कार्यालय, स्थानीय तहले DDMC संग समन्वय गर्ने । | आषाढ महिनाको अन्तसम्म |
| **क्षमता विकास :**<br>Protection सम्बन्धी तालिमको लागि समन्वय गर्ने ।<br>क.मनोसामाजिक तालिम २० जना महिलाहरुलाई ।<br>ख.शारीरिक रुपमा अशक्त, जेष्ठ नागरिक तथा अपांगता भएका बालबालिकाहरुलाई आपत्कालीन अवस्थामा संरक्षण तालिम । | स्थानीय तह/महिला तथा वालवालिका कार्यालय | आषाढ महिनाको अन्तसम्म |
| आपत्कालीन संरक्षण सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>• विभिन्न सङ्गठनहरूसँग उपलब्ध मौजदातको तथ्यांक संकलन गर्ने<br>• अपुग सामग्री (gaps) को पहिचान गर्ने । | स्थानीय तह/महिला तथा वालवालिका कार्यालय | आषाढ महिनाको अन्तसम्म |
| पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक पूर्वतयारी गतिविधिहरूको अनुगमन गर्नका लागि कार्य योजना । | स्थानीय तह/महिला तथा बालबालिका कार्यालय | जेष्ठ महिनामा |

### ४.२.४.४ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपत्को अवधिमा लागु हुने)

| **सहयोग गतिविधि** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग समन्वय बैठक गर्ने ।<br>जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने । | स्थानीय तह महिला बालबालिका ईकाइ | पहिलो दिन |
| क. परिस्थिति सम्बन्धी आफ्नो क्षेत्रको पहिलो प्रतिवेदन तयारी गर्ने जसमा प्रभावित बालबालिका, बृद्ध बृद्धा, एकल महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरु, किशोरीहरु तथा अन्य जोखिम्मा रहेका व्यक्तिहरुको संख्या तथा अवस्था उल्लेख गर्ने ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने । | १. महिला तथा वालवालिका कार्यालय | दोश्रो दिन |

| | | |
|---|---|---|
| प्रारम्भिक प्रतिबेदन तथा अन्य संरक्षणसंग जोडिएका परिस्थितिको लेखाजोखा तथा समीक्षा गर्ने ।<br>क. प्रभावित परीवारको अनुमान गर्नका लागि प्रभावित स्थानीय तहसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने । | क.क्लष्टर सदस्यहरु<br>ख. स्थानीय तह महिला तथा बालबालिका ईकाई | दोश्रो दिनदेखि निरन्तर |
| प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>क. तत्काल उपलब्ध गराइएका मानवीय सेवाहरुमा महिला, वालवालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरु, वृद्ध वृद्धाहरुको पहुँच भए नभएको सुनिश्चितता गर्ने ।<br>ख. सुत्केरी, गर्भवती तथा जोखिममा रहेका किशोरीहरु तथा महिलाहरुलाई मर्यादा सामाग्री (Dignity Kit) वितरण गर्ने ।<br>ग. मानवीय सेवाको आवश्यकता देखिएको प्रभावित समुदायमा सेवा उपलव्धताको लागि पैरवी गर्ने । | क.स्थानीय तह महिला तथा बालबालिका इकाई<br>क्लष्टर सदस्यहरु | प्रभावित क्षेत्रमा मानवीय सेवा उपलव्ध गराउन शुरु गरेपछि निरन्तर रुपमा । |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP) को समीक्षा गर्ने | १.स्थानीय तहमा संरक्षण क्षेत्रको बैठक बसी समीक्षा गर्ने । | ७ दिनभित्र |
| संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरुबाट प्राप्त सहयोगको लागि गरिएको प्रतिवद्धताको कार्यान्वयन गर्ने । | स्थानीय तहमा संरक्षण क्षेत्र | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण (feedback) उपलब्ध गराउनका निमित्त टोली खटाउने | स्थानीय तहमा संरक्षण क्षेत्र | दोश्रो हप्ता – निरन्तर जारी |
| जोखिम्मा रहेका समुहहरूको पहिचान लगायत पहिलो ३० दिनभित्र तत्कालीन मानवीय सहयोग/सम्झौता ।<br>क. ५ वर्ष मुनिका बालबालिकाहरुको लागि आवश्यक पोषण युक्त खाना र लत्ता कपडा ।<br>ख.सुत्केरी र ६ महिनासम्मका वच्चाका आमाहरुको लागि आवश्यक पोषण युक्त खाना र लत्ता कपडा ।<br>ग.परिवारबाट विछोडिएका बालबालिकाहरुलाई बाल पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>घ. लैंगिकतामा आधारित हिंसामा परेका वालवालिका तथा महिलाहरुलाई पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने । संरक्षणको आवश्यकता भएका वृद्ध वृद्धा र अपांगता भएका व्यक्तिहरुलाई पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>ङ. लैगिक हिंसा रोकथामको लागि प्रेषण प्रणाली स्थापना तथा सवलीकरण गर्ने ।<br>च. महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने र डिग्निटी किट वितरण । | स्थानीय तहमा संरक्षण क्षेत्र | पहिलो दिनदेखि नै निरन्तर रुपमा गर्ने । |

| | | |
|---|---|---|
| छ. महिलामैत्री स्थानहरुको पहिचान गर्ने तथा सुरक्षित स्थान निर्माण गर्ने । | | |
| **सहयोग सम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिनको अवधीमा** | | |
| ➢ क्षेत्रगत समन्वय बैठक गर्ने ।<br>➢ मनोसामाजिक असर देखिएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।<br>➢ विपद्मा महिला तथा बालबालिकामा पर्नसक्ने थप जोखिमको बारेमा जनचेतनामूलक कार्यक्रमहरु गर्ने जस्तैः लैङ्गिक हिंसा, मानव बेचबिखन, बाल संरक्षण, मनोबिमर्श सेवा, यौन हिंसा तथा सहयोगबारे जानकारी आदि ।<br>➢ लैङ्गिक हिंसा, यौन हिंसा तथा बाल हिंसाका घटनाहरुमा सिफारिस प्रणालीमा काम गर्ने । शिबिरभित्र संरक्षण आबश्यक भएमा महिला, बालबालिका तथा जेष्ठ नागरिकका लागि सुरक्षित स्थान पहिचान गर्ने ।<br>➢ विपद्पछि हुनसक्ने ओसारपसार रोक्नका लागि गतिबिधी सञ्चालन गर्ने । | स्थानीय तह संरक्षण क्षेत्र तथा क्षेत्रगत सदस्यहरु | दुई हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन गर्ने । मानवीय सहायताको प्रतिवेदन तयारी तथा DDMC मा प्रस्तुत गर्ने । | महिला तथा वालवालिका कार्यालयको संयोजकत्वमा क्षेत्रगत सदस्यहरु | निरन्तर जारी |

**४.२.५ क्षेत्रः- आपत्कालीन शिक्षा**

**नेतृत्व प्रदान गर्ने निकाय** : जिल्ला शिक्षा विकास समन्वय ईकाइ

**४.५.१ विपद्सम्बन्धी परिस्थिति** : प्रकोपका सम्भावित मानवीय असर (शिक्षा) :

- विद्यालय भवनहरू र शिक्षण/सिकाइका सामग्रीहरूको क्षति ।
- शिक्षक/विद्यार्थीहरू हताहत/जनको क्षति ।
- बिद्यार्थीहरुको विद्यालयसम्म पहुँच नहुनु ।
- विद्यालयमा क्षति हुनाले शिक्षामा अवरोध ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा प्रयोग हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालय (Host schools) को पढाइमा अवरोध ।
- केटाकेटी तथा शिक्षकहरूमा विपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाइ एवं सिक्ने प्रक्रियामाथि प्रभाव पार्छ ।

**समष्टिगत उद्देश्य :**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण केटाकेटीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुर्‍याउने ।

**विशिष्ट उद्देश्य :**

- विपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समुहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने ।

- आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।
- द्रुत तथा चालु (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्कालीन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका निमित्त युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEF's Core Commitments to Children in Emergencies for Education) का न्युनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

**शिक्षामा मानवीय सहयोग सम्बन्धी न्युनतम मापदण्ड : (स्फेयर मापदण्ड)**

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परापर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका लागि तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- संभव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्तत : पहिलो दुई हप्ताभित्र, न्युनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्युनतम पुर्वाधारसहित विद्यालय जाने बाल-बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने ।
- विद्यालयबाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छैन अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ छैन जानकारी लिने ।
- पीडित बाल-बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमश : तिनलाई नियमित पार्दै लगिने ।
- प्रभावित क्षेत्रका स्कूलहरुमा भएको पुराना किताब संकलन गरी सुरक्षित ठाउँमा राख्ने ।
- मनोरञ्जनका कुराहरु दिइने ।

**४.५.२ शिक्षा क्षेत्रका क्षेत्रगत सदस्यहरु (Cluster Members) को सूची, क्षमता तथा श्रोत मापन**

| क्र.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत रकम तथा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १. | जिल्ला शिक्षा विकास समन्वय ईकाई | स्थानीय तहमा रहेका विद्यालय निरीक्षण क्षेत्र ४, श्रोत केन्द्र १५, ४२३ विद्यालयहरु | जि.शि.वि.स.अ. | ५६०००९, ५६००१० |
| २. | शैक्षिक तालिम विकास केन्द्र, तुलसीपुर | शिक्षकलाई तालिम | धन बहादुर वली | ५२०२८४ |
| ३. | नेपाल शिक्षक यूनियन लगायतका शिक्षक संघ संगठनहरु | स्वयंसेवक शिक्षकहरु | चिन्ता ब.बुढाथोकी | ९८५७८३०६९६ |
| ४. | बेस | स्टेशनरी जनसहभागिता | चुर्ण चौधरी | ९८५७८२०२४३ |
| ५. | युनिसेफ | ECD kit box school kit box | राजेश मगर | ०८१ : ५५०००८<br>०८१ : ५५०२१७ |
| ६. | सहयोग समाज नेपाल | कम्लरी बालबालिकालाई सहयोग | खोपीराम चौधरी | ०८२५४०००२६<br>९८५७८२०६८९ |

| | | | | |
|---|---|---|---|---|
| ७. | DNGOCC तुलसीपुर | शैक्षिक सामग्री सहयोग | खड्ग वि.क.,<br>प्रेम नेपाली | ९८५७८२०५६०<br>९८४७९५७०७४ |
| ८. | सुपर संस्था तुलसीपुर | जनसहभागिता | ज्योति प्र.चौधरी<br>राम ब. चौधरी | ०८२ : ५२०२२३<br>९८५७८२०३९३ |
| ९. | सिड तुलसीपुर | शैक्षिक सामग्री सहयोग | भागिराम चौधरी | ९८५७८२०२८२ |
| १०. | सिसा | आवश्यकता अनुसार बालबालिकालाई सहयोग | साजिदा सिद्धिकी | ५६१५७४,<br>९८४७८९५२२०, |
| ११. | सबै स्थानीय तहमा रहेका शिक्षा बिकास शाखा, श्रोत केन्द्र | | स्थानीय तह | |

**४.५.३. आपत्कालीन परिस्थितिको पूर्वतयारी : (आपत्कालीन परिस्थितिभन्दा पहिले)**

| क्र स | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | कहिले गर्ने |
|---|---|---|---|
| १. | स्थानीय तहमा क्लष्टर बैठक बसी जिम्मेवारी बाँडफाँड गर्ने र सम्पर्क व्यक्ति तोक्ने | जिशि.विकास समन्वय ईकाइ, स्थानीय तह र सहयोगी निकायहरु | मंसीरमा |
| २. | आपत्कालीन आश्रय पहिचान तथा व्यबस्थापन बैठक | जि.शि.विकास समन्वय ईकाइ, स्थानीय तह र सहयोगी निकायहरु | पुस |
| ३. | जनशक्ति व्यवस्थापन तथा परिचालन अन्तरक्रिया | जि.शि.विकास समन्वय ईकाइ, स्थानीय तह र सहयोगी निकायहरु | माघ |
| ४. | समन्वय, सहकार्य बैठक छलफल | जि.शि.विकास समन्वय ईकाइ, स्थानीय तह र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| ५. | विपद् सहायता सामाग्री ब्यवस्थापन | जिशि.विकास समन्वय ईकाइ, स्थानीय तह र सहयोगी निकायहरु | बैशाखमा |
| ६. | विद्यालयहरुको आकस्मिक योजना बनाउने | जि.शि.विकास समन्वय ईकाइ, स्थानीय तह र सहयोगी निकायहरु | जेठसम्ममा |
| ७. | विगतमा प्रभावित विद्यालयको अध्ययन, विश्लेषण गरी बाढी, भूकम्प सम्बन्धमा प्र.अ., शिक्षक तथा वि.ब्य.समितिलाई विद्यालय स्तरीय चेतनामुलक कार्यक्रम गर्ने, गराउने, शिक्षकहरुलाई प्राथमिक उपचार तालिम | जिल्ला शिक्षा विकास समन्वय ईकाई स्थानीय तह र नेरेसो | माघ तथा फागुन महिनामा |
| ८. | वैकल्पिक विद्यालय स्थापना र संचालनका लागि आवश्यक सामाग्री तथा श्रोत व्यक्तिहरुको पहिचान गर्ने | स्थानीय तह, जिशिबिसई र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| ९. | उच्च जोखिम क्षेत्रका शिक्षक, सामाजिक कार्यकर्ता (मानवीय श्रोत र अन्य श्रोत समेतको) को रोष्टर निर्माण गर्ने र सचेत गराउने | स्थानीय तह, जिशिबिसई र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| १०. | उच्च जोखिम क्षेत्रमा प्रचार प्रसारका लागि IEC सामग्रीको व्यवस्थापन गर्ने | स्थानीय तह, जिशिबिसई र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| ११. | स्थानीय संचार माध्यम मार्फत जनचेतनाका गतिबिधि संचालन गर्ने | स्थानीय तह, जिशिबिसई र सहयोगी निकायहरु | निरन्तर |

४.५.४ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागु हुने)

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| **जानकारीको सङ्कलनका लागि क्लष्टर समन्वय बैठक**<br>● आर्थिक तथा मानवीय श्रोतको आपत्कालीन जोहो ।<br>● सूचना केन्द्रको स्थापना ।<br>● तत्काल शैक्षिक क्षतिको सूचना संकलन गर्ने ।<br>● तत्कालको लागि शिविरमा सुरक्षित स्थानको स्थापना गर्ने<br>● तत्काल गाविस तथा क्षेत्रमा भएका सूचना केन्दहरुसंग सम्पर्क स्थापना गरी जानकारी संकलन गर्ने । | जिशिविस इकाई कार्यालय, सम्बन्धित श्रोत केन्द्र, स्थानीय तह | पहिलो दिनमै |
| **परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने :**<br>क. पहिलो प्रतिवेदन ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने । | स्थानीय तह, जिल्ला शिक्षा विकास समन्वय ईकाइ | दोश्रो दिन |
| **प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने :**<br>क. प्रभावित विद्यालय तथा विद्यार्थीको अनुमान गर्नका लागि प्रभावित विद्यालय सेवा क्षेत्रबाट उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा रोकिएको शैक्षिक सेवा अस्थाई रुपमा सुचारु गराउन जिम्मेवारी तोक्ने । | जिशिवि समन्वय इकाई कार्यालय, सम्बन्धित श्रोत केन्द्र, स्थानीय तह | दोश्रो र तेस्रो दिन |
| **स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP) को समीक्षा गर्ने** | जिल्ला शिक्षा बिकास समन्वय ईकाई | ७ दिनभित्र |
| **विपद्बाट बढी जोखिममा रहेका समुहहरू**<br>क.अपांग बालबालिकाको पहिचान ।<br>ख.परिवारबाट बिछोडिएका ।<br>ग.आमाबाबु गुमाएका ।<br>घ.मनोसामाजिक आघातमा परेका बालबालिकालाई मानवीय सहायताका लागि श्रोत खोजेर सम्झौता गर्ने ।<br>ङ.शिबिरभित्रै बाल सिकाइ कक्षा सञ्चालन गर्ने । | स्थानीय तह, जिल्ला शिक्षा विकास ईकाई | पहिलो हप्ता देखि महिनाभर पहिलो महिनाभित्र |
| **क्षेत्रगत (Cluster) समन्वय बैठक:**<br>सूचना तथा जानकारीको आदानप्रदान, अवस्था विश्लेषण, कार्यक्रमको पूर्वतयारी तथा साझा सहमति, श्रोतको खोजी तथा व्यवस्थापन | जिल्ला शिक्षा विकास समन्वय ईकाइ | हप्तामा एक पटक |
| **आवश्यकताको विस्तृत लेखाजोखा सञ्चालन गर्ने ३०-९० दिनसम्म** | | |
| **स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण**<br>क.प्रस्तावना तयार पार्ने ।<br>ख.दातृ निकायहरुसंग प्रस्तावना सहित श्रोतको माग गर्ने । | स्थानीय तह<br>जिल्ला शिक्षा विकास समन्वय ईकाइ, क्लष्टर सदस्यहरु | ३-४ हप्ता |

| | | |
|---|---|---|
| परिस्थिति सम्बन्धी अद्यावधिक प्रतिवेदनलाई अद्यावधिक पार्ने | स्थानीय तह, जिल्ला शिक्षा विकास समन्वय ईकाइ | हप्तामा एक पटक |
| मनवीय सहायताका साथै क्षतिग्रस्त शैक्षिक संस्थाको पुननिर्माण गर्ने | जिशिविसईका तथा सहयोगी निकाय | दोश्रो तेस्रो महिनामा |
| मानवीय शैक्षिक सहयोगको निरन्तरताका साथै नियमित अनुगमन | | निरन्तर जारी |
| स्थानीय तहमा रहेका शिक्षा विकास शाखा, श्रोत केन्द्रसँगको समन्वय | जिल्ला शिक्षा विकास समन्वय ईकाइ | निरन्तर |

**४.२.६ क्षेत्र (Cluster): खानेपानी तथा सरसफाई**

**नेतृत्व प्रदान गर्ने निकाय** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

**४.२.६.१ विपद् सम्बन्धी परिस्थिति** : बिपद्का सम्भावित मानवीय असर

- बाढीको कारणबाट होचो स्थानमा रहेका क्षेत्रहरूमा सुरक्षित खानेपानीको मुहान अवरुद्ध हुने गरी इनारहरू दुषित हुनेछन् र सम्भवत : बाढीमा डुब्नेछन् ।
- वातावरण प्रदुषित हुने गरी शौचालयहरू भरिन सक्दछन् ।
- सुरक्षित पानीको अभाव तथा ढलबाट दुषित वातावरणले गर्दा झाडापखाला तथा हैजा फैलने जोखिम बढ्नेछ ।
- प्रभावितहरु समक्ष सुरक्षित खानेपानी तथा सरसफाईका सुविधाहरूको पहुँच नहुने ।

**समष्टिगत उद्देश्य :**

- खानेपानी तथा सर-सफाइसँग सम्बन्धित रोगहरू फैलन नदिने र तिनको रोकथाम गर्ने ।

**विशिष्ट उद्देश्य :**

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा (cleanliness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

**मानवीय सहयोगका न्युनतम मापदण्ड : स्फेयर मापदण्ड**

१. प्रतिदिन प्रतिव्यक्ति न्युनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।
२. शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टीन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने चक्की (tablets) अथवा वाटर गार्ड (water guard) उपलब्ध गराउने ।
३. शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले सोलाई बढाउने गरी) को निर्माण गर्ने ।
४. शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी सङ्गठन, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसँग मिली स्वास्थ्य तथा सरसफाई सम्बन्धी सामाग्रीहरु (kits) वितरण गर्ने र स्वच्छता प्रवर्धनसम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने) सञ्चलन गर्ने ।

### ४.६.२ खानेपानी, स्वच्छता तथा सरसफाई क्षेत्रका सदस्यहरुको सूची, क्षमता तथा श्रोत आँकलन :

| क्र.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत रकम वा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १. | जिल्ला खानेपानी सरसफाई डिभिजन कार्यालय | एक्वा ट्याव १०० वटा, पानी ट्याङकी ३ वटा, पाइप १००० मी., बाल्टीन तथा मग ५० थान अस्थायी शौचालय, स्वच्छता सामाग्री | चोक प्र. धिताल, तिलक न्यौपाने | ५६००२६, ९८५७८३४५२६ ९८५७८२१०९४ |
| २. | युनिसेफ | बिपद्को समयमा आवश्यकता अनुसार उपलब्ध गराउन सकिने क्षेत्रीय गोदामघर नेपालगञ्ज बाँकेमा रेहेको | राजेश मगर | ९८४७८२१२९७ |
| ३. | बेस | केही सरसफाईका सामग्रीहरु जनशक्ति | चुर्ण चौधरी | ९८५७८२०२४३ |
| ५. | सिसा नेपाल | स्वयंसेवक जनचेतना कार्यक्रम, पानी शुद्धिकरण सामग्री | साजिदा सिद्धिकी | ०८२५६१५७४ |
| ६. | ने.रे.सो. दाङ | स्वयंसेवक परिचालन तथा बाल्टीन र मग ५०/५० थान | प्रकाश श्रीवन्द | ०८२५२००२२ |
| ७. | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | जनचेतना, सम्पर्क, समन्वय | तिर्थ सन्तोषी | ०८२५६०२४० |
| ८. | सामुदायिक वन महासंघ | समन्वय स्वयंसेवक | सोभाकर सापकोटा | ९८५७८२००६४ |
| ९. | सुआहारा दोश्रो | सरसफाईका सामग्रीहरु उपलब्ध गराउन सकिने, ४५ जना कर्मचारी परिचालन गर्न सकिने, आपत्कालीन अवस्थामा परामर्श सेवा प्रदान गर्न सकिने | सुरज शर्मा | ९८५११४९१७३ |

### ४.६.३. आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि : (प्रकोपभन्दा पहिले)

| क्र.स | क्रियाकलापहरु | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरुकाबीच क्लस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायम गर्ने । | खा.पा.स.डि.का. | मंसिर, फागुन र जेठ |
| २ | प्रभाबित क्षेत्रमा उत्पन्न हुनसक्ने संकट आकलन तथा खानेपानी तथा सरसफाईका लागि योजना निर्माण | खा.पा.स.डि.का./गै.स.स र रेडक्रस | बैशाखसम्म |
| ३ | सुरक्षित खानेपानी सुचारु गर्न आवश्यक पर्ने सामग्री तथा जनशक्ति तयारी अवस्थामा राख्ने | खा.पा.स.डि.का. | बैशाख |
| ४ | जानकारीको विश्लेषणका लागि सम्पर्क ब्यक्ति तोक्ने । | खा.पा.स.डि.का | चैत्र |
| ५ | विपद् जानसक्ने सम्बन्धित क्षेत्रको तथ्यांक लिई त्यस क्षेत्रमा उत्पन्न हुनसक्ने खानेपानी समस्याको आकलन गर्ने | खा.पा.स.डि.का सबै सरोकारवाला | फागुन |
| ६ | आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने खानेपानी योजनाहरु र प्रभावित हुनसक्ने घरपरिवार संख्याको आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दात विभिन्न निकायहरुसंग उपलब्ध मौज्दात विवरण लिने । | खा.पा.सरसफाई डिभिजन तथा सबै सरोकारवाला | असार |
| ७ | ▪ अपुग सामग्रीको पहिचान गर्ने<br>▪ पुस्तिका, पोस्टर, सूचना तथा संचार सम्बन्धी सामग्रीहरु पूर्वतयारी अवस्थामा राख्ने । | खा.पा.डि. सबै सरोकारवाला | असार |

### ४.६.४ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागु हुने)

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| क्षेत्रगत सदस्यहरुको आकस्मिक बैठक संचालन ।<br>विपद् अवस्थाको विश्लेषण ।<br>प्रतिकार्यको तयारी गर्ने ।<br>सूचना डेस्क स्थापना । | ख.पा.स.स.डि.का. | पहिलो दिन |
| स्थलगत वस्तुस्थितिको जानकारी लिनको लागि अन्य क्षेत्रसँग र सम्बन्धित क्षेत्रमा सम्पर्क गरी जानकारी लिने । | ख.पा.स.स.डि.का. र सरोकारवालाहरु | दोस्रो दिन |
| क्षेत्रगत सदस्यहरुबीच विपद् विश्लेषण गरी क्षतिको लेखाजोखा गर्नको लागि एक टोली विपद् स्थलमा खटाउने । | ख.पा.स.स.डि.का.<br>जिसस | पहिलो हप्ता |
| प्रविधिक टोलीद्वारा संकलित विवरणको आधारमा प्रदूषित खा.पा. तथा सरसफाई सम्बन्धी जनचेतना फैलाउन अर्को टोली परिचालन | खा.पा.स.डि.का.,<br>स्थानीय तह | दोस्रो हप्ता |
| सुरक्षित, स्वच्छ खा.पा. तथा सरसफाई कायम गर्नको लागि उपयूक्त, गुणस्तर परिमाणमा पानीमा प्रभावित परिवारमा पहुँच पुर्‍याउनको लागि पानीको वितरण तथा अस्थायी शौचालय निर्माण गर्न सचेतना कार्यक्रम संचालन गर्ने । | ख.पा.स.स.डि.का.<br>स्थानीय तह | पहिलो महिना |
| सुरक्षित शौचालय निर्माण, प्रभावित क्षेत्रमा संचालित कार्यक्रमको अनुगमन, स्थायी खा.पा.योजना संचालनका लागि पाईप आदि सामग्री व्यवस्था गर्न सरोकारवाला निकाय र तालुक निकायमा समन्वय गर्ने । | जि.स.स.स्थानीय तह,खा.पा.स.स. | दोस्रो महिना |
| सहयोगको अनुगमन तथा पृष्ठपोषणका लागि टोली खटाउने, समग्र प्रतिकार्यको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।<br>सम्बन्धित सबै सरोकारवाला निकायलाई प्रगति प्रतिवेदन पठाउने ।<br>जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | स्थानीय तह<br>खा.पा.स.स.डि.का. | तेस्रो महिना |

**४.२.७ क्षेत्र : स्वास्थ्य तथा पोषण**

**नेतृत्व प्रदान गर्ने निकाय :** जिल्ला जनस्वास्थ्य कार्यालय/स्थानीय तहका स्वास्थ्य सेवा ईकाइहरु

**४.७.१.विपद् सम्बन्धी परिस्थिति :** प्रकोपका सम्भावित मानवीय असर (स्वास्थ्य र पोषण) :

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ र दादुरा एवं पखाला सम्बन्धी रोग, गम्भीर श्वास -प्रश्वास सम्बन्धी संक्रमण, इन्सेफ्लाइटिस, जन्डिस, टाइफाइड र एभियुन इन्फ्लुएन्जा, आँखा अथवा छालाका रोग, आँखा रोगजस्ता सङ्क्रामक रोगहरूको संक्रमणमा वृद्धि ।
- एच.आई.भी./एड्स तथा क्षयरोग फैलने क्रममा वृद्धि ।
- नियमित औषधी सेवनकर्ताहरुको औषधी छुट्ने (क्षयरोग, कुष्ठरोग, एच.आई.भी.आदि) ।
- स्वास्थ्य क्लिनिकहरू नष्टता अथवा पहुँचमा कठिनाइ ।
- औषधी उपचारका उपकरण तथा औषधीको हानि-नोक्सानी ।
- प्रजनन् स्वास्थ्य तथा सुरक्षित प्रसुति सेवा प्रभावित ।
- परिवार नियोजनको साधनको उपलब्ध नहुने ।
- नवजात शिशु तथा सुत्केरी र गर्भवतीहरु स्वास्थ्य जाँचदेखि बन्चित ।
- नियमित सेवाहरु (गाँउघर क्लिनिक र खोपका कार्यक्रमहरु) मा अवरुद्धता ।
- सञ्चार सेवा अवरुद्ध हुँदा तुरुन्त स्वास्थ्यकर्मीको सम्पर्कमा आउन कठिनाइ ।
- सुरक्षित रक्त सञ्चार प्रणालीमा अवरोध ।
- तत्कालै स्वास्थ्य संस्थासम्म पुग्नमा अवरोध (एम्बुलेन्स, स्ट्रेचर, पैदल आदि) ।

- खाद्य सामग्रीको अभावको कारणले गर्दा गम्भीर कुपोषण, औलो, झाडा-पखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त पोषण कार्यक्रममा अवरोध ।
- पोषण पुनर्स्थापन कार्यमा अवरोध ।
- स्वस्छ र सुरक्षित पिउने पानीको अभाव ।
- विपद्को कारणले मानसिक स्वास्थ्य सम्बन्धी समस्यामा बृद्धि ।

**समष्टिगत उद्देश्य :**

जस्तोसुकै आपत्कालीन अवस्था परे तापनि मानव जीवन सुरक्षा तथा कल्याण (Human Survival And Well-being), खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पुरा भएका छन् भनी सुनिश्चित गर्ने ।

**विशिष्ट उद्देश्य (स्वास्थ्य) :**

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- द्रुत लेखाजोखा (Initial Rapid Assessment) गरी स्वास्थ्य तथा पोषण सेवाहरूको अवस्थालाई सुदृढ पार्ने ।
- रोग फैलन गएको खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (Referral Mechanism) को विकास गर्न जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग पुऱ्याउने
- पर्याप्त आपत्कालीन आपूर्ति र मानव श्रोत लगायतका विषयमा शिघ्र क्षमता अभिवृद्धिका लागि अस्पताल (राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती अञ्चल)/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- सुरक्षित मातृत्व तथा परिवार नियोजनका सेवाहरु (सुरक्षित प्रसुति, गर्भावस्था तथा सुत्केरी अवस्थाको सेवा, आकस्मिक परिवार नियोजन सेवा) प्रदान गर्ने ।
- आपत्कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन Minimun Initial Service Package (MISP) को सञ्चालन गर्न आवश्यक क्षमता अभिबृद्धि गर्ने ।
- विस्थापित मानिसहरूका लागि पुरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दुध खुवाउने महिला एवं पाँच वर्ष मुनिका केटाकेटीहरूमा गम्भिर कुपोषणको वृद्धिलाई रोकथाम गर्न अस्पताल राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती अञ्चल)/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न सहयोग गर्ने ।
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन जिल्ला जनस्वास्थ्य कार्यालयलाई मद्दत गर्ने ।
- भिटामिन 'ए' को वितरण, जुका मार्ने औषधी तथा प्रभावित केटाकेटीहरूका लागि खोप सम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्ला जन स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- मानसिक स्वास्थ्य समस्यालाई समाधान गर्न मनोसामाजिक विमर्श सेवा प्रदान गर्ने ।

**मानवीय सहयोग सम्बन्धी न्युनतम मापदण्ड : स्फेयर मापदण्ड**

प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी (Health Surveillance) शुरु गरिनेछ

- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिमारीहरूलाई सिफारिस गरी अन्य केन्द्रहरू (Referral Centres) मा पठाई आपत्कालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।
- सिफारिस गरी पठाइने अन्य केन्द्रहरू (Referral Centres) मा पुग्नका निमित्त विरामीहरुका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।

➢ आपत्‌कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन Minimun Initial Service Package (MISP) को सञ्चालन गर्न आवश्यक क्षमता अभिबृद्धि गरिनेछ ।

**४.७.२ नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला जनस्वास्थ्य कार्यालय/स्थानीय तहका स्वास्थ्य सेवाका ईकाइ**
**यस क्षेत्रका सदस्यहरुको सूची, क्षमता तथा श्रोत मापन**

| क.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध श्रोत तथा सेवाहरु | कार्यालय/सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | औषधी/स्वास्थ्यकर्मी | कार्यालय प्रमुख | ०८२-५६०००५ ,५६२०३९ ९८५११४९२७३ dho.dang@gmail.com |
| २ | राप्ती उपक्षेत्रीय अस्पताल | औषधी, स्वास्थ्य कर्मी | डा.जनार्दन पन्थी | ०८२-५६०११९ |
| ३ | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | जनचेतना, सम्पर्क, समन्वय र औषधी | तिर्थ सन्तोषी | ०८२-५६०२४० ९८४७८३१६९८ |
| ४ | राप्ती अञ्चल अस्पताल | औषधी/स्वास्थ्यकर्मी | कार्यालय प्रमुख | ०८२-५२००११ |
| ५ | स्थानीय तहमा रहेका स्वास्थ्य संस्था, एम्बुलेन्स सेवा र निजी अस्पतालहरुको सम्पर्क सूचि अनुसूचि २ मा राखिएको छ । | | | |
| ६ | ब्लड बैङ्क, घोराही | आवश्यक परेको खण्डमा रगत उपलब्ध | दिलिप न्यौपाने | ०८२-५६१४६० |
| ७ | आँखा अस्पताल, तुलसीपुर | औषधी र जनशक्ति | प्रमुख | ०८२-५२०१६५ |
| ८ | आयुर्वेदिक औषधालय बिजौरी | औषधी र जनशक्ति | प्रमुख | ०८२-५२११०५ |
| ९ | सिसा नेपाल | स्वयंसेवक, जनचेतना कार्यक्रम र औषधी | साजिदा सिद्धिकी | ०८२ ५६१५७४ |
| १० | युनिसेफ | औषधी र प्राविधिक सहयोग | राजेश सारु मगर | ९८४७८२१२९७ |
| ११ | नेपाल पत्रकार महासंघ दाङ | सूचना प्रवाह | सविन प्रियासन | ९८५७८३०३४३ |
| १२ | यु.एन.एफ.पि.ए. क्षेत्रीय कार्यालय | आपत्‌कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवा | कार्यालय प्रमुख | ०८२-५६२०११ |
| १३ | नेपाल रेडक्रस सोसाइटी | तथ्यांक संकलन तथा प्राथमिक उपचार | कार्यालय नम्बर प्रकाश श्रीबन्द | ०८२-५२००२२, ९८४७८२२४८९ |
| १४ | सुआहारा दोश्रो कार्यक्रम | पोषण, जनशक्ति,जनचेतना अभिबृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री ६५ केजी | सुरज शर्मा | ०८२-५६३७४८ ९८५११४९१७३ |

**४.७.३. यस क्षेत्रको नेतृत्व गर्ने निकाय : जिल्ला जनस्वास्थ्य कार्यालय/स्थानीय तहमा रहेको स्वास्थ्य सेवा ईकाइ**
**आपत्‌कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि : (बिपद्‌भन्दा पहिले)**

| पूर्व-तयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था :<br>जिल्लाका क्षेत्रगत (Cluster) साझेदारहरूका बीचमा सम्झौता गर्ने<br>क. समन्वय बैठक (आपत्‌कालीन परिस्थितिभन्दा पहिले, परिस्थितिको अवधिमा र त्यसपछि बैठक गर्ने ।<br>ख. पूर्वतयारी तथा सहयोग सम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क निकायहरूको पहिचान ।<br>ग. लागू गर्न सकिने साझेदार सम्बन्धी व्यवस्थाको विकास । | स्थानीय तह, स्वास्थ्य सेवा ईकाइ, DPHO | जेष्ठ मसान्त |

| | | |
|---|---|---|
| आधार रेखा जानकारी तथा तथ्याङ्क सङ्कलन गर्ने :<br>क. बाढी जानसक्ने गापा वा सम्बन्धित क्षेत्रगत पहिचान<br>ख. जिल्लाका स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूसँगको स्रोतको नक्साङ्कन | स्थानीय तह, स्वास्थ्य सेवा ईकाइ, DPHO | जेष्ठ मसान्त |
| क्षमता विकास : महामारी निगरानी, नवजात शिशुलाई विपद्को बेलामा खुवाउने पौष्टिक आहार | स्थानीय तह, स्वास्थ्य सेवा ईकाइ | जेष्ठ मसान्त |
| उद्धार सामाग्री पहिले नै भण्डारण गरी राख्ने<br>➢ सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको संख्याका आधारमा आवश्यक स्वास्थ्य सामाग्रीको न्युनतम मौजदात ।<br>➢ विभिन्न सङ्गठनहरूसँग उपलब्ध मौजदातको नक्साङ्कन गर्ने ।<br>➢ अपुग सामाग्री (Gaps) को पहिचान गर्ने ।<br>➢ पुस्तिका, पोस्टर र सूचना, शिक्षा । | स्थानीय तह, स्वास्थ्य सेवा ईकाइ, DPHO | जेष्ठ मसान्त |
| ➢ पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक | स्थानीय तह, स्वास्थ्य सेवा ईकाइ, DPHO | ३ महिनामा एक पटक |

**४.७.४ आपत्कालीन सहयोग सम्बन्धी गतिविधि : आपत्कालीन परिस्थितिको अवधिमा**

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि बिपद् अवधिमा सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग आपत्कालीन बैठक बस्ने ।<br>जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) मा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने ।<br>DDRT र CBERT लाई परिचालन गर्ने साथै आवश्यक प्राथमिक उपचारका औषधी उपकरण र एम्बुलेन्स लिई घटनास्थलमा पुगि सेवा उपलब्ध गराउने | PHO/Redcross /UNFPA/INF/All Cluster members | क) बिपद् शुरू भएपछि २४ घण्टाभित्र<br>(ख) पहिलो सात दिनसम्म एकदिन बिराएर<br>(ग) दोस्रो हप्तापछि हप्तामा एकपटक |
| परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने :<br>क. पहिलो प्रतिवेदन ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमबाट स्वास्थ्य सूचना प्रशारण गर्ने ।<br>घ) जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रसँग समन्वय गर्ने । | DPHO/UNFPA/ WHO/UNICEF All partners | ४८-७२ घण्टाभित्र पहिलो प्रतिवेदन र पहिलो सात दिनमा हरेक २४ घण्टामा र दोस्रो हप्तादेखि एक दिन बिराएर |
| प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखा (Base Line) का तथ्याङ्कको समीक्षा गर्ने :<br>क. IRA गर्ने ।<br>ख. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित गापासँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने ।<br>ग.प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>घ. जिल्लामा उपलब्ध उद्दार सेवा/क्षमता/उद्दार सामग्रीको समीक्षा गर्ने । | DPHO and all partners | पहिलो दिनदेखि नै लगातार रुपमा (७२ घण्टाभित्र)<br><br>नियमित रुपमा |
| क. तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकता क्रम निर्धारण गर्ने ।<br>ख. उपयुक्त कामका लागि सम्बन्धित क्षेत्र (Cluster) लाई सल्लाह दिने ।<br>ग. प्रभावित स्थानमा अत्यावश्यक औषधीको आपूर्ति व्यवस्था गर्ने । | DPHO/UNFPA/ UNICEF/WHO/Red Cross and all partners. | ३-४ दिनभित्र एक हप्ताभित्र शिविर कहाँ राख्ने भन्ने बारे ठाउँको पहिचान र |

| | | |
|---|---|---|
| घ. प्रभावित स्थानमा अस्थाइ स्वास्थ्य शिविर खडा गरी स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>ङ. Minimum Initial Service Package (MISP) लाई कार्यान्वयनमा ल्याउने । (*MISP को विवरण तल उल्लेख गरिएको छ ।)<br>च. आपत्कालीन प्रजनन् सामग्री वितरण (Emergency RH kit).<br>छ. मनोविमर्श सेवा तथा मनोसामाजिक प्राथमिक उपचार (Psychocial First Aid-PFA) सेवा प्रदान गर्ने ।<br>ज. सम्भावित महामारी रोगको रोकथाम र नियन्त्रण गर्ने ।<br>झ. प्रसुति सेवाको लागि टेन्ट सहित Maternity Unit स्थापना गरि सेवा सञ्चालन गर्ने ।<br>ञ. स्वास्थ्य शिक्षा सम्बन्धी सूचना प्रवाह गर्ने तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने । | | दर्ता गर्ने कार्य । ० (शुन्य) घण्टादेखि नै प्राथमिकतासहित तुरुन्तै शुरू गर्नुपर्दछ ।<br><br>निरन्तर |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने । | DPHO, UNICEF/WHO | ७ दिनभित्र |
| मानवीय सहयोगका लागि (यदि छन् भने) प्रयोगमा ल्याउन सकिने भनी तयारी अवस्थामा राखिएका सम्झौताहरूलाई सक्रीय पार्ने । | | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका निमित्त टोली खटाउने । | | एक हप्ता – निरन्तर जारी |
| **सहयोग सम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिन** | | |
| क्षेत्रगत समन्वय बैठक<br>(**स्वास्थ्य तथा पोषण**) | DPHO, UNICEF WHO | हप्तामा एक पटक |
| आवश्यकताको विस्तृत लेखाजोखा (CSDA) सञ्चालन गर्ने (**स्वास्थ्य तथा पोषण**) | DPHO, UNICEF WHO | १५-४५ दिन |
| स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण (**स्वास्थ्य तथा पोषण**) | DPHO, UNICEF WHO | ३-४ हप्ता |
| अन्तरिम अवधिका लागि मानवीय सहयोग सम्बन्धी गतिविधिहरू | | २-३ हप्ताभित्र |
| परिस्थिति सम्बन्धी सङ्कलित र निर्मित प्रतिवेदनलाई अद्यावधिक पार्ने | | हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन | | निरन्तर जारी |
| **सहयोग सम्बन्धी गतिविधि – थप अवधि (९० दिनभन्दा बढी) का लागि** | | |
| अनुगमन | जिस्वाका, स्थानीय स्वास्थ्य ईकाइहरु | ३ महिनादेखि १ बर्षसम्म |

**विपद् प्रभावित जनसंख्याको प्रजनन् स्वास्थ्य आवश्यकता अनुमानका लागि अन्तर्राष्ट्रिय मापदण्ड (Standard Population)**

विपद् प्रभावित समुदायको प्रजनन् स्वास्थ्य सेवाका लागि आवश्यक औषधी, सामग्री र स्वास्थ्यकर्मीहरु देहायको मापदण्डका आधारमा अनुमान गर्न सकिन्छ । अन्तर निकाय प्रजनन् स्वास्थ्य सामग्रीहरु पनि सोही आधारमा तयार गरिएका छन् ।

| जनसंख्याको समूह | जनसंख्याको आधार (प्रतिशतमा ) |
|---|---|
| वयस्क पुरुषहरु | २०% |
| प्रजनन् उमेर समूहका महिलाहरु (१५ देखि ४९ वर्ष ) | २५% |
| कोरा जन्म दर | ४% |
| जटिल गर्भपतन र गर्भावस्था | २०% |
| योनी च्यातिने र बच्चा जन्मदा टाँका लगाउन जरुरी | १५% |

| | |
|---|---|
| वच्चा जन्मँदा गरिने शल्यक्रिया (सिजरिनन् अप्रेशन) | ५% |
| बलात्कृत हुनसक्ने प्रजनन् उमेरका महिलाहरु | २% |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन् उमेरका महिलाहरु | १५% |
| ➢ पिल्स (खाने चक्की) | ३०% |
| ➢ सुई | ६५% |
| ➢ आइ.यू.सि.डी. | ५% |

**४.२.८ बिषयगत क्षेत्र : - राहत तथा पुन निर्माण**

**४.८.१ यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads)** : **जिल्ला समन्वय समिति/स्थानीय तह सबै क्षेत्रगत सदस्यहरुको सूचि, क्षमता तथा श्रोत आँकलन :**

| क्र सं. | क्षेत्रगत साझेदारको नाम | उपलब्ध स्रोत | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति दाङ | स्थानीय तहसगको समन्वयमा राहत जुटाउने | जिसस प्रमुख स्था.स.अ. | ०८२५६०१४४, ९८५७८३०७३६ ९८५७८३०५९६, ९८५७८८८२२२ |
| २ | घोराही उमनपा | राहत, पुनस्थापना, पुननिर्माण | मेयर नरुलाल चौधरी, सूचना अधिकृत प्रेम के.सी. | ०८२५६०१६२, ९८५७८३१११११ ९८४७८२५८२४ |
| ३ | तुलसीपुर उमनपा | राहत, पुनस्थापना, पुननिर्माण | मेयर घनश्याम पाण्डे सुचना अधिकारी झरेन्द्र खरेल | ९८५७८२३८८५ ९८५७८२२३७७ |
| ४ | लमही नगरपालिका | | मेयर कुल वहादुर के.सी. | ९८५७८४२५५५ |
| ५ | राजपुर गापा | | अध्यक्ष लोकराज के.सी. | ९८५७८३२०५६ |
| ६ | गढवा गापा | | अध्यक्ष शहजराम अहिरयादव | ९८४७८०५८९६ |
| ७ | राप्ती गापा | | अध्यक्ष नुमानन्द सुबेदी | ९८५७८३२३८९ |
| ८ | बंगलाचुली गापा | | अध्यक्ष भक्तबहादुर ओली | ९८५७८३५२०९ |
| ९ | दङ्गीशरण गापा | | अध्यक्ष भागीराम चौधरी | ९८५७८३१५६४ |
| १० | शान्तिनगर गापा | | अध्यक्ष कमानसिंह डाँगी | ९८०९८६६६६१ |
| ११ | बबई गापा | | अध्यक्ष भुवनेश्वर पौडेल | ९८१०९४०९२२/९८४७८१४६५० |
| १२ | सडक डिभिजन कार्यालय घोराही | लोडर, डोजर २/२ वटा रहेको | डि.इ. बद्रि प्रसाद शर्मा | ०८२-५६०२०३, ९८५७८३४६२३ |
| १३ | जिल्ला सिंचाई कार्यालय | बिपद् पश्चात् सिंचाइ संरचना पुननिर्माण र बोरा भर्ने सम्बन्धी प्रविधिक सल्लाह । | डि.ई. केदार कुमार श्रेष्ठ | ०८२-५२००८८ ९८४७९३५६३३ |
| १४ | भु-संरक्षण कार्यालय | केही तारजाली, कटान क्षेत्रमा सहयोग गर्ने | शरद बाबु पंगेनी | ०८२-५२००६१ ९८४१४८४९८७ |
| १५ | सामुदायिक वन वन महासंघ | १५ लाख कोष । काठ सहयोग । प्रत्येक सावको भवनमा अस्थायी आवास वनाउन सकिने | अध्यक्ष शोभाकर सापकोटा | ०८२-५६२०९७, ९८५७८२००६४ fecofaundang@gmail.com |
| १६ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | बोरा दिन सकिने | प्रमुख शिबनन्दन प्रसाद शाह | ०८२५४०१८० ९८४१४८४९८७ |

| | | | | |
|---|---|---|---|---|
| | लमही | | | |
| १७ | INF | खाद्य र गैरखाद्य सामग्री सहयोग १०० परीवारलाई | फिल्ड सुपरभाईजर शिलु गुरुङ्ग | ०८२५६००१७, ९८४८०५८९४४ Cbr.supervisor@dang.nepal.inf.org |
| १८ | शबिभडिका घोराही | सरकारी भवन क्षेति भएमा पुननिर्माण | डि.ई.राजेन्द्र पाण्डेय | ०८२५६००२७, ९८५७८३१८११ |
| १९ | दाङ उबासंघ | राहत, खाद्य तथा गैरखाद्य सामग्री, तयारी खाना | नारायण भुषाल | ९८५७८६००६३ |
| २० | बेस | राहत सामग्री | रुपलाल चौधरी | ९८५७८२०२४३ |

**४.८.२ आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि : (बिपद्‌भन्दा पहिले)**

